CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमार बहादुर जोशी

सञ्चयन

साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सञ्चयन

[चिन्तनप्रधान बाह्र निबन्धहरू]

कुमारबहादुर जोशी, एम० ए०

नै. ११८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक : साझा प्रकाशन काठमाडौं ।
प्रथम संस्करण २०२५
द्वितीय संस्करण २०२९
तृतीय संस्करण २०३५
चतुर्थ संस्करण २०३९
साझा प्रकाशनबाट तेस्रो पटक २०३९
छापिएको संख्या ११००
मूल्य : ६।२५
मुद्रक : लुप प्रेस बानेश्वर काठमाडौं ।

दर्ता नं. १२१८३
१२१८३ दर्ता नं.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...लाई आफ्नो
...ले तिर...
...हिले...ग्र मजबूत
...ाशाको उस
...न आशाको
...वश्यंभावी
... स्वाभा-

पिता 'प्रेम' लाई !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणले पनि मलाई श्रीकुमार जोशीजीका निबन्धहरूको
गी लाग्यो । यस्तो विषयलाई प्रस्तुत गर्ने जुन चमत्कारी
लाई उहाँले लिनुभएको छ त्यसले गर्दा यो 'संचयन' उत्तम
हाँका यी गुणको अरू संख्यामा पनि वृद्धि हुँदै गएर हाम्रो
नी होला भन्ने म आशावादी छु ।

— बालकृष्ण सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो
ाले तिर
हिले ...्र मजबूत
...ाशाको उस
...न आशाको
...वश्यंभावी
... स्वाभा-

दोस्रो संस्करणमा मेरो ...

आफ्नो राष्ट्रको सर्वोच्च प्रकाशन–संस्था 'साझा प्रकाशन'ले मेरो यो 'संचयन' को दोस्रो संस्करण प्रस्तुत गरिरहेछ । यसमा मलाई आफ्नो पहिलो सन्तानको प्रथम संस्कार सिद्धिएपछिको दोस्रो संस्कार हुँदाखेरि जत्तिको खुशी लाग्नु स्वाभाविक हो ।

यहाँनिर, मैले उपहारस्वरूप पठाइदिएको 'संचयन' प्राप्त गर्नुभएपछि बनारस हिन्दू युनिभर्सिटीका नेपाली विभागका प्रोफेसर श्रीडिल्लीराम तिम्सिनाज्यूले बनारसबाट मलाई लेखी पठाउनुभएको २२–७–६८को पत्रमा उल्लिखित केही पंक्ति उद्धृत गर्न चाहन्छु । ती पंक्तिहरू यस्ता थिए–

'प्रिय जोशीज्यू,

सम्झना गरी पठाउनुभएको 'संचयन' शीर्षक पुस्तक प्राप्त भयो, धन्यवाद !

निबन्धहरूमा नवीनता थपिएझैं लाग्यो । निबन्धको फाँटमा नेपाली साहित्यमा यस्ता रचनाको खाँचो वा अभाव थियो । यो क्रम उत्तरोत्तर परिपक्व हुँदै जानेछ भन्ने आशा गरिन्छ ।' इत्यादि ...

हुन त तिम्सिनाज्यूसँग मेरो व्यक्तिगत चिनाजानी कत्ति पनि थिएन र अझै छैन पनि । सम्भवतः हामी दुईको जम्काभेट कहीं भयो भने म उहाँलाई चिन्दिनँ र उहाँ मलाई चिन्नुहुन्न । यसो भए तापनि खास गरी मैले उहाँलाई 'हाम्रो साहित्य र साहित्यकार' का लेखकका रूपमा चिनेको थिएँ र नै त्यसरी पुस्तक उपहार पठाएको थिएँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कारणले पनि मलाई श्रीकुमार जोशीजीका निबन्धहरूको
गो लाग्यो । यस्तो विषयलाई प्रस्तुत गर्ने जुन चमत्कारी
लाई उहाँले लिनुभएको छ त्यसले गर्दा यो 'संचयन' उत्तम
हाँका यी गुणको अरू संख्यामा पनि वृद्धि हुँदै गएर हाम्रो
नी होला भन्ने म आशावादी छु ।

– बालकृष्ण सम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो
ाले तिर
हिले प्र मजबूत
ाशाको उस
न आशाको
वश्यंभावी
र स्वाभा-

दोस्रो संस्करणमा मेरो

आफ्नो राष्ट्रको सर्वोच्च प्रकाशन–संस्था 'साझा प्रकाशन'ले मेरो थ 'संचयन' को दोस्रो संस्करण प्रस्तुत गरिरहेछ। यसमा मलाई आफ्नो पहिलो सन्तानको प्रथम संस्कार सिद्धिएपछिको दोस्रो संस्कार हुँदाखेरि जत्तिको खुशी लाग्नु स्वाभाविकै हो।

यहाँनिर, मैले उपहारस्वरूप पठाइदिएको 'संचयन' प्राप्त गर्नुभएपछि बनारस हिन्दू युनिभर्सिटीका नेपाली विभागका प्रोफेसर श्रीडिल्लीराम तिम्सिनाज्यूले बनारसबाट मलाई लेखी पठाउनुभएको २२–७–६८को पत्रमा उल्लिखित केही पंक्ति उद्धृत गर्न चाहन्छु। ती पंक्तिहरू यस्ता थिए–

'प्रिय जोशीज्यू,

सम्झना गरी पठाउनुभएको 'संचयन' शीर्षक पुस्तक प्राप्त भयो, धन्यवाद !

निबन्धहरूमा नवीनता थपिएझैं लाग्यो। निबन्धको फाँटमा नेपाली साहित्यमा यस्ता रचनाको खाँचो वा अभाव थियो। यो क्रम उत्तरोत्तर परिपक्व हुँदै जानेछ भन्ने आशा गरिन्छ।' इत्यादि ...

हुन त तिम्सिनाज्यूसँग मेरो व्यक्तिगत चिनाजानी कत्ति पनि थिएन र अझै छैन पनि। सम्भवतः हामी दुईको जम्काभेट कहीं भयो भने म उहाँलाई चिन्दिनँ र उहाँ मलाई चिन्नुहुन्न। यसो भए तापनि खास गरी मैले उहाँलाई 'हाम्रो साहित्य र साहित्यकार' का लेखकका रूपमा चिनेको थिएँ र नै त्यसरी पुस्तक उपहार पठाएको थिएँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समयपछि मैले तिम्सिनाज्यूको अर्को पत्र पाएँ । उहाँले पठाउनुभएको सन् १९७० डिसेम्बर २३ तारीखको यो भएको थियो–
विश्वविद्यालयका (Optional Nepali) पाठ्यक्रम... bad Board को I.A. को पाठचक्रममा निर्धारित

प्रथम प्रकाशित पुस्तकबारेको यस्तो शुभ–सूचनाले म कति हुँला, त्यो मलाई नै थाहा हुने कुरा भयो । यस प्रकारले ...ा असीम हार्दिक धन्यवादका पात्र बन्नुभएको छ प्रोफेसर श्री डिल्लीराम तिम्सिनाज्यू । यस्तै सूचना तथा हितकारी सरसल्लाह दिई मलाई स्नेहपूर्ण सहयोग गर्नुहुने विद्वद्द्वय सर्वश्री वारणसेय संस्कृत विश्वविद्यालयका प्रोफेसर तथा नेपाली संस्कृत महाविद्यालय, वारणसीका प्रिन्सिपल डा० गोविन्द कविराजज्यू र वाल्मीकि संस्कृत महाविद्यालय, काठमाडौंका प्राध्यापक शेषराज रेग्मीज्यूप्रति पनि प्रस्तुत सन्दर्भमा म हार्दिक आभार अभिव्यक्त नगरी रहन सक्तिनँ ।

अर्को कुरा, मैले यो दोस्रो संस्करणमा पहिले प्रूफ–हेराइ वा छपाइमा तलमाथि पर्न गएका शब्दहरूलाई हेरफेर वा शुद्ध्याउने कामसिवाय अरू कुनै ठूलो परिवर्तन गरेको छैन । हो, 'आफ्नो परिचय आफ्नै कलम' मा चाहिं अलिक परिवर्तन र परिवर्द्धन गर्ने धृष्टता भने अवश्यै गरेको छु ।

अरू विशेष, यसलाई यसरी दोस्रो संस्करणमा टुप्लुक्याउनमा श्रम तथा सहयोग गर्ने 'साझा प्रकाशन' का पदाधिकार-कर्मचारी लगायत सम्बन्धित सबै मेरा हितैषी सहयोगी लेखक–पाठक बन्धुहरूप्रति विनम्रता पूर्वक हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । बस्, यो दोस्रो संस्करणमा मेरो भन्नु यति नै छ ।

नागपञ्चमी, २०२९ श्रावण
विशालनगर, काठमाडौं ।

– कुमारबहादुर जोशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...ाई आफ्नो
...ले तिर
...हेरे ...र मजबूत
...र ...शाको उस
...दा ... ...न आशाको
... ...वश्यंभावी
... ...र स्वाभा-
...

प्रेम

प्रेम मेरा पिताको नाम हो, किनभने यस जगत्मा मेरो जन्म प्रेमबाटै भएको छ। जन्मेपछि संसार सूनसान मसान जस्तो लागेर हो वा कोला-हलपूर्ण रणसंग्रामको घोरघमासान जस्तो लागेर हो म डरले कराएँ–रोएँ। अनि त्यसवेला मलाई काख लिई आश्रय दिई दूध पियाउने को होला भन्ने लागेको थियो। आखिर त्यो रहेछ प्रेम !

मानिसको मन सदा–सर्वदा माथि–माथि जान खोज्दो रहेछ। म पनि एकपल्ट मात्र हैन, सयौंपल्ट भैसक्यो एकबाजि माथि जाउँ न त भनी उफ्रन खोज्छु। तर पृथ्वीको प्रमले फेरि तानिहाल्ने ! केही सीप लागेन र अहिलेसम्म पनि बसेको बस्यै छु, कहीं कतै जान सकेको हैन। अब त बस्ता उठ्दा उनकै समेत माया–मोह लाग्न थालिसक्यो। अब त यस्तो प्रेम गर्ने-लाई त्यागी कतै नजाउँ, जान पनि नपरोस्, सधैं साथै रहन पाइयोस् जस्तो लागिसक्यो। यसरी प्रेमबाट मोह र ममता विउँझेर आउने रहेछ।

यही प्रेमले राजमहलका सम्पूर्ण सुख–सयंल सदाको लागि त्यागेर हिड्ने निधो गरी हिंड्न ठीक परेका भावी बुद्ध सिद्धार्थलाई त्यो आधारात-को रखवाला दीपकको सामुन्ने सुतेकी आफ्नी प्रियतमा र पुत्रको सुकुमार मुहारतिर एकपल्ट फर्केर अन्तिम अवलोकन गर्न लगाएथ्यो रे ! यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...रवार, राज्य, राज्यासन, भाइ, भारदार, सारा प्रतिको ...लें भनेर परदेश लागेका सिद्धार्थलाई आखिरमा आई ...ई सिकाई छोड्यो। प्रेम, तैंले त्यस्ता बुद्धलाई समेत ...हिर जान दिन्नस् भने संसारका अरू साधारण प्राणीलाई ...न्न किन दिन्थिस् र !

... भन्लान्–रत्नाकर जस्ता डरलाग्दा ज्यानमारा डाँकूहरू प्रेमको बन्धनमा छैनन् । तर हैन, उनीहरूलाई त्यस्तो भयङ्कर काम गर्न लगाएकै यही प्रेमले हो । नपत्याए एक पल्ट उनीहरूको घर गै हेर्नुहोस् त, उनका जहान, छोरा-छोरीहरू उनीहरूको प्रेम पाएरै बाँचिरहेका हुन्छन् ।

भीमसेन थापाले जेलमा आफूलाई शुद्ध प्रेम गरेनन्, आत्महत्या गरे भने संसारको उनले के प्रेम गर्थे ? त्यस्ता व्यक्ति त अवश्यै प्रेमको बन्धन बाहिर रहेछन् भन्ने पनि शंका नगर्नुहोला । किन भने भीमसेन थापा र उनी जस्ता जसकसले पनि आफ्नो अमर इज्जतप्रति प्रेम राख्ता मर्ने ज्यानप्रतिको मान रहेन, त्यति मात्रै हो । उनीहरू प्रेमको बन्धन बाहिर होइन, किन्तु प्रेमको गहिराई भित्रका हुन् ।

राजा अशोकले पहिले आफ्नो राज्यप्रति प्रेम राखी भीषण युद्ध मच्चाए । पछि उनको त्यो प्रेम मानवीयतामा परिणत भयो । उनी बुद्धका शिष्य बनेर विश्व-प्रेमतर्फ लम्के ।

धर्मप्रति प्रेम राख्ने युधिष्ठर धर्मात्मा बने, सत्यप्रति प्रेम राख्ने हरिश्चन्द्र बने, ज्ञानप्रति प्रेम राख्ने राजा जनक ज्ञानी बने, अहिंसाको महात्म्यप्रति प्रेम राख्ने गाँधी महात्मा बने, कविताप्रति प्रेम गर्ने रवीन्द्र कवीन्द्र बने, त्यस्तै अब लेखप्रति प्रेम गर्ने लेखक बन्छन्, शक्तिप्रति प्रेम गर्ने शक्तिशाली बन्छन्, भक्तिप्रति प्रेम गर्ने भक्त बन्छन्, नीति र नेतृत्वप्रति प्रेम गर्ने नैतिक नेता बन्छन् । धनप्रति प्रेम गर्ने धनवान रविद्याप्रति प्रेम गर्ने विद्यावान बन्दछन् । त्यसैले तपाईं प्रेम गर्दा प्रेम खूब नापी, तौली, जोखी मात्र गर्नुहोस्, किनभने यसले तपाईंलाई जे-जस्तो पनि बनाइदिन सक्तछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो

सपना र जपना, कल्पना र तड्पना, प्यास र अ... ाँले तिर
स्नेह र सौहार्द्र, इत्यादि सम्पूर्ण प्रेममै पलाउने पालु ... हिले ... मजबूत बीउमा पहिले केही देखिदैन, तर समय पाएर ब... ... ाशाको उस विशाल विस्तृत वृक्ष एवं नानाथरिका हांगाविगा फूल ... न आशाको थाल्दछन्, ठीक उस्तै प्रेम पनि अन्तर्मनका समस्त भाव... वश्यंभावी सक्ने एक बीउ हो, जसमा मौका मिलेमा श्रद्धा, भक्ति, भा... स्वाभावन्दना, सम्झना करुणा, वेदना, अर्चना, इत्यादि अनगिन्ती हार्दिक भाव... देखा पर्न थाल्दछन् ।

विरह, व्यथा, आकुलता, व्याकुलता, विकलता, विह्वलता, संकल्प विकल्प, आलाप, विलाप, संलाप, उत्सुकता, इच्छुकता, सरलता, सुन्दरता, मधुरता, इत्यादि सबै प्रेमकै लक्षण तथा अङ्गप्रत्यङ्गहरू हुन् । राजा दुष्यन्तको सम्झनामा संलग्न शकुन्तलाको मन आफ्नो फर्म संकल्प-विकल्पमा या प्रियतमको वियोगजन्य विरह व्यथामा तल्लीन भएको हुँदा उनले आफू बसेकै कुटीमा आएका दुर्वासा ऋषिलाई नै न देखिन्, न त उनको श्राप नै सुनिन् । त्यसवेला शकुन्तला योग वा प्रेमको समाधिमा थिइन् । किनभने त्यसवेला उनले आफ्नो समस्त चित्तवृत्तिलाई अरू विषय वस्तुबाट रोकी प्रेमकै एकतामा मिलाएकी थिइन् । यसरी प्रेममा समाधिसमेत हुँदोरहेछ भने अरू के हुन्छ के हुंदैन केही भन्न सकिंदैन । त्यस्तै सम्झनोस्, पागलपन पनि प्रेमकै परिचायक हुन सक्तछ ।

आफूभन्दा मान्य जनप्रतिको प्रेमलाई हामी श्रद्धा भक्ति इत्यादि संज्ञा दिन्छौं त आफूभन्दा साना भाइबहिनीप्रतिको प्रेमलाई स्नेह, वात्सल्य आदि भन्दछौं । आफू सरहका साथीहरूप्रतिको प्रेमलाई मित्रता, मेल-मिलाप आदि भन्दछौं तर साधारण बोलिमा यसलाई माया, मोह र ममता इत्यादि भन्दछौं आखिरमा यी सबै प्रेमकै अवस्था विशेषका नाम हुन् ।

वास्तवमा संसारका जुनसुकै किसिमका प्राणीलाई पनि कुनै विषयप्रतिको केही बोध भएपछि त्यस विषयमा या त उसको राग हुन्छ या त द्वेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...बाट प्रेम पैदा हुन्छ र त्यस वस्तुको प्राप्तिको खातिर ...छ । अनि त्यस विषयमा उसको द्वेष छ भने त्यसबाट ...न्न हुन्छ र उ त्यसमा लाग्दैन, त्यसलाई उसले त्यागि- ...के थाहा हुन्छ भने प्रेम राग पक्षको एक आन्तरिक भाव ...त्ति पनि गराउंछ। यसरी प्रेम आन्तरिक भाव भएको हुँदा ...तरिक इन्द्रियद्वारा नै जान्न सकिन्छ, बाहिरी इन्द्रियहरूद्वारा ...लाई देख्न, छुन, सुँघ्न इत्यादि केही गर्न सकिन्न ।

साँच्चै भनौं भने प्रेमले प्राण लिन्छ र प्राण दिन्छ पनि । सम्झनोस् एकतिरबाट कसैले केही लिन्छ भने त्यो अर्कोतिर लगी कसैलाई उसले दिन्छ दिन्छ। किनभने लिनु दिनलाई हो र दिनु लिनलाई हो । पतिव्रता सतीदेवीको प्राण उनकै पतिप्रतिको प्रेमले लियो र उनि यज्ञकुण्डमा हाम्फालिन् । अनि उनको यही पति-प्रेमले उनलाई पुनः प्राण दियो, उनी फेरि पतिव्रता पार्वती भै जन्मिन् । यति मात्र हैन, हामी सारालाई आजसम्म पालिराखेको पनि प्रेमले नै हो। अब भन्नुहोस् त यसरी सृष्टि, स्थिति र संहार गर्न सक्ने प्रेम ब्रह्मा, विष्णु र महेश्वरको एक संयुक्त स्वरूप होइन र !

प्रेम कसमा छैन ! उ त्यो टुकुचाको पुलमुन्तिर मिल्काइएको नवजात शिशु जसको कवि, कलाकार, लेखक, वैज्ञानिक एवं राष्ट्रको कर्णधार पनि बन्न सक्ने भाग्य रेखा केर-मेट गरी मेटियो, त्यस्ताको निर्दयी जननीमा पनि कुनै न कुनै रूपमा यो रहेकै हुन्छ । साँच्चि नै हो, यस संसारमा निर्दयीको लागि कुनै काम पनि असाध्य हुंदो रहेनछ । संझनोस्– त्यस्ती जननीले आफ्नो जीवनले जीवनप्रति प्रेम राखिन, जीवन-ज्योतिप्रति होइन।

प्रायशः प्रेमको प्रारम्भ पहिले आँखाबाट हुन्छ । किनभने संसारको सौन्दर्यका साथ आँखाको अत्यधिक घनिष्टता छ । साथै सौन्दर्य आँखाको लागि र आँखा सौन्दर्यकै लागि पनि हो । यसको अतिरिक्त कसैको गुण– गौरव, कला-कौशल, शूरता, वीरता, धीरता, निपुणता आदि सुन्ने कानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...लाई आफ्नो
तर्फबाट पनि प्रेम पैदा हुन सक्तछ । यसैले प्रेमको प्र...ाले ति...
आँखा र कानको पहिलो हात रहन्छ र अरू इन्द्रि... हेर... प्र मजबूत
सहायकको रूपमा आउँछन् । ...र... ाशाको उस ...दा ...
कुनै प्रेम क्षणिक हुन्छ । यस्तो प्रेम आफ्नो क्ष... ...न आशाको पनि सकिन्छ । कुनै प्रेम सामयिक हुन्छ । यो कुनै स... ...वश्यंभावी वर्षाको बाढी जस्तै वर्षात्सम्मन् रहन्छ । अनि हिउँद ल... ...र स्वाभाविलाए जस्तै त्यस्तो सामयिक प्रेम पनि आफ्नो समय सकिएपछि सकिन्छ । कुनै प्रेमचाहिं जीवनदायी र जीवनस्थायी हुन्छ । योचाहिं यी सबैमध्ये उत्तम र आदर्श खालको हो र यो प्रेमी-प्रेमिकाको जीवनभर पारस्परिक जीवन जगाई स्वयं समेत जागा रहन्छ । यसलाई जीवन-दीप सम्झनोस्, यो जीवनभर कसै पनि निभ्दैन ।

प्रेम अनेक किसिमका हुन्छन्-तनको प्रेम, मनको प्रेम, धनको प्रेम, जनको प्रेम, एवं बुद्धि-प्रेम, सिद्धि-प्रेम, ऋद्धि-प्रेम, वृद्धि-प्रेम इत्यादि । अवस्था-भेदले पनि प्रेमको भेद हुन सक्तछ । जस्तो-बाल्यप्रेम बालककालमै रहन्छ, यौवनप्रेम युवावस्थामै मात्र र वार्द्धक्य-प्रेम वृद्धावस्थामै मात्र रहन्छ ।

संसार प्रसिद्ध साहित्यकार शेक्सपियरको शब्दमा 'सत्य-प्रेम' मा यस तवरले परिमार्जित बन्न खोजेको छ—'प्रेम' एक निश्चित रेखा हो जो कहिल्यै मेटिन्न । प्रेम अनन्तको त्यो चहकिलो चहक हो जो अत्यन्तै सुदूर छ भन्ने मात्र ज्ञान हुन्छ । त्यो प्रेम हैन जो कुनै पनि परिवर्तनमा परिवर्तित बन्दछ ।'

नेपालका सुप्रसिद्ध साहित्यकार 'सम' ज्यूले आफ्नो 'प्रेमपिण्ड' मा प्रेममा यसरी राग पैदा गर्ने प्रयत्न गर्नुभएको देखिन्छ—प्रेममा नै ऊँच-नीचको भेदभाव हराउँछ, प्रेममा नै काम विलाउँछ, क्रोध भस्म हुन्छ, लोभ मर्छ, मोह विनाश हुन्छ, मद बन्द हुन्छ, मात्सर्य चूर्ण हुन्छ । प्रेम त त्यो हो जसले छुनासाथ अन्धकार जुनिलो हुन्छ, रात दिन हुन्छ, साँझ बिहान हुन्छ, नरक स्वर्ग हुन्छ, अपराध सत्कार्य हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनौं भने प्रेमको कुनै परिभाषै छैन। हुन सक्तछ ततत् रिभाषा। तर तात्त्विक, वास्तविक अर्थात् यथार्थ प्रेम मेय, अपरिभाषित सदा प्रकाशित, अनन्त अगाध, अपार, मुक्त स्थितिको हुन्छ। त्यस्ता सत्य सनातन स्थितिमा दृश्य भगवान् बुद्ध जस्तोको हुन्छ, महर्षि वाल्मीकि जस्ताको राजर्षि जनक जस्ताको हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई आफ्नो
ले तिर
हेर्ने र मजबूत
आशाको उस
न आशाको
वश्यंभावी
र स्वाभा-

कर्मवाद

सूर्य–किरण अन्तरिक्षबाट धरतीतललाई ताकेर तल ओर्लन्छ त दीपशिखा धरतीतलबाट गगनलाई चुम्बन गर्न माथि उक्लन्छ, हावा तेर्सो बहेर पृथ्वीको परिक्रमा गर्दछ त आकाश चारैतिर छरिएर चराचर सारा संसारलाई अंगालो हाल्छ । यसरी प्रकृतिको प्रत्येक कण केलाई हेर्‍यौं भने पनि ती मध्ये सबैका सबैले नै एउटा न एउटा काम गरी नै रहेका देखिन्छन् भने मानिस र उ जस्ता सजीव प्राणीहरूको त कुरै भएन उनीहरू त आफ्नो जुन-सुकै अवस्थामा पनि प्रत्येक पल कुनै न कुनै काममा संलग्न रहेकै हुन्छन् ।

संसारका जुनसुकै प्राणीहरूको परि तीन अवस्था हुन्छ– १. जाग्रत् [ब्युँझिरहेको], २, स्वप्न [सुतिरहेको] र सुषुप्ति [मस्त निदाइरहेको] ।

यी तीन किसिमका अवस्थामध्ये जुनसुकै अवस्था विशेषमा रहेको प्राणीले पनि कुनै न कुनै काम गरी नै रहेको हुन्छ । कोही भन्लान्–जाग्रत् र स्वप्नावस्थामा रहेको प्राणीले त खाने–पिउने, हाँस्ने रुने, विचार-विमर्श गर्ने, हिंड्ने-बस्ने, हेर्ने-सुत्ने इत्यादि कामहरू गर्दछन् तर मस्त निद्रामा परिरहेको प्राणीले के काम गर्दछ र ? किन भने मृत्युशय्यालाई प्राणीहरूको संघर्षमय जीवनको एक चरम विश्रामको सिंहासन हो र निद्रालाईचाहिं विश्रामको यस्तै किसिमको सिंहासन हो भनी भन्दछन्; आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ारमा त उक्त प्रश्न युक्ति–संगत जस्तै देखिन्छ तापनि ्यौं भने मस्त निद्रामा पनि प्रत्येक प्राणीले काम गरि-, मस्त निद्राबाट ब्यूँझेको व्यक्तिले आफू उठ्नेवित्तिकै स्वयं सम्झन्छ–अहा क्या आनन्दसँग सुतेछु, आदि... भिव्यञ्जनबाट के थाहा हुन्छ भने उसले मस्त निद्रामा गरिरहेको रहेछ। यदि उसले त्यहाँ आनन्दको अनुभव ुँझदाखेरि न उसले त्यो आनन्द सम्झनै सक्तछ न त कसैलाई ...हा ! क्या आनन्दसँग सुतेछु' भनी सुनाउनै सक्तछ। किनभने सम्झना र सम्झनाबाट गरिने कामहरूको आदिम मूलाधार अनुभव नै हुन्छ, अनुभवविना स्मरण वा सम्झना हुनै सक्तैन। यसरी प्रत्येक प्राणीले जाग्रत् र स्वप्ना-वस्थामा मात्र हैन, अपितु सुषुप्तिमा पनि आनन्दको अनुभव गर्ने जस्तो काम गरी नै रहेको हुन्छ। त्यसैले गीतामा भगवान् कृष्ण भन्नु हुन्छ–'न हि कश्चित् क्षणमपि जातु तिष्ठत्यकर्मकृत्।' अर्थात् कोही पनि एकछिन पनि कहिल्यै काम नगरी रहन सक्तैन।

मानिस लगायत संसारका प्रत्येक प्राणी आफ्नो इच्छा र आकांक्षाले आफ्नो पूर्तिको लागि हरदम सताइराखेको हुन्छ। अनि प्रत्येक प्राणी आफ्नो उही इच्छा र आकांक्षाको पूर्तिको खातिर सकी-नसकी, खाई-नखाई, काम गर्न थाल्दछ। यसैले इच्छा आकांक्षाहरू पनि प्रत्येक प्राणीलाई काम गर्न लगाउने एक किसिमका प्रेरक भावहरू हुन्। यही इच्छा र आकांक्षाको पूर्ति गर्दा-गर्दै प्राचीन पाषाणयुगे मानिस दिनानुदिन सभ्य र विकसित हुँदै आजको यस वैज्ञानिक युगमा आइपुगिसकेका छन्। यसको श्रेय मानवीय इच्छा र आकांक्षाको सन्दर्भमा उसको आन्तरिक र बाह्य दुवै प्रकारको क्रिया कलापलाई छ।

कुनै कुरा पाउने वा लिने इच्छा या आकांक्षा भयो भने पहिले मानिस आफ्नो अन्तर्मनमा त्यो वस्तु पाउन वा लिन यसो गरौं या नगरौं, फलानालाई यसो भनौं या नभनौं, इत्यादि तर्क-वितर्क, संकल्प-विकल्प गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाल्दछ। यसैलाई आन्तरिक क्रिया-कलाप भन्दछन् । ...लाई आफ्नो स्वरूप मानिसले आफ्नो अन्तर्मनमा लागेको कुरा बाह्य जग... ...हिले ... हात, खुट्टा, नाक, कान, आँखा आदि अंगद्वारा बाहिरी ... मजबूत रूपमा प्रस्तुत गर्न थाल्दछ । यो मानवीय बाह्य कर्म ... ...शाको उस जीवन यिनै आन्तरिक र बाह्य कर्म-कलापले परिपूर्ण छ । ...न आशाको

आन्तरिक काम मानवको अन्तर्मनमै हुने हुनाले यस... ...वश्यंभावी गरेर व्यक्तिविशेषलाई नै पर्दछ तापनि मानवीय बाह्य कर्म पनि ... स्वाभा- आधारमा हुने हुँदा आन्तरिक कामको असर बाहिरी जगत्मा प्रत्यक्षरूपले नभए पनि परम्परया त जरूरै पर्दछ । व्यक्तिविशेषको बाहिरी कार्य-कलाप-ले चाहिं खराब या असल असर तुरुन्त उसको निजी जीवनदेखि लिएर समाजको प्रत्येक अंग-प्रत्यंगमा पर्न जान्छ ।

यसरी साक्षात् या परंपरया सारा संसारलाई असर पार्न सक्ने हाम्रो आन्तरिक र बाह्य कार्य-कलाप अवश्यमेव पवित्र, पुनीत एवं लोककल्याण-कारी हुनुपर्दछ, नत्र त यसले संसारको सिर्जनाको विनाश गर्न कुनै बेर लाउँदैन । हाम्रो कार्य-कलाप उक्त किसिमको बनाउनको लागि यसको आदिम मूलस्रोत आफ्नो इच्छा र आकांक्षा तदनुरूपको हुनुपर्दछ भन्ने कुरा स्वयंसिद्ध छ । यसप्रकार आखिरमा आई के कुरा सिद्ध हुन सक्तछ भने कुनै पनि व्यक्तिले असल या खराब काम गर्नमा उसको आफ्नो इच्छा र आकांक्षा मा उत्तर दायित्व रहेको हुन्छ । अस्तु...

यस मर्त्यलोकको कल्पवृक्ष नै हाम्रो कार्य-कलाप हो । यसैबाट संसारको प्रत्येक प्राणीले चाहेको फल पाउन सक्तछ । यतिमात्र हैन, कार्य-कलापले नै मानिसलाई महान् भन्दा महान् बनाउँछ । राम, कृष्ण, बुद्ध, गाँधी कवीन्द्र रवीन्द्र, ईशा, महम्मद आदि संसारका उज्ज्वल आलोकहरूको अमर इतिहासले हामीलाई यो कुरा प्रमाणित गराई देखाइरहेको छ ।

यहाँ कर्मले के कुरा पाइँदैन ? धर्म, अर्थ, काम र मोक्ष समेत सारा पुरुषार्थहरू कर्मको पछि लागि आउने गर्दछन् । अष्टसिद्धि र नवनिधि पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

...आउँछन् । आदर्श कर्ममा सारा दुःख दर्दको विनाश-
...सन्ततिको सुविधा मिल्छ, शान्तिको संगीत सुनिन्छ ।

...लागि यस संसारमा कुनै कुरा पनि अप्राप्य हुँदैन, उसको
...स्वर्गका राजा इन्द्रको उपवनजस्तो हुन्छ भनी हिन्दीका
...मैथिलीशरण गुप्तजी लेख्नुहुन्छ–

'है यह भुवन ही इन्द्र-कानन
कर्मवीरों के लिए ।'

मानव आफ्नो दैवी सत्कर्मद्वारा जस्तो देव बन्न सक्तछ त्यस्तै दानवीय असत्कर्मद्वारा उ दानव पनि बन्न सक्तछ । त्यसैले कर्म एक त्यस्तो यन्त्र हो जसद्वारा मानव कि दानव कि देव बन्न सक्तछ । अर्को शब्दमा हामी यसो पनि भन्न सक्तछौं– मानवजीवन एक त्यस किसिमको बीचको खुड्किलो हो जसको एकतह माथितिर दैवी जीवन छ भने यसको एकतह तलतिर दानवी जीवन हुन्छ । अनि कर्मचाहिं माथि उकाल्न र तल खसाल्न पनि सक्ने सामर्थ्यवाला एक साधन हो ।

आज अमेरिका, रूस, ईङ्गलैण्ड, फ्रान्स, चीन, जापान आदि देशहरू सुप्रसिद्ध एवं शक्तिशाली बनेका पनि कर्मद्वारा हुन् । कुनै देश नयाँ-नयाँ वैज्ञानिक शस्त्रास्त्रको आविष्कार र प्रदर्शन गर्ने कामले त्यस्ता भएका छन् त कुनै देश औद्योगिक उन्नतिको कामले त्यस्ता छन् । कुनै देश साहित्य, संगीत, कला कौशलको कामले त्यस स्तरमा पुगेका छन् त कुनै देश जीवनोपयोगी साधनको सिर्जनाको कामले त्यस्ता छन् । आखिर यी सबै उन्नत एवं विकसित विश्व-विख्यात अग्रगण्य राष्ट्रहरू केवल कामकै आधारमा त्यस स्तरमा पुगेका छन् ।

स्वच्छ, पवित्र एवं पुनीत काममै जुनसुकै व्यक्तिको पनि व्यक्तित्व एवं चरित्रको निर्माण हुन्छ । कर्मद्वारा नै जुन कुनै पनि व्यक्तिको अनुशासनशीलता, धीरता, वीरता, निपुणता आदिको परिचय पाइन्छ । मानिसलगायत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो

संसारका प्रत्येक सजीव र निर्जीव पदार्थहरू उनीहरू ...ले ति...
नै हेय या उपादेय बन्दछन् । ...हेर... मजबूत

वास्तवमा भनौं भने संसारको कुनै पनि वस्तु स्व... ...शाको उस हुँदैन, परन्तु कसैको कर्मले त्यसलाई खराब वा असल ब... ...न आशाको असल या खराब दुबै होइन, किन्तु कुनै ज्यानमाराले ज्य... ...वश्यंभावी यसको दुरुपयोग गरिदियो भने या गराइयो भने यो खराब ब... स्वाभा- ज्यान बचाउने काममा यसको सदुपयोग कसैले गरिदियो वा गराइयो ... उही खुकुरी असल बन्दछ । यसरी संसारको जुन कुनै पदार्थलाई पनि खराब या असल बनाउन सक्ने कुनै शक्तिशाली साधन छ भने त्यो कर्म नै हो ।

हाम्रो सौभाग्य या दुर्भाग्यको निर्माण पनि कर्मद्वारा हुने कुरा हो । यसैले कर्मलाई स्वर्गीय सुख–सन्तति वा नारकीय दुःख-दर्दको अशोष्य स्रोत हो भनी विज्ञजनहरू भन्दछन् ।

भाग्यवादीहरू भाग्यमा जे लेखेको छ सोही मात्र पाइन्छ भनी भाग्य ठोकी बस्तछन् । यसमा म केवल आंशिक सत्यता मात्र पाउँछु त्यो पनि कर्मकै आधारमा । अर्थात् व्यक्तिको जन्मान्तरीय कर्मद्वारा निर्मित भैसकेको भाग्यको फल मात्र यस जन्ममा उसले काम नगरे पनि पाउन सक्तछ, यदि त्यसो रहेनछ भने उक्त भाग्यवादी व्यक्तिको जीवन आसै आसमा डुब्दछ, व्यर्थ बन्छ । अब कुनचाहिंको कुन किसिमको फल-दायक भाग्य निर्मित छ, कुन छैन भन्ने कुरा हाम्रा पुरुखा मननशील महर्षिहरूले आफ्नो योगबल, तपोबलद्वारा थाहा पाएका भए पनि हामी आज धेरै तल झरिसकेका हुँदा सो कुरा थाहा पाउन सक्तैनौं । तसर्थ म त कर्ममा भर पर्दछु र यसैद्वारा आफ्नो भाग्यको निर्माण गर्दै जान्छु ।

एउटै कक्षामा एउटै किसिमको प्रवचन सुन्ने छात्रहरूमा कसैलाई एक-पल्ट सुन्ने बित्तिकै आउने भई परीक्षामा उ पहिला हुने हुन्छ । तर कसैलाईचाहिं गुरुले धेरैपल्ट भनिदिंदा पनि नआएको नआई नै उ विफल बन्दछ । यसो हुनाको कारण केवल तिनीहरूको जन्मान्तरीय कर्मद्वारा संचित संस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छात्रको त्यस किसिमको संस्कार रहेछ र उसलाई एकपल्ट संस्कारको उद्‌बोधन भै पाठ आइहाल्यो तर दोस्रो छात्रको र उसलाई धेरैपल्ट भनिदिंदा पनि आएन। दोस्रो छात्र- श्रवण, चिन्तन, मनन, निदिध्यासन आदि कार्यकलापद्वारा आत्माको अमिट शुभ-संस्कारको सञ्चयन गर्न सकेको खण्डमा जन्ममा नभए पनि जन्मान्तरमा पहिलो छात्र झैं उ पनि जेहेन्दार जा एवं उत्तम छात्र बन्न सक्तो हो। यसरी हाम्रो यस वर्तमान जीवनमा यही जन्मको मात्र हैन, अपितु जन्मान्तरीय कर्मको पनि सत् या असत् प्रभाव पर्दोरहेछ भन्ने कुरा स्पष्ट हुन्छ।

प्राणीको मात्र हैन, अपितु प्रत्येक पदार्थको आफ्नो अस्तित्व र जीवन पनि उसको आफ्नो कर्म–कलापमै आधारित रहन्छ। भलाद्‌मीलाई तबसम्म भलाद्‌मी भनिन्छ जबसम्म उसले भलाद्‌मीको काम गरिरहेकै हुन्छ। यदि उसले चोरी, डकैती गर्न थाल्यो भने उसको अस्तित्व गुम भै उ भलाद्‌मीबाट आफ्नो कर्मको साथसाथै परिवर्तित हुन्छ र चोर, डाँकू बन्दछ। यसरी प्राणीको मात्र हैन किन्तु निष्प्राण र निर्जीव देखिएका वस्तुहरूको जीवन पनि कर्मद्वारा बिलकुलै परिवर्तित बन्न सक्तछ। उदाहरणको लागि आगो लिऊँ। आगोलाई हामी तबसम्म आगो भन्दछौं जबसम्म यसले पोल्ने या राप दिने आफ्नो काम गरी नै रहेको हुन्छ। यसले आफ्नो काम गर्न छोडेको वेला यसलाई हामी आगो भन्दैनौं। त्यसवेला त यो आफ्नो कर्मानुसार खरानी या गोलमा परिणत भैसक्ने हुँदा यसलाई हामी खरानी या गोलै भन्दछौं। यसरी कर्मकै आधारमा जुनसुकै पनि जीवनको नामकरण भएको देखिन्छ।

हुन त जन–जीवनको सर्वोत्तम वस्तु नै ज्ञान हो भनी भन्दछन् तर त्यो ज्ञान पनि यदि क्रिया विनाको अर्थात् निष्क्रिय छ भने कर्मशील संसारमा त्यो ज्ञानको न त कुनै प्रयोजन नै हुन्छ, न वा कुनै महत्व नै। निष्क्रिय ज्ञान त वस्तुतः एक बेकामको बोझ मात्र हो, त्यसकारण ज्ञानको मान र महत्व बढाउने कर्म नै ज्ञानभन्दा उत्तम हो। ज्ञानको भन्दा कर्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो

संख्या कम्ती छ भन्न पनि पाइन्न किनभने जुन–जुन विषय[illegible]ले ति[illegible]
त्यै विषयको कर्म पनि हुन सक्तछ अत एव कर्मको नाम पनि [illegible] हेले[illegible] मजबूत
विषयको ज्ञान जस्तै । क्रिया, काम, कृति, कृत्य, कार्य ह[illegible]र [illegible]ाशाको उस
विभिन्न अङ्गलाई अँगाल्ने पर्यायवाची नामहरू हुन् । [illegible]न आशाको

मलाई त कर्म वा कामले नै मीठो माम खुवाउँछ, शुभ [illegible]वश्यंभावी महत्वपूर्ण मानको पान गराउँछ, संसारको सामुन्ने अमर [illegible] स्वाभा- मिलाउँछ। त्यसैले म कर्म वा कामलाई नै आफ्नो अन्तर्मनदेखि [illegible] बारम्बार प्रणाम ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति, त्यसको साधना र उपासना

कुनै काम गर्न सक्ने सामर्थ्यलाई शक्ति भन्दछन् । संसारमा सबभन्दा ठूलो महत्व शक्तिमै छ । किनभने संसारमा उही गण्यमान्य पूज्य एवं महान् बन्दछ, जसमा शक्ति छ, अर्थात् जो शक्तिशाली छ ।

शक्ति अनेक प्रकारका हुन्छन् । कसैले कुनै शक्तिलाई ठूलो मान्दछन् त कसैले कुनैलाई । जस्तो—ज्ञानमार्गीहरू ज्ञानशक्ति नै सबभन्दा ठूलो शक्ति हो भन्दछन् र कर्ममार्गीहरू कर्मशक्तिलाई नै ज्येष्ठ र श्रेष्ठ सम्झन्छन् । श्रद्धालु भक्तहरू श्रद्धा—शक्ति र भक्ति—शक्तिलाई सर्वोत्तम मान्दछन् त इच्छुक साधकहरू इच्छा—शक्ति र साधना—शक्तिलाई नै सर्वश्रेष्ठ सम्झन्छन् । यसै गरी तत्तत् शक्तिका साधक तथा उपासकहरू तत्तत् शक्तिलाई नै श्रेष्ठ मान्दछन् । वस्तुतः परिवर्तनशील संसारमा सबै वस्तुको परिवर्तन भैरहने हुनाले जुन युगमा जुन शक्तिको खाँचो हुन्छ त्यही शक्ति नै त्यस युगको निम्ति ज्येष्ठ, श्रेष्ठ एवं उपादेय बन्दछ ।

बेस्करी भोक लागेर बलशक्तिको अभाव भैराखेको बेलामा कुनै पनि शास्त्रीय ज्ञान-शक्तिको महत्व हुँदैन । त्यसबेला त बल-शक्ति तथा बल-शक्तिका साधन अन्नपानादिको आवश्यकता र महत्व हुःछ । त्यसैले त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बेला बलशक्ति र त्यसका साधनकै ज्येष्ठता श्रेष्ठता एवं उ ...ले तिर ...ाई आफ्नो अस्तु . . .

गाँधीले अहिंसा शक्तिद्वारा आफ्नो देशलाई विदेशीको ...र ...हेले ...त्र मजबूत दिलाए र उनी महात्मा बने । गौतम बुद्ध पनि वैदिक यज्ञ ...द ...ाशाको उस गरी प्रतिदिन लाखौं करोडौं प्राणीहरूको यज्ञमा बलिदा... ...न आशाको उही अहिंसाशक्तिद्वारा नै प्राणी मात्रको रक्षा गरेर भग... ...वश्यंभावी थिए । भगवान् कृष्ण कर्म—शक्तिद्वारा दुष्टसंहार—स्वरूप सकल काय... ...र स्वाभा- पूरा गरी महापुरुष बने । श्रीरामचन्द्र मर्यादाको शक्तिद्वारा संसारको सामुन्ने अद्वितीय मर्यादाको पालन गरेर मर्यादापुरुष बने । यसरी संसारमा जति पनि महापुरुषहरू भए तीमध्ये सबै नै शक्तिद्वारा त्यस स्तरमा पुगेका देखिन्छन् । यति मात्र हैन शक्ति त एक त्यस्तो चीज हो, जसलाई केवल पत्ता मात्र लगाउँदा पनि मानिस महान् बन्दछ । उदाहरणको लागि न्युटनलाई लिऊँ । न्युटनले पृथ्वीको आकर्षण शक्तिको केवल पत्ता मात्र लगाउँदा पनि उनी अमर र महान् बने । यसरी शक्ति-शालीको त के कुरा, शक्तिको केवल पत्ता मात्र लगाउने पनि महान् बन्न सक्तछ भनी इतिहासले हामीलाई बताइदिइराखेको छ । अतः संसारमा शक्तिको कत्तिको महनीय महत्ता हुन्छ भन्ने कुरा स्पष्ट छ ।

यो विशाल संसारमा यही शक्तिद्वारा नै सञ्चालित छ । यहाँको प्रत्येक कार्यकलाप शक्तिले नै सञ्चालित र प्रभावित भएको पाइन्छ

म लेख्छु लेखन-शक्तिद्वारा । म हिँड्छु बल-शक्तिद्वारा । म देख्छु दर्शन-शक्तिद्वारा । म बोल्छु वाक्-शक्तिद्वारा । म सुन्दछु श्रवण-शक्तिद्वारा । म छुन्छु स्पर्श-शक्तिद्वारा । म सुँघ्छु घ्राण—शक्तिद्वारा । म स्वाद लिन्छु रसनाशक्तिद्वारा । यसरी प्रत्येक कार्य-कलाप शक्तिबाटै सञ्चालित भएको छ, शक्तिले नै प्रभावित पारेको छ । म शक्तिविना न बोल्न सक्छु, न हिँड्न सक्छु, न त बाँच्नै सक्छु । त्यसैले म सदा—सर्वदा शक्तिकै साधना गर्छु—शक्तिकै उपासना गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्ति, त्यसको साधना र उपासना

कुनै काम गर्न सक्ने सामर्थ्यलाई शक्ति भन्दछन्। संसारमा सबभन्दा ठूलो महत्व शक्तिमै छ। किनभने संसारमा उही गण्यमान्य पूज्य एवं महान् बन्दछ, जसमा शक्ति छ, अर्थात् जो शक्तिशाली छ।

शक्ति अनेक प्रकारका हुन्छन्। कसैले कुनै शक्तिलाई ठूलो मान्दछन् त कसैले कुनैलाई। जस्तो–ज्ञानमार्गीहरू ज्ञानशक्ति नै सबभन्दा ठूलो शक्ति हो भन्दछन् र कर्ममार्गीहरू कर्मशक्तिलाई नै ज्येष्ठ र श्रेष्ठ सम्झन्छन्। श्रद्धालु भक्तहरू श्रद्धा–शक्ति र भक्ति–शक्तिलाई सर्वोत्तम मान्दछन् त इच्छुक साधकहरू इच्छा–शक्ति र साधना–शक्तिलाई नै सर्वश्रेष्ठ सम्झन्छन्। यसै गरी तत्तत् शक्तिका साधक तथा उपासकहरू तत्तत् शक्तिलाई नै श्रेष्ठ मान्दछन्। वस्तुतः परिवर्तनशील संसारमा सबै वस्तुको परिवर्तन भैरहने हुनाले जुन युगमा जुन शक्तिको खाँचो हुन्छ त्यही शक्ति नै त्यस युगको निम्ति ज्येष्ठ, श्रेष्ठ एवं उपादेय बन्दछ।

बेस्करी भोक लागेर बलशक्तिको अभाव भैराखेको बेलामा कुनै पनि शास्त्रीय ज्ञान-शक्तिको महत्व हुँदैन। त्यसबेला त बल-शक्ति तथा बल-शक्तिका साधन अन्नपानादिको आवश्यकता र महत्व हुःछ। त्यसैले त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेला बलशक्ति र त्यसका साधनकै ज्येष्ठता श्रेष्ठता एवं उ[illegible]ाले तिर[illegible] [illegible]ाई आफ्नो अस्तु . . .

गाँधीले अहिंसा शक्तिद्वारा आफ्नो देशलाई विदेशीको [illegible] [illegible]हिले[illegible]्र मजबूत दिलाए र उनी महात्मा बने । गौतम बुद्ध पनि वैदिक यज्ञ[illegible] [illegible]ाशाको उस गरी प्रतिदिन लाखौं करोडौं प्राणीहरूको यज्ञमा बलिदा[illegible] [illegible]न आशाको उही अहिंसाशक्तिद्वारा नै प्राणी मात्रको रक्षा गरेर भग[illegible] [illegible]वश्यंभावी थिए । भगवान् कृष्ण कर्म–शक्तिद्वारा दुष्टसंहार–स्वरूप सकल काय[illegible] [illegible] स्वाभा- पूरा गरी महापुरुष बने । श्रीरामचन्द्र मर्यादाको शक्तिद्वारा संसारको सामुन्ने अद्वितीय मर्यादाको पालन गरेर मर्यादापुरुष बने । यसरी संसारमा जति पनि महापुरुषहरू भए तीमध्ये सबै नै शक्तिद्वारा त्यस स्तरमा पुगेका देखिन्छन् । यति मात्र हैन शक्ति त एक त्यस्तो चीज हो, जसलाई केवल पत्ता मात्र लगाउँदा पनि मानिस महान् बन्दछ । उदाहरणको लागि न्युटनलाई लिऊँ । न्युटनले पृथ्वीको आकर्षण शक्तिको केवल पत्ता मात्र लगाउँदा पनि उनी अमर र महान् बने । यसरी शक्ति-शालीको त के कुरा, शक्तिको केवल पत्ता मात्र लगाउने पनि महान् बन्न सक्तछ भनी इतिहासले हामीलाई बताइदिइराखेको छ । अतः संसारमा शक्तिको कत्तिको महनीय महत्ता हुन्छ भन्ने कुरा स्पष्ट छ ।

यो विशाल संसारमा यही शक्तिद्वारा नै सञ्चालित छ । यहाँको प्रत्येक कार्यकलाप शक्तिले नै सञ्चालित र प्रभावित भएको पाइन्छ

म लेख्छु लेखन-शक्तिद्वारा । म हिंड्छु बल-शक्तिद्वारा । म देख्छु दर्शन-शक्तिद्वारा । म बोल्छु वाक्-शक्तिद्वारा । म सुन्दछु श्रवण-शक्तिद्वारा । म छुन्छु स्पर्श-शक्तिद्वारा । म सुँघ्छु घ्राण–शक्तिद्वारा । म स्वाद लिन्छु रसनाशक्तिद्वारा । यसरी प्रत्येक कार्य-कलाप शक्तिबाटै सञ्चालित भएको छ, शक्तिले नै प्रभावित पारेको छ । म शक्तिविना न बोल्न सक्छु, न हिंड्न सक्छु, न त बाँच्नै सक्छु । त्यसैले म सबा–सर्वदा शक्तिकै साधना गर्छु–शक्तिकै उपासना गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन र मरण सबै शक्तिमै आधारित छन् । यस विशाल जन्माएको शक्तिले हो, शक्तिले नै म अहिलेसम्म बाँचिरहेछु ने यसै शक्तिद्वारा नै हुनेछ । मलाई जसरी जनक-शक्तिले जीवन-शक्तिले बचायो त्यस्तै काल-शक्तिले मार्ला । यसै संसारका सबै प्राणी मात्रको जन्म, जीवन र मरणको प्रक्रिया हुन्छ ।

संसारमा जति पनि प्राणीहरू छन्, ती सबैलाई चार विभिन्न वर्गमा विभाजित गर्न सक्छौं, १. स्वेदज [पसीनाबाट जन्मने जुम्रा आदि] २. उद्भिज्ज [उम्रने रुख – बिरुवा आदि], ३. अण्डज [फुलबाट पैदा हुने कुखुरा आदि] र ४. जरायुज [साल-नालबाट जन्मने मानिस आदि] यी सबै प्राणीमध्ये जरायुज प्राणी म हुँ, आज म यी सबै अरू प्राणीमध्ये ज्येष्ठ र श्रेष्ठ छु र तिनीहरू सबैलाई आफ्नो नियन्त्रणमा राख्न सक्छु । किन ? किन भने ममा तिनीहरूको भन्दा एक विशेष शक्ति छ, त्यो हो विवेकशक्ति । यही विवेकशक्तिद्वारा म संसारका अरू जातका प्राणीहरूमध्ये ज्येष्ठ, श्रेष्ठ एवं नियन्त्रक बनेको हुँ । ममा रहेको यस विवेकशक्तिलाई झिकिदिएको खण्डमा म र अरू प्राणीहरूमा के फरक रहन्छ र !

यस सन्दर्भमा मलाई अहिले माधव घिमिरेज्यूको एक श्लोकको सम्झना आयो–

"सीताले सारा भिजाइन् दक्षिण लङ्का भारत
भृकुटी तारा उदाइन् उत्तर चीन तिब्बत
बुद्धले यहीं पाएथे ज्ञानको पहिलो मुहान
शिवले यहीं ल्याएथे सृष्टिको पहिलो बिहान ।"

यस श्लोकका प्रत्येक व्यक्तिलाई विषय बनाई विवेचन गरी हेर्ने हो भने उनीहरूको आदर्श व्यक्तित्व बनाउने कुन–कुन शक्ति हो भन्ने कुराको सुन्दर संकेत पाइन्छ र प्रत्येक व्यक्तिले कुनै-न-कुनै शक्तिको आड कसरी लिएको छ भन्ने कुरा थाहा पाइन्छ किन भने दक्षिणमा लङ्का, भारत आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशलाई सीताले आफ्नो आदर्श शक्तिद्वारा भिजाइन् । उत्त[illegible]ाई आफ्नो आदि देशलाई भृकुटीले आफ्नो गुण-रूप-शक्तिले आलोकित [illegible]ले ति[illegible] आफ्नो तात्त्विक विचार-शक्तिले ज्ञानको मुहान फेला पारे[illegible]हिले[illegible]प्र मजबूत हिमाली सिंहासनमा बसेर आफ्नो सृजनशक्तिद्वारा [illegible]ाशाको उस बिहान बसाले भन्ने कुराको सुन्दर संकेत उक्त श्लोकमा पाइ[illegible]न आशाको

शक्तिले यहाँ के हुँदैन भन्नोस् त ! शक्तिद्वारा नहु[illegible]वश्यंभावी हुने पनि नहुने हुन्छ । न्याय र अन्याय, सत्य र असत्य, सुख र दुःख, [illegible] र अधर्म इत्यादि सबै शक्तिमा आधारित छन्, सबै शक्तिद्वारा नै सञ्चालित छन् यसैले शक्तिको एक पक्ष उज्यालो छ त अर्को पक्षचाहिं अँध्यारो पनि छ ।

हुन त हरदम आधा आग उज्यालो र आधा भाग अँध्यारो रहिरहने पृथ्वीभित्रका मानिस, ठाउँ, चीज या वस्तु कसमा मात्र उज्यालै-उज्यालो छ र! यसै कुरालाई यहाँको दिन र रातले, शुक्लपक्ष र कृष्णपक्षले, शीत र तापले जन-जनमा सजीव संकेत दिइरहेको जस्तो देखिन्छ । यस्तो छ तापनि संसारका प्रत्येक चीजबाट गुण–गुण मात्र लिने र फाइदा–फाइदा मात्र उठाउने कुरामा हाम्रो आफ्नो हात रहन्छ । तसर्थ जुनसुकै शक्तिबाट पनि हामी लाभै–लाभ र कल्याणै–कल्याण पनि पाउन सक्तछौं । त्यसो गर्न शक्तिमा एक विशेष प्रकारको योग्यता चाहिन्छ, त्यो हो विवेचना । विवेचना पनि शक्तिकै सन्तानमध्येको हो र यसको सहयोगद्वारा हामी शक्तिको सदुपयोग गर्नमा, शक्तिको सुनियन्त्रण गर्नमा तथा शक्तिको सुसञ्चालन गर्नमा प्रवीण बन्छौं ।

संसारमा शक्तिको जत्तिको ठूलो महत्व छ त्यसभन्दा कम महत्व छैन शक्तिका नियन्त्रकको । नियन्त्रण भएन भने शक्ति जतासुकै फुद्दछ, चाहे ठूलो ठक्कर खान परोस् चाहे भीरबाट मरोस् यसलाई कुनै वास्ता हुँदैन । किनभने नियन्त्रण रहितको शक्ति माहुते विनाको मत्ता हात्ती जस्तो हुन्छ र त्यस्तो शक्तिलाई स्वतन्त्र छोडियो भने विश्वको सिर्जना नै भताभुङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ा बेर लगाउँदैन। त्यसकारण शक्तिमा नियन्त्रणको छ। अब यस सन्दर्भमा संसारका सम्पूर्ण शक्तिमा नियन्त्रण-गर्दछ भन्ने कुराको विशद वर्णन अगाडि प्रस्तुत गरिन्छ।

यन भएपछि संसारमा जे कुरा पनि बन्दछ भन्ने हाम्रा ाइ बिलकुल साँचो हो। किनभने तन शब्दले त्यहाँ शारीरिक ल-शक्तिलाई बुझाउँछ मन शब्दले आन्तरिक शक्ति याने विद्या-...को संकेत गर्छ र धन शब्दले धनशक्ति याने सम्पत्ति-शक्तिलाई सम्झाउँछ। यसरी बल-शक्ति, विद्या-शक्ति र सम्पत्ति-शक्ति भएको खण्डमा के कुरा मात्र बन्न नसक्ला त! यी तीन शक्तिले सिंगारिएको जसकसले पनि संसारमाथि सजिलैसँग विजय प्राप्त गर्न सक्तछ भन्ने कुरामा कसैको पनि दुई मत हुन सक्तैन।

यसै सिलसिलामा शक्तिका उपासक अघिका हाम्रा पुरुखाहरूले उक्त तीन शक्तिका तीन अधिष्ठात्री देवीहरूको साधना र उपासना समय समयमा गरी आएको बुझिन्छ। जस्तो कि बल शक्तिकी अधिष्ठात्री देवी दुर्गाको दशैंमा, विद्या-शक्तिकी अधिष्ठात्री देवी सरस्वतीको श्रीपञ्चमीमा र सम्पत्ति शक्तिकी अधिष्ठात्री देवी लक्ष्मीको लक्ष्मीपूजाको दिन साधना र उपासना गरिन्छ।

यद्यपि तत्तत् स्थानमा तत्तत् शक्ति-विशेषको विशेष महत्ता तथा आवश्यकता पर्ने हुनाले कुनै शक्ति पनि कुनै भन्दा कम्तिलो हुदैन तापनि तन-शक्ति मन-शक्ति र धन-शक्तिमध्ये मन-शक्ति याने विद्या-शक्तिकै विशेष महत्ता हुन्छ। किन भने जुनसुकै शक्तिको उपयोगमा पनि मन-शक्तिको संकेत रहेको देखिन्छ।

यो म अहिले लेखिरहेको छु आफ्नो लेखन-शक्तिद्वारा र अहिले मलाई लेखन-शक्तिकै सबभन्दा बढ्ता महत्व छ तापनि मनशक्तिले प्रेरणा नदिएको भए के म यो लेख्ने थिएँ र? कदापि थिइन। तपाईं अहिले यो लेख पढ्न लागिरहनुभएको छ यदि मन नलागेको खण्डमा के तपाईं यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो

पढ्नुहुने थियो र ? कदापि हैन। यसैले हाम्रा मननशील ले तिर
शक्तिको संचयन गरेर त्यसको सदुपयोग गर्न सकेमा संसार हेले प्र मजबूत
कुरा सिद्ध गर्न सकिन्छ भनी भनेका हुन्। र ाशाको उस

वास्तवमा भनौं भने संसारको सञ्चालनमा मूल फ दा न आशाको
हो। लौ त, प्रत्येक मानवबाट मन भन्ने तत्त्वलाई च्वाट्ट वश्यंभावी
झिकिदिएको खण्डमा हेरौं, मन–शक्तिको अभावमा सारा संसार स्वाभा-
कार्य तुरुन्तै रोकिदो रहेछ कि रहेनछ।

यसरी हाम्रो मन-शक्तिले संसारका सारा कार्य–व्यवहारको सञ्चालन मात्र गर्ने होइन, किन्तु यसले संसारका अरू समस्त शक्तिको नियन्त्रण पनि गर्ने गर्छ। तपाईंको बल बढ्ता भई तपाईंलाई उ त्यो बाटो हिंडिरहेकामध्ये कसैलाई पटापट पिट्न मन लाग्यो रे। तर तपाईं त्यसलाई पिट्नुहुन्न, यदि तपाईंको मन–शक्तिले तपाईंको बल–शक्तिलाई नियन्त्रणमा राखेर 'धत् वेफ्वाँकमा निरपराधलाई किन पिट्नु ?' भन्यो भने। यसै गरी बल–शक्तिलाई मात्र होइन, अपितु संसारका सम्पूर्ण शक्तिलाई नै मन–शक्तिले आफ्नो नियन्त्रणमा राख्न सक्तछ।

यहाँसम्मको विवरणबाट के थाहा हुन्छभने मन–शक्ति नै संसारमा सर्वश्रेष्ठ नियन्त्रक शक्ति रहेछ, तर त्यसो हैन, मन–शक्तिभन्दा माथि अर्को शक्ति छ। मन–शक्तिसम्मका संसारका सम्पूर्ण शक्तिलाई त मत्ता हात्तीको उपाधि दिन सकिन्छ। यसलाई माहुतेले अंकुशे नलाएको खण्डमा यसले संसारको सम्पूर्ण सिर्जना भताभुङ्ग पारी बिगारिदिन्छ। अनि आखिरमा अरूलाई मारेर यो स्वयं आफै पनि मर्दछ। त्यसैले मन– शक्तिसम्मका संसारका सारा शक्तिलाई अपनो आत्मशक्तिद्वारा सञ्चालित र नियन्त्रित गरिराखनुपर्दछ। आत्मशक्तिलाई नै विवेक–शक्ति वा विवेचन–शक्ति पनि भन्दछन्। यही नै शक्ति मानव मात्रको मानवीयता हो। यसैलाई नै मत्ता हात्ती जस्ता अन्य समस्त सांसारिक शक्तिमाथि नियन्त्रण गर्ने माहुतेको पदवी दिन सकिन्छ। यही नै संसारमा सर्वश्रेष्ठ शक्ति हो । यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

…प हो । यसले छोडेको खण्डमा हामीलाई आत्माले छोड्छ, … र हामी जिउंदै पनि मर्दछौं ।

…क-शक्तिले नियन्त्रित र सञ्चालित गरिराखेका संसारका कुनै … प्रयोगमा मिल्किदैनन् । यस्तो किसिमको शक्तिले कसैको … कसैलाई दुःख दिंदैन, कसैलाई रुवाउँदैन । कहीं पनि हाहा- …उँदैन, कतै पनि कुकृत्य गर्दैन । यस शक्तिले सबैमा समतापूर्ण …मता राख्छ, सबैतिर शान्ति र सुख फैलाइदिन्छ । हामीमध्ये सबै-सबैले जन्मेदेखि मरुन्जेल चाहिआएको र चाहेको कुरा पनि यिनै हुन् शान्ति र सुख ।

यसरी शक्ति र त्यसका नियन्त्रकको पनि संक्षिप्त संकेत यहाँ प्रस्तुत गरियो । अब कुनचाहिं र कस्तो शक्तिको साधना र उपासना गर्ने भन्ने प्रश्नमा हामी त्यस किसिमका शक्तिको साधना र उपासना गर्न चाहन्छौं र गर्दछौं जुन शक्तिको आजको यस युगमा, आजको हाम्रो देशमा एवं आजको यस परिस्थितिमा अत्यावश्यकता परिरहेको छ । हामी कसैलाई रुवाउने, भयभीत बनाउने, पीर-मर्का पार्ने, व्यथा-बाधा दिने खालको शक्ति रुचाउन्नौं हामी सकभर सबैसित मैत्री-सम्बन्ध राख्न र सबैको सुख-शान्तिको कामना गर्न चाहन्छौं, त्यसैले हामी तदनुरूपकै शक्तिको साधना र उपासना गर्दछौं । हाम्रो संस्कृति परम्परा र आदर्शले पनि यसै गर्न सिकाउँदै सङ्केत गरि-रहेछ—

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

अर्थात् सबै सुखी होऊन्, सबै नीरोगी होऊन्, सबैले कल्याण देखून् र कसैले पनि दुःख भोग्न नपरोस् !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो
ले तिर
हेले ्र मजबूत
ाशाको उस
न आशाको
वश्यंभावी
स्वाभा-

इच्छा र आकांक्षा

मैले माझीले नदी-किनारको सिढीभित्र धागो छिराई बल्सीले माछा तानेको देखेको छु, डोरीमा वाल्टिन कुण्डचाई इनारभित्रबाट पानी तानेको देखेको छु, घोडाले आफूलाई लाइदिएको लगामद्वारा बग्गीहरू तानेको देखेको छु तथा मान्छेले पनि गलामा डोरी लाइदिएर गुह्येश्वरीमा बलि चढाउन बोकालाई डोऱ्याएको देखेको छु । तर मान्छेलाई नै नदेखिने डोरी लगाई कहिले पूर्वतिर पुऱ्याउने त कहिले पश्चिमतिर पुऱ्याउने कहिले उत्तरतिर उडाउने त कहिले दक्षिणतिर दौडाउने, कहिले उकालो उकाल्न लाउने त कहिले ओह्रालो ओराल्न लाउने, कहिले नदी तार्न लाउने त कहिले जङ्गल फाँड्न लाउने, कहिले पहाड फोड्न लाउने त कहिले खेतवारी गोड्न लाउने, कहिले चट्टान तोड्न लाउने त कहिले घरबारी जोड्न लाउने कुनचाहिं तिलस्मी शक्ति होला भन्ने लागेको थियो । बल्ल थाहा पाएँ त्यो त रहेछ– उसको आफ्नै इच्छा र आकांक्षा !

यति मात्र हैन, मनिसलाई चोरी, डकैती, लुच्चागिरी, गुण्डागिरी, ठगगिरी र अनेक अरू बदमाशी गर्न लगाउने पनि यही इच्छा र आकांक्षा नै हो । मान्छे फुण्डिएर, सेरिएर, फालहालेर, विष आदि खाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुराको जिम्मेवारी पनि उसको आफ्नै इच्छा र आकांक्षाल ; किनभने उसलाई बाँच्ने इच्छा भएन र जसरी तसरी भए

मानिसले 'म स्वतन्त्र छु' भनी जतिसुकै धाक लगाए तुतः तबसम्म स्वतन्त्र रहन सक्तैन जबसम्म उ आफ्नो इच्छा ाको अधीनमा रहन्छ। अतः वास्तवमा स्वतन्त्र बन्नु छ भने पहिले स्वकीय इच्छा र आकांक्षालाई नै आफ्नो अधीनमा राख्न सक्नुपर्दछ ।

कसैले केही काम गर्नमा मात्र हैन, किन्तु नगर्नमा पनि उसको आफ्नो इच्छा र आकांक्षाको हात रहन्छ । त्यसैले संक्षिप्त शब्दमा हामी यसो पनि भन्न सक्छौ जे जति काम मानिसले गर्छ र गराउँछ, अथवा जे जति कुरा गर्दैन र गराउँदैन ती सबैको आदिम मूल आधार उसको इच्छा र आकांक्षा नै हुन्छ । जसरी इच्छा भयो भने मानिसले जे पनि गर्छ र गराउँछ त्यसरी नै इच्छा भएन भने उसले केही पनि गर्दैन र गराउँदैन ।

संसारमा जानु-नजानु, खानु-नखानु, हेर्नु-नहेर्नु, बोल्नु-नबोल्नु इत्यादि सकारात्मक र नकारात्मक क्रियाका जुन दुई–दुई जोडीहरू छन्, तिनीहरू-मध्ये पहिलोमा इच्छा भएन भने दोस्रोमा र दोस्रोमा भएन भने पहिलोमा इच्छा अवश्यै हुन्छ । अर्थात् कसैलाई जान इच्छा छैन भने उ जाँदैन याने उसको नजाने इच्छा हुन्छ नजाने इच्छा छैनभने उ जान्छ याने उसको जाने इच्छा हुन्छ । त्यसैले तपाईंलाई कसैलाइ कतै नपठाउनु छ भने तपाईंले उसलाई कर–बल लगाई रोक्नुपर्दैन केवल उसको त्यहाँ जाने इच्छालाई रोकिदिनोस् उ त्यहाँ जाँदैन किनभने जाने इच्छा भएनभने नजाने इच्छा भैहाल्छ । यसरी नै फेरि कसैलाई कतै पठाउनु छ भने तपाईंले उसलाई जाऊ भनी मान गरिरहनु वा हप्काइ दप्काइ रहनुपर्दैन, खालि त्यसको त्यहाँ नजाने इच्छा बदलिदिनोस् उ त्यहाँ जान्छ–जान्छ, किनभने नजाने इच्छा छैन भने जाने इच्छा भै हाल्छ ।

यसरी मानिसको प्रत्येक कार्य-कलापको साथ उसको आफ्नो इच्छा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो

र आकांक्षाको अतिशय घनिष्ट सम्बन्ध हुन्छ। मानि[illegible]ले ति[illegible] उसको आफ्नो इच्छा र आकांक्षाको प्रतिविम्ब हो। यसैले [illegible]हेले[illegible]प्र मजबूत आकांक्षा वाहिरी दृष्टिले देखिदैन तथापि काम गराइको [illegible]र[illegible]ाशाको उस स्वरूपको अनुमान हुन सक्तछ। जस्तो नदीप्रवाह बढे[illegible]द[illegible]न आशाको शिरमा पानी परेछ भन्ने अनुमान गर्न सकिन्छ, त्यस्तै देखिन [illegible]वश्यंभावी वा खराव कामबाट त्यसको पूर्वक्षणमा त्यो काम गर्ने व्यक्ति[illegible]ा स्वाभा- आकांक्षा कस्तो किसिमको रहेछ भन्ने कुरा थाहा पाउन सकिन्छ।

साँचो कुरा के हो भने तपाईंलाई इच्छा र आकांक्षा भयोभने तपाईं खेतवारीमा गई फलफूल लगाउनुहुन्छ। बीउ रोप्नुहुन्छ, सागपात उमार्नु हुन्छ, अनि इच्छा र आकांक्षामै ती उम्रेका बोट बिरुवाहरूलाई मलजल हालेर हुर्काउनुहुन्छ। तर तपाईंलाई त्यहाँ उम्रेका कुराहरूमध्ये कुनै बेठीक लाग्यो, मन परेन वा त्यसको इच्छा छैन भने तुरुन्त त्यो उखेलिन्छ चुँडिन्छ, फ्याँकिन्छ र नासिन्छ। यसकारण अब हामी के निर्धक्कसँग भन्न सक्छौं भने संसारको सृष्टि, स्थिति र संहार पनि इच्छा र आकांक्षामै अडेको हुन्छ।

एकदिन तपाईंलाई आफ्नो इच्छा र आकांक्षाले बजार डुलाउन ल्याएको थियो। बजारमा तपाईंले एउटा चीज देख्नुभयो र त्यसमा तपाईंको इच्छा पऱ्यो। अब त्यो चीज वास्तवमा जस्तोसुकै होस् तर तपाईंको इच्छाले त्यसमा क्रमश: सौन्दर्यको आवरण लगाइदिन्छ, सरसता सिर्जाइदिन्छ, मधुरता भरिदिन्छ तथा मनोहरता ल्याइदिन्छ। अनि त्यो चीज तपाईंको लागि सुन्दर, सरस, मधुर र मनोहर बन्दछ र तपाईं स्वयं उसप्रति आकर्षित हुनुहुन्छ। यसबाट यो थाहा हुन्छ, संसारको कुनै पनि नराम्रो भएको कुरा इच्छा र आकांक्षाले लगाइदिएको आवरणद्वारा राम्रो र आकर्षणशाली बन्न सक्तछ। अर्थात् यो कुरा राम्रो देखिनाको, मीठो बन्नाको तथा आकर्षशाली हुनाको एकमात्र आदिम मूल कारण तपाईंको आफ्नै इच्छा र आकांक्षा हो। किनभने त्यस चीजको इच्छा नराख्ने दोस्रो व्यक्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दर र रिसउठ्दो पनि बन्न सक्तछ । यसबाट इच्छा र
ारको जुनसुकै कुरालाई पनि रङ्गरोगन लगाई रोचक र
ाइदिन सक्ने एक अनौठो शक्ति रहेको हुःछ भन्ने कुरा

आकांक्षाले नै हाम्रो स्वास्थ्य, स्वभाव र आदर्श बनाउने
। र आकांक्षाको प्रतिबिम्ब, केवल हाम्रो अनुहार मात्र होइन, हाम्रो व्यक्तित्व र जीवन पनि हो। यसैले हरेक इच्छा र आकांक्षामा एक यस्तो शक्ति लुकेको हुन्छ, जसले जन-जीवनको प्रत्येक अंश प्रभावित पारिदिन्छ।

इच्छा र आकांक्षा एक यस्तो चहकिलो अलौकिक चहक हो जुन उदाएको खण्डमा रात दिन हुन्छ, साँझ बिहान हुन्छ र वैलाउन लागेको कमल पनि फुल्न थाल्दछ। इच्छा र आकांक्षाको एक अवलोकनमा टाढा पनि नजीक बन्छ, बूढी पनि तरुनी बन्छिन्,। कठोर पनि सरस बन्छ, कुरूप पनि सुन्दर बन्छ, खल्लो पनि मीठो बन्छ र हुँदाहुँदै विष समेत अमृत बन्न पनि बेर लाउँदैन। त्यसकारण इच्छा र आकांक्षामा के के शक्ति छ र कस्तो कस्तो सामर्थ्य छ भन्ने कुराको कुनै यकीन गर्न सकिँदैन। यसको महिमा अगम र अपार छ।

इच्छा र आकांक्षाले हाम्रो मस्तिष्कबाट निरुत्साह र निराशाका भावनाको स्थानमा उत्साह र आशाको त्यो विचार भरिदिन सक्तछ, जसमा हाम्रो जीवनको सफलता र प्रसन्नताको रहस्य लुकेर रहेको हुन्छ।

वास्तवमा इच्छा र आकांक्षा नै मनुष्यमात्रको त्यो शक्तिशाली पंख हो जसको आधारमा उ उडेर आफ्नो सफलताको आकाशसम्म पुग्न सक्तछ। जहाँ मानिसको इच्छा र आकांक्षा रोकिन्छ, त्यहाँ उसको सफलता पनि रोकिन्छ। अतः इच्छा र आकांक्षा नै एक यस्तो विलक्षण चुम्बक हो जसले सफलतालाई आफूतिर तानेर ल्याउन सक्तछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्ध स्वच्छ र पवित्र इच्छा र आकांक्षा आफ्नो अ[illegible]ाई आफ्नो आवाज हो, जसलाई सुनेर हामी जीवनका सारा सुन्द[illegible]ले तिर[illegible] सक्तछौं। असल इच्छा र आकांक्षाको उदय हुनु नै जीवन[illegible]हि[illegible]्र मजबूत सफलताको रहस्योद्‌घाटन हुनु हो। किनभने असल इ[illegible]ाशाको उस पछि-पछि जसरी सत्प्रयास र सत्प्रयत्न आउंछ, उसै[illegible]न आशाको सत्प्रयत्नको पछि-पछि सफलता आउँछ, जीवन आउँछ। [illegible]वश्यंभावी

जुनसुकै बालकको पनि उसको इच्छा र आकांक्षा तथा [illegible]ा स्वाभा- कार्य-कलाप देखेर उसको भावी जीवनको सफलतातिर औंल्याउने 'हुने विरुवाको चिल्लो पात' आदि उखानहरू बनेका हामी पाउँछौं। यसको सत्यता भावी बुद्ध सिद्धार्थको वाल्य जीवनको इच्छा र आकांक्षा तथा कार्य-कलापको अध्ययन गर्‍यौं भने पत्ता पाउन सकिन्छ।

इच्छा र आकांक्षाको महत्ता दर्शाउँदै इङ्गलैण्डका ख्यातिप्राप्त महान् लेखक स्वेट मार्डेन लेख्दछन्– "पवित्र इच्छा र आकांक्षाबाट मानवहृदयमा उच्च विचार उठ्न थाल्छ; अनि उ पुनीत प्रयत्न गर्न थाल्दछ। उच्च विचारबाट पैदा भएको पुनीत प्रयत्नद्वारा जीवनको कुनचाहिं मात्र अमूल्य निधि पाउन सकिन्न र? जिन्दगी, प्रेम मित्रता, सहानुभूति आदि अनन्त विधिहरू पवित्र इच्छा र आकांक्षाको आधारमा उच्च विचार र पुनीत प्रयत्नबाट पाउन सकिन्छन्।"

एमिली एच. कैण्डी भन्ने एक विचारकले इच्छा र आकांक्षालाई माथि उठाउने प्रयत्न गर्दै आफ्नो विचार यसरी अभिव्यक्त गरेका छन्– "हृदयमा कुनै किसिमको इच्छा र आकांक्षा उदाउनु के कुराको प्रमाण हो भने ईश्वरले त्यो वस्तु उसको लागि सुरक्षित राखिदिएका छन्।"

अभिनेता क्लिफटन क्राफोर्डलाई उनका एक जना साथीले 'अमेरिकामा आफ्नो अभिनयद्वारा सफल बन्न सक्तैनस् यहाँ तँभन्दा सिपालु अभिनेता अनेक छन्, त्यसैले तँ आफ्नो घर फर्की' भन्ने सल्लाह दिएका थिए। तर उनले रत्तीभर पनि त्यस कुरामा निराश नभै आफ्नो सफलताको इच्छा र

१२१८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारमा साधनविना कसैले केही पनि गर्न सक्तैन, यो ठोकेरै भन्न सकिन्छ। तसर्थ जुन–सुकै पनि अभीष्ट साध्यको सिद्धिका लागि त्यसको पूर्वक्षणमा तदनुकूल साधनहरू हुनु अत्यावश्यक छ। कल्पलताले झैं कल्पेको कुरा पुऱ्याइदिन सक्ने विद्या कसको लागि मात्र अप्रिय र अवाञ्छित होला तर जुन कुनै कुरा पनि प्यारो र अभीष्ट छ भन्दैमा सबैले त्यसलाई पाउन सक्तैन। त्यसलाई उसैले पाउन सक्तछ जो त्यसको प्राप्तिको लागि अनुकूल साधनहरूले सुसम्पन्न छ। त्यसैले विद्या पनि उसैले पाउँछ जोसँग विद्या-प्राप्तिका यथोचित साधनहरू विद्यमान रहन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ाई आफ्नो

वाक्-पाणि -पाव-पायु-उपस्थमध्ये जुन-कुनै कर्मेन्द्रियले काम
वा चक्षु-श्रोत्र-घ्राण-रसन-त्वक्मध्ये जुन-कुनै ज्ञानेन्द्रियले ज्ञान ग ि मजबूत
अघि नसरी कुनै काम हुनै सक्तैन । तसर्थ ज्ञानप्राप्ति वा वि ाशाको उस
गर्नमा सबैभन्दा बढ्ता महत्त्वपूर्ण साधन स्वस्थ मन नै मानिन्छ न आशाको
विद्वान्हरू पनि स्वस्थ शरीरभित्रको स्वस्थ मनको विशेष मह ावश्यंभावी
संकेत गर्दै वेला-वेलामा बोल्दछन्– र स्वाभा-
री

"स्वस्थ शरीरमा स्वस्थ मन"

. . . आदि ।

चञ्चलता र अस्थिरता अस्वस्थ मनका लक्षण हुन् । विलासिता र र विलासिताका सर-सामानप्रति जति-जति मन दगुरायो उति-उति यो अस्वस्थ, अस्थिर एवं चञ्चल बन्दै जान्छ । यो कुरा भौतिक साधनले सुसम्पन्न भै विलासी जीवनको उच्चतर शिखरमा पुगेका पूर्वी एवं पश्चिमी ऐश्वर्यशाली देशका जन-जनको जीवनीले पनि प्रमाणित गरी देखाइरहेको छ । त्यस्ता अनेकौं ऐश्वर्यशाली विलासीहरूले आखिरमा आई आफ्नो व्यतीत विलासी जीवनप्रति पश्चात्ताप पोख्तै आदर्श जीवनको ज्योति जगाउने जागरूक एवं उज्ज्वल बोली वेला-वेलामा बोलेका पाइन्छन् । उनीहरू भन्दछन्–

"साधारण रहन सहन, उच्च विचार"

... आदि ।

वास्तवमा यो सिद्धान्त जब जीवनमा लागू गर्न सकिन्छ तब उसको मन सदा स्वस्थ रहन्छ । स्वस्थ मन नै सुख-शान्ति एवं संसारका सम्पूर्ण ऐश्वर्यप्राप्तिको पनि साधन हुन सक्तछ । फेरि केही विद्वान्हरूले "तन, धन, र वातावरण" आदि भनी विद्याका साधनहरूमध्ये स्वास्थ्य, सम्पत्ति र परिस्थिति वा वातावरणलाई विशेष महत्व दिन्छन् । साँच्चै हो, स्वास्थ्य पनि छ, सम्पत्ति पनि छ र परिस्थिति पनि मिल्छ भने अब विद्या हासिल गर्न के चाहियो ? तर चाहिन्छ यति सबै भन्दा पनि आन्तरिक प्रेरणा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ना याने आत्मक्रिया चाहिन्छ । कारण, यो छैन भने मन हुँदैन, भने अनि केही पनि हुँदैन ।

नवजीवनमा उसको वरपरको परिस्थिति, उसको स्वकीय शरीर र पनो मन यो सारा कुरामा उसको जन्मान्तरीय संचित संस्कारले ठूलो प्रभाव पारिराखेको हुन्छ । यो आन्तरिक कुरा भएको हुनाले दृष्टिले झवाट्ट देखिदैन मात्र तर अन्तर्दृष्टिले गहिरिएर हेर्ने हो भने यो पनि ज्ञात हुन्छ ।

यसैले संक्षेपमा भन्ने हो भने विद्या–साधनमा निम्नलिखित चार किसिमका कृपाहरू विशेषतः उल्लेखनीय छन् । ती पनि यिनै हुन् : आत्म-कृपा, गुरु-कृपा, शास्त्र-कृपा र ईश्वर-कृपा ।

१. आत्मकृपा– क्रिया र ज्ञानको सर्वोत्तम साधन भएको मनलाई अस्थिरता एवं चञ्चलतावाट हटाई स्वस्थतातिर ल्याउने काममा जुन विवेक विचारको महत्त्वपूर्ण हात रहन्छ, त्यही विवेक विचारको आदिम-उद्गम केन्द्र हो आत्मकृपा । श्रद्धा, विश्वास, धैर्य, सहनशीलता, अनुशासनशीलता चित्तको एकाग्रता , श्रवण, मनन, निदिध्यासन इत्यादि यावत् जन-जीवन-को सफलताका संमान्य सामानहरू छन्, ती सबै आत्मकृपाका अति उज्ज्वल चहकहरू हुन् । आत्मकृपा नै छैन भने मनै रहन्न, मन नरहेपछि केही रहन्न । तसर्थ विद्या–साधनमा आत्मकृपाको अत्यन्त महनीय महत्ता हुन्छ । संसारमा जसले जे–जति काम गर्दछ, जान्दछ र सिक्दछ त्यो सबै कुराको श्रेय वस्तुतः उसको आफ्नो आत्मकृपालाई नै छ ।

२. गुरुकृपा– विद्या-साधनामा गुरुकृपाको पनि कम महत्त्व छैन । गुरु याने विद्यादाता प्रसन्न हुनुभयो र उहाँको हार्दिक कृपा पाइयो भने विद्या-सम्बन्धी सबै चीज पाइयो । अगम तथा दुर्बोध तर अत्यन्त जीवनोपयोगी शास्त्रका ती गुह्य, दुरुह्य एवं रहस्यमय मर्म गुरुकृपावाट मात्रै प्राप्त गर्न सकिन्छ । भनेकै पनि छ– "ब्रूयुः स्निग्धस्य शिष्यस्य गुरवो गुह्यमप्युत" अर्थात् गुरुहरू आफ्ना कृपापात्र शिष्यलाई गुह्य–गुह्य कुरा पनि वताउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. शास्त्रकृपा– खोजे–खोजेको विषयको समीचीनतया प्र गरिएका ग्रन्थहरूको समुचित समयमा जहाँ–कहींबाट प्राप्ति मैं विद्या जुन कृपाले सराहनीय सहयोग बिन आउँदछ, त्यो शास्त्रकृपा हो ।

४. ईश्वरकृपा– विद्या हासिल गर्न लाग्दा बीच–बीचमा प रोग–व्याधि, विघ्न–बाधा आदि जे–जति प्रतिबन्धकहरू छन्, ती हटाइदिन जुन अदृष्ट तत्त्वको अदृश्य हात रहेको हुन्छ, त्यस तत्त्व हो ईश्वरकृपा ।

हुन त हाम्रो विद्यार्थी–जगत्मा त्यस्तो कुनै पनि विद्यार्थी नपाइएला जो उपर्युक्त सबै साधनहरूले सुसम्पन्न भएको होस् तापनि साधन नै छैन, मैले कसरी विद्या हासिल गर्ने भनी हतोत्साह र निराश कहिल्यै हुनु हुन्न । किन भने आफूमा रहेको अपूर्णता मिटाउँदै पूर्णतातिर लम्कनु नै प्रत्येक उन्नतिशील मानवको लक्ष्य हुनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ना याने आत्मक्रिया चाहिन्छ । कारण, यो छैन भने मन हुँदैन, भने अनि केही पनि हुँदैन ।

नवजीवनमा उसको वरपरको परिस्थिति, उसको स्वकीय शरीर र पनो मन यी सारा कुरामा उसको जन्मान्तरीय संचित संस्कारले ठूलो प्रभाव पारिराखेको हुन्छ । यो आन्तरिक कुरा भएको हुनाले दृष्टिले ऋवाट्ट देखिदैन मात्र तर अन्तर्दृष्टिले गहिरिएर हेर्ने हो भने यो पनि ज्ञात हुन्छ ।

यसैले संक्षेपमा भन्ने हो भने विद्या–साधनमा निम्नलिखित चार किसिमका कृपाहरू विशेषतः उल्लेखनीय छन् । ती पनि यिनै हुन् : आत्म-कृपा, गुरु-कृपा, शास्त्र-कृपा र ईश्वर-कृपा ।

१. आत्मकृपा– क्रिया र ज्ञानको सर्वोत्तम साधन भएको मनलाई अस्थिरता एवं चञ्चलताबाट हटाई स्वस्थतातिर ल्याउने काममा जुन विवेक विचारको महत्त्वपूर्ण हात रहन्छ, त्यही विवेक विचारको आदिम-उद्गम केन्द्र हो आत्मकृपा । श्रद्धा, विश्वास, धैर्य, सहनशीलता, अनुशासनशीलता चित्तको एकाग्रता , श्रवण, मनन, निदिध्यासन इत्यादि यावत् जन-जीवन-को सफलताका संमान्य सामानहरू छन्, ती सबै आत्मकृपाका अति उज्ज्वल चहकहरू हुन् । आत्मकृपा नै छैन भने मनै रहन्न, मन नरहेपछि केही रहन्न । तसर्थ विद्या–साधनमा आत्मकृपाको अत्यन्त महनीय महत्ता हुन्छ । संसारमा जसले जे–जति काम गर्दछ, जान्दछ र सिक्दछ त्यो सबै कुराको श्रेय वस्तुतः उसको आफ्नो आत्मकृपालाई नै छ ।

२. गुरुकृपा– विद्या-साधनामा गुरुकृपाको पनि कम महत्त्व छैन । गुरु याने विद्यादाता प्रसन्न हुनुभयो र उहाँको हार्दिक कृपा पाइयो भने विद्या-सम्बन्धी सबै चीज पाइयो । अगम तथा दुर्बोध तर अत्यन्त जीवनोपयोगी शास्त्रका ती गुह्य, दुरुह्य एवं रहस्यमय मर्म गुरुकृपाबाट मात्रै प्राप्त गर्न सकिन्छ । भनेकै पनि छ– "ब्रूयुः स्निग्धस्य शिष्यस्य गुरवो गुह्यमप्युत" अर्थात् गुरुहरू आफ्ना कृपापात्र शिष्यलाई गुह्य–गुह्य कुरा पनि बताउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. शास्त्रकृपा– खोजे–खोजेको विषयको समीचीनतया प्रति गरिएका ग्रन्थहरूको समुचित समयमा जहाँ–कहींबाट प्राप्ति भै विद्या जुन कृपाले सराहनीय सहयोग बिन आउँदछ, त्यो शास्त्रकृपा हो ।

४. ईश्वरकृपा– विद्या हासिल गर्न लाग्दा बीच–बीचमा प रोग–व्याधि, विघ्न–बाधा आदि जे–जति प्रतिबन्धकहरू छन्, ती हटाइदिन जुन अदृष्ट तत्त्वको अदृश्य हात रहेको हुन्छ, त्यस तत्त्व हो ईश्वरकृपा ।

हुन त हाम्रो विद्यार्थी–जगत्मा त्यस्तो कुनै पनि विद्यार्थी नपाइएला जो उपर्युक्त सबै साधनहरूले सुसम्पन्न भएको होस् तापनि साधन नै छैन, मैले कसरी विद्या हासिल गर्ने भनी हतोत्साह र निराश कहिल्यै हुनु हुन्न । किन भने आफूमा रहेको अपूर्णता मिटाउँदै पूर्णतातिर लम्कनु नै प्रत्येक उन्नतिशील मानवको लक्ष्य हुनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशा

जन–जीवनमा दुःख र दर्दरूपी विषाक्त कीराले कतिचोटि डस्छ, कसरी डस्छ, कहाँ डस्छ र किन डस्छ, यसको कुनै निश्चय छैन । फेरि जन–जीवन पनि जम्मै एकनासको हुँदैन; कुनै जीवन यसको डसाइमा बिउँझेर उन्नतिको तरखरमा लाग्न थालिहाल्दछ भने कुनैचाहिं यसको डसाइको विषद्वारा जलेर भष्म बनी बिलाइजान्छ र यहाँ उसको कुनै नाम निशान समेत बाँकी रहन्न । संसारको विचित्रता नै यस्तैमा छ ।

वस्तुतः संसारमा सबभन्दा महान् व्यक्ति उ नै हो जसले जीवनका विभिन्न जटिलता एवं दुःसह दुःख–दर्दका आँधी–बेहरीको हाँसी–हाँसी धैर्य-पूर्वक सामना गर्दै आफ्ना असफलता र कठिनाइहरूद्वारा निराश र नष्ट हुनुको सट्टा तिनलाई आफ्नो सफलताका प्रेरणास्रोत बनाई लिन्छ ।

जीवन संघर्षमय छ । यहाँ सुख र दुःख, आशा र निराशा, घाम र छाया, हर्ष र विस्मात् इत्यादि पारस्परिक विरोधी दलका बीच सनातन संग्राम छ र यो रही नै रहन्छ । अनि जन–जनको जीवन पनि यसै संग्राम वा संघर्षमा जन्मन्छ, हुर्कन्छ, बढ्छ र बिलाउँछ पनि; यसैले यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संघर्षमय भनिन्छ। वास्तवमा सच्चा वीरता शस्त्रास्त्रको युद्ध [ि]ई आफ्नो होइन; किन्तु जीवनको यही संघर्षमा विजयी बन्नमा रहन्छ।

हुन त मानिस स्वभावतः शान्तिप्रिय हुन्छ तथापि उ जन्मदे[ख]ि ...राज्य मजबूत सर्वदा संघर्षरत रहन्छ, किनभने उसको जीवनै यस्तै छ ।.ने आशाको उस मानिसलाई आफ्नो सत्य स्वभाव वा स्वरूपमा आउन उसले [य]सरी जुन आशाको –संग्राम सदाको लागि समाप्त पार्नुपार्दछ भनी विज्ञजनहरू भन्दछ[न्।] [य]सा अवश्यंभावी

उपर्युक्त दुःख र दर्दको दुःसह डसाइमा जसले शीतल[म]न्नु स्वाभा- लगाइदिछ र जसले जन-जनमा जीवन–संग्राममा नडराई अडिग रहने[वा]ली शक्तिको सिर्जना गरिदिन्छ, उही हो–आशा ।

हुन पनि हो, दुःख र दर्दका डरलाग्दा घनघोर घनघटाको पछाडि आशाको सूर्य सदा–सर्वदा शाश्वत् स्वरूपले चम्किरहेको हुन्छ। यसरी दुर्दिनमा जसले दिव्यज्योति दिन्छ एवं निराशा र मृत्युबाट जन-जनको जीवन जसले जोगाइदिन्छ, उही हो आशा ।

आफ्ना प्राणप्रिय प्रियतमको वियोगमा व्यथित विरहिणीको हृदयेश्वर-को आधार विना अड्न नसक्ने कुसुमसमान सकोमल प्रणयी हृदयलाई आधार दिई अड्याइराख्ने यही आशा–बन्धन नै हो भनी महाकवि कालिदासले पनि आफ्नो 'मेघदूत' मा यसरी लेखेका छन्–

"आशाबन्धः कुसुमसदृशं प्रायशो ह्यङ्गनानाम्
सद्यः पाति प्रणयि-हृदयं विप्रयोगे रुणद्धि ।"

कसो भन्नु अत्युक्ति नहोला भने कसैगरी कसैले आशास्रोतलाई यस संसारबाट सुकाइदियो अथवा लुकाइदियो भने उत्तिखेरि नै संसारको समस्त शक्ति-प्रवाह बन्द हुन्छ; अनि यहाँ कसैले पनि एक पाइलासम्म पनि अघि सार्न सक्तैन र संसारको गतिविधि नै रोकिन्छ। यसैले संसारको सम्पूर्ण संचालन-शक्ति आशामै अडेको छ भन्न सकिन्छ।

आशाको अरुणोदयमा जीवन-कुसुम मुस्कुराउन थाल्दछ, उत्साह र उमङ्गका शीतल प्राभातिक पवन-प्रवाह बहन थाल्दछ, मनमन्दिरमा सुमधुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि निस्कन थाल्दछ, अनि आत्मा बिउझेर आफना अन्तर-कुन्तरका साना शक्तिका स्रोतहरू पनि प्रवाहित बनाउन थाल्दछ।

आशा सम्पूर्ण शक्तिहरूको आदिम मूल हो; कल्पेको कुराको …ने कल्पवृक्षको फूल हो; निराशा, निरुत्साह आदि जीवन-…हरूलाई नाश गर्ने शाङ्कर त्रिशूल हो, अनि यसैले यसको …दीमा नबिसाई मृत्युको कठोरतम ढुङ्गामाथि बजारेर जीवनको … गर्नु जीवमात्रको ठूलो भूल हो।

यसरी सारा संसारको कल्याण गर्ने आशाको पनि परम दुश्मन जगत्मा जन्मेको छ, त्यो हो निराशा। निराशा आशाको मात्र होइन, किन्तु मानवमात्रको सबभन्दा भयङ्कर शत्रु र ईश्वरको भयद अभिशाप हो। मनुष्यमात्रमा विद्यमान ईश्वरीय शक्तिको नाश गर्ने मूल कारण यही नै हो। यस घातक विषबाट संसारका सारा प्राणीहरू ग्रस्त छन्। यसले मानिसको तन र मन दुवैतिर एकसाथ प्रहार गरेर उसको शारीरिक तथा मानसिक दुवै शक्तिलाई निश्चेष्ट बनाइदिन्छ।

संसारको स्रोत साह्रै नै गजबको छ। यहाँ जुन स्रोतबाट अमृतको प्रवाह बहेको हो, फेरि उही स्रोतबाट विषको धारा पनि छुट्न थाल्दछ। यसैअनुसार जीवन जोगाउने आशारूपी अमृतको जन्मस्थल जुन मानव मन हो उहीबाट जीवन भष्म पार्ने निराशारूपी विषको पनि जन्म भएको छ। यस निराशाले कस्तो कठोर निर्दयी र दुच्छर दानवी वृत्ति लिएको छ भने यसले मानव-मनमाथि प्रहार गरेर सबभन्दा पहिले आफू जन्मेको जन्मस्थललाई नै सखाप पार्ने प्रयत्न गर्दछ। यति मात्र हैन, संसारका उनान्सय प्रतिशत मानिसलाई आत्महत्या गर्न लगाउने पनि यही निराशा नै हो।

यसैले संसारको सम्पूर्ण अपराधको लागि सर्वप्रथम र सबभन्दा बढी जिम्मेवारी यसै निराशामा छ। पहिले यस निराशाले मानस-महलमा विराजमान समस्त मानसिक शक्तिरूपी सेनाहरूका नायक साहसलाई सखाप पार्ने प्रयास गर्दछ। यसरी साहस र निराशाको संग्राममा साहसले हार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खायो भने आशाको साम्राज्य समाप्त हुन्छ । अनि निराशा आई आफ्नो विषाक्त वातावरणको आवरणद्वारा जीवनवृक्ष जलाइदिन्छ ।

यसकारण मनुष्यमात्रले आफ्नो जीवनमा आशाको साम्राज्य मजबूत तुल्याउन पहिले साहसलाई कसरी सबल बनाउनुपर्दछ भने आशाको उस सीमाभित्र निराशाले यसो चियाउनसम्म पनि नपाओस् । यसरी जुन आशाको शक्तिशाली उत्साह सहयोगी हुन्छ, उसको विजय संसारमा अवश्यंभावी हुन्छ र अनि उस आशाले अँगालेको जन-जीवन पनि विजयी बन्नु स्वाभाविक कुरा हुन आउँछ । यस तवरले विजयी बनेको जीवनमा प्रभावशाली व्यक्तित्व, अनुपम चरित्र एवं प्रशंसनीय सौन्दर्य आदि सारा कुरा आफैं-आफ आउन थाल्दछन् र त्यस जीवनलाई पूर्ण र सफल बनाउँछन् ।

निष्कर्षमा हामी के भन्न सक्छौं भने जीवनमा विजय, सफलता र पूर्णता ल्याउनमा आशाले अग्रिम पाठ खेलेको हुन्छ । यसैले मलाई लाग्छ– मानिसले मात्र होइन अपितु प्रकृतिका प्रत्येक कणले पनि आफ्नो जीवनमा विजय, सफलता र पूर्णता पाउन केही न केही आशा अवश्यै गरिरहेका होलान् । त्यो कुरा हामीले केवल बुझ्न सक्नुपर्दछ, किनभने यहाँ स्पष्ट बोलीले भन्दा ईशारा र मौनवाणीले बढ्ता बुझाउने प्रयास गरिरहेको हुन्छ ।

आज हाम्रा अनगिन्ती खोला-नालाहरूले हामीलाई समातेर उ त्यो सुख्खा खेतबाट बग्ने बनाई हाम्रो जीवन सफल बनाउने पुरुषार्थी सपूत कहिले पैदा होला भन्ने आशा गर्दै होलान् ! हाम्रो जङ्गलको मृत-संजीवनी बुटी त्यसै मर्न लागेको मानिसको मुखमा कहिले पर्न पाउँला र उसको जीवन जोगाई सफल बनुँला भन्ने आशामा रहेको होला ! अनि हाम्रा यी धन संपत्तिका अग्ला-अग्ला पहाडहरूले हामीलाई धनी बनाउन खोज्दै हाम्रो बाटो हेरिरहेका होलान् ! हाम्रै आगमनको आशा तिनीहरूले लिइरहेका होलान् !!

०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारी

गगनको तर्फबाट चाहे जस्तोसुकै कठोर वज्र वज्रिन आओस् चाहे जस्तोसुकै क्रूरतर किरणको प्रचण्ड ताप खप्न परोस्, चाहे जस्तोसुकै दुःसह शीतको सामना गर्नुपरोस्, चाहे जस्तोसुकै भयङ्कर आँधी आई आफ्नो सत्तासमेत हर्न शुरू गरोस् वा प्रलयकालको जस्तो मेघ-गर्जनले मुटु नै थर्काओस्, तर पनि धरती सही नै रहन्छिन् । कस्तो सराहनीय सहनशीलता !

धरतीको यसै सहनशीलताको स्मृतिरूपी वेदीमा जसको नाम शाश्वत् स्वरूपले विराजमान रहेको हुन्छ, उनै हुन्–नारी । किनभने मनुष्य-जीवनमा नारीले पनि उसै गरी पुरुषको तर्फबाट आइपरेको अनगिन्ती दुःसह समस्याहरूको सामना आफ्नो सहनशीलताको आधारमा गरिआएको देखिन्छ । सीता, सावित्री, अनसूया, शकुन्तला आदि आदर्श सतीहरूको जीवनले यही कुराको सुमधुर सङ्केत दिइरहेको छ ।

अरुणको उज्वल आलोक पाई प्राचीमा मुस्कुराउने उषाले दिवस-कथा प्रारम्भ गरेझैं जसले पुरुषको सराहनीय सहयोग पाई जनजनको जीवन कथा शुरू गर्ने गर्दछिन्, उनै हुन्–नारी !

यसर्थ नारी विश्वका सारा विकृतिहरूकी मूल–प्रकृति हुन्, जीवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पथकी संसृति हुन्, सम्पूर्ण सांसारिक कृतिहरूकी प्रतिकृति हुन् एवं सरसता, सुन्दरता, सुमधुरता तथा सुकोमलता र मृदुलताकी सजीव मूर्ति पनि हुन् ।

यसरी नारीमा कुनचाहिंमात्र शक्तिको कमी छ ? संसारको सिर्जना गर्ने शक्ति, संसारको पालना गर्ने शक्ति, संसारको विकास गर्ने शक्ति, संसारको सिंगार गर्ने शक्ति, संसारको संरक्षण गर्ने शक्ति, संसारको संवर्धन गर्ने शक्ति इत्यादि सबै नारीमै निहित छन । यतिमात्र होइन, आवश्यकताको समयमा नारीमा संसारको संहार गर्ने शक्ति समेत रहेको देखिन्छ । यिनै शक्तिहरूको समुचित सदुपयोगमा नारी वन्दनीया बन्दछिन् भन्ने कुरा इतिहासले सुनाइ-रहेको छ । अस्तु

जस्तो चाँदको जीवनमा चाँदनीको, प्रदीपको जीवनमा ज्योतिको, तरुको जीवनीमा लताको एवं शिवको जीवनमा शक्तिको अतिशयआवश्यकता यथा अत्युत्तम महत्व हुन्छ उस्तै पुरुषको जीवनमा नारीको अत्यावश्यकता तथा महत्त्व हुन्छ । अनि नारीविनाको पुरुष जीवन चाँदनीविनाको चाँद ज्योतिविनाको प्रदीप, लताविनाको तरु एवं शक्तिविनाको शिव जस्तै अपूरो र अधूरो रहन्छ ।

संसारमा कुनै पनि कुरा कुनै न कुनै आधार विना अड्न सक्तैन, यो अकाट्य कुरा हो । ताल, तलाउ, सरोवर वा हिमालयबाट निस्केकी नदी सागरको आड लिन हतारिदै बहन्छिन्, लता लहरिदै तरुवरको आड लिन लत्रन्छिन् एवं ज्योति प्रदीपकै आधारमा अड्छिन् जस्तो ठीक उस्तै नारी पनि पुरुषकै आधारमा अड्छिन् । यो नारी जातिको नैसर्गिकता हो । अत एव जन्मदेखि विवाह गरी नदिउञ्जेलसम्मकी नारी पिताको आधारमा, विवाहित नारी पतिदेवको आधारमा र वयोवृद्धा भएपछि उनै नारी पुत्रको आधारमा रहेकी देखिन्छिन् ।

कुनै पनि नियम र अनुशासनले नबेरिएको छाडा जीवन स्वतन्त्र जीवन भन्न सकिन्न । छाडा गाई वा साँढेले अफ्नो होस् वा अर्काको होस् बाली-नाली नासिदिन्छ र अन्त्यमा अफैंले समेत पिटाइ पाउँछ । यसै गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै पनि नियम र अनुशासनबाट बाहिर रही छाडा र उच्छृङ्खल जीवन बिताउने पुरुष या नारीले पनि आफ्नो र समाजको समेत सिर्जनालाई भता-भुङ्ग पारिदिन्छन् र आखिरमा आई आफैले पनि दुःख पाउँछन् । अतः उप-युक्त नियम र अनुशासनको सीमाभित्र सुरक्षित तवरले रही जीवन जोगाउनु र जोगाइदिनु नारी वा पुरुष सबैको कर्तव्य हो । तर, फेरि अनावश्यक बन्धनहरूले नचाहिँदो तवरले बाँधियो भने न विरुवा बढ्न सक्दछ न त कुनै कोपिला नै फक्रन सक्दछ !

प्राचीन कालदेखि आजसम्म पनि हाम्रो समाजमा नारीहरू जुन नचाहिँदा बन्धनहरूले समेत बाँधिएर रहेका छन् उसै गरी पुरुषहरू पनि रहेका भए आज जत्तिको पनि हाम्रो देशमा विकास र प्रगति भएको देख्न हामी पाउँदैनथ्यौं । तर विधि–विधानका विधाता, धर्मशास्त्रका विज्ञाता तथा नीति र नियमका निर्माता बनी नारीजातिलाई चल्नै नसक्ने जस्तो गरी बन्धनमा पारे पनि आफूलाई बन्धनबाहिर राख्न सक्ने हाम्रा चतुर पुरुषपुर्खाहरूले आज हाम्रो लागि पनि केही गरिदिएकै हुन् भन्नु पर्दछ । आज हामीलाई एक अत्यन्त दुःख लाग्ने कुरा के भैरहेछ भने प्राचीनकाल-देखि नै पुरुषहरूको साथसाथ हाम्रा नारीहरूले पनि समान तवरले चाहिँदो कदमसम्म पनि चाल्न पाएनन् र आफूमा निहित शक्तिहरूको सदुपयोग गर्ने अवसर समेत पाएनन्; जसको फलस्वरूप आज हामी संसारका प्रगतिशील देशहरूको दाँजोमा धेरै नै पिछडिएका छौं । यसको अश्रेय नारीजातिलाई हैन, किन्तु आफ्नै धर्म, जाति, संस्कृति, सभ्यता रीति–रिवाज, परम्परा एवं पद्धतिका ती नचाहिँदा र अनावश्यक बन्धनहरूलाई छ ।

जे होस् तापनि पश्चात्तापको प्रायश्चित्तले आज त्यो प्राचीन पद्धतिको नारी पुरुषप्रतिको असमानता र पक्षपातको पाप पखालिँदो छ र प्रागऐति-हासिक युगदेखिका ती नचाहिँदा नारीबन्धनहरूमध्ये आज कयौं त्यसै सडेर सकिए, कयौं गलेर गए, र कयौंचाहिं आजका जाग्रत नारी-शक्तिद्वारा सखाप पारिदैछन्, यो खुशीको कुरा हो । तर, त्यसै सिलसिलामा नवीको संरक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र संवर्धनको लागि बाँधेर राखिएका चाहिंदा बाँधहरू पनि भत्किए भने नदीका वेगमय उच्छृङ्खल प्रवाहले हाम्रा खेत, बारी, वन, बगैंचा, घर, महल पाटी, पौवा सारा सारा नै बगाएर लाने कुरा पनि आजका प्रत्येक जाग्रत नारीहरूले पहिले नै विवेक गर्नुपर्ने देखिन्छ ।

वास्तवमा भनौं भने अनादर, निन्दा, असुविधा, तिरस्कार आदि दुःख र दर्दहरूले नघोचेसम्म कुनै पनि प्राणीको चित्तमा चेत या होश नआउने रहेछ । त्यसकारण जीवमात्रको जीवनमा दुःख, दर्द, व्यथा, वेदना, ताप, सन्ताप, पीडा, बाधाहरूले पनि निकै महत्वपूर्ण भाग लिएका हुन्छन् । दुःख-दर्दहरूको घोचाइ र घचघच्याइमा बिउँझी फुल्नेफल्ने र नबिउँझी त्यसै वैलाई झर्ने कुराचाहिं जन-जनको आ-आफ्नो इच्छा र आकांक्षामा नै निर्भर रहन्छ । आजको नारीजीवन उक्त कुराहरूको घचघच्याइ र घोचाइ-मा विउँझेको देख्ता अवश्य यो फुल्ने र फल्ने छ भन्ने हामीलाई ठूलो आशा लागेको छ । तर, कुनै पनि कोपिला विउँझदैमा विना स्याहार सुसार विना हेर-विचार हुर्केर फुल्न र फल्न सक्तैन । यसकारण आजका जाग्रत नारी-हरूले आफ्नो जीवनको फुलाइ र फलाइमा आवश्यक सामग्रीहरूको समुचित संचय गर्नु अति जरूरी देखिन्छ ।

उपर्युक्त तवरले समाजको मूल अङ्ग नारी-जीवन फुले-फलेमा त्यस-द्वारा संचालित अरू सामाजिक सबै जीवन फुल्न र फल्न थाल्ने छन्, यसमा शङ्का छैन । साँच्चि भनौं भने यसरी जीवन फुलाउने र फलाउने एवं आदर्श वनाउने जुक्ति सिक्नु नै वास्तविक शिक्षा हो । कितावी शिक्षा त वस्तुतः शिक्षा भनिंदैन तवसम्म, जवजम्म यसबाट जीवन सफल पार्ने जुक्ति सिकिन्न । आज नर र खास गरी नारीलाई यस्तै जीवन आदर्श र सफल बनाउने जुक्ति सिकाउने सच्चा र वास्तविक शिक्षाको अत्यन्त आवश्यकता छ; निष्क्रिय कितावी शिक्षा र केवल डिग्रीदायी शिक्षाको होइन । यस्तो शिक्षा त केवल भार-स्वरूपको हुन्छ ।

यही सच्चा शिक्षाको अभावको कारण आज समाजका विभिन्न अङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपस-आपसमा असंलग्न र असंबद्ध छन्। घरघरको कै-झगडा परिवार परिवारको पारस्परिक वैमनस्य, जातिजातिको आपस-आपसको असद्भाव इत्यादि कारणहरूले गर्दा हाम्रो समाज शिथिल र जर्जर बनिरहेको छ। यो हामी सबैको लागि साह्रै आपत्तिजनक समस्या हो र यसको सम्यक् समाधान केवल समुचित, सुयोग्य र सच्चा शिक्षा पाएका नारीहरूद्वारा नै छिटो र छरितो तवरले संपादन गर्न सकिन्छ। यसरी समाजकी मूल अङ्ग भएकी नारीले जन-जीवनका जटिल समस्याहरूको समाधान र निराकरणमा योगदान दिनको लागि पनि सर्वप्रथम समुचित शिक्षा हासिल गर्नु नितान्त आवश्यक छ।

उपर्युल्लिखित शिक्षाको साथै नारी मात्रको लागि अरू पनि धेरै अत्यावश्यक कुराहरू छन्। तीमध्ये रूप, सीप र नसीप (भाग्य) यी तीन कुराहरू विशेषतः उल्लेखनीय छन्।

रूपभन्दा तपाईं केवल सुमधुर यौवनले भरिएकी सोह्रवर्षे सुन्दरीको छिटो र छरितो कद, अलस नितम्ब, बारुले कम्मर, गुलाबी ओठ, अनारदाने दाँत, भुक्क भुक्क उठेका लाल–लाल गाला, सलक्क परेको नाक, लामालामा आँखीभौं, विशाल आँखा, विस्तृत निधार, जुल्फी परेका कपाल र हिस्सी परेको मुहार इत्यादि मात्र नसम्झनोस्। यी त खालि बाहिरी रूप हुन् र र यी सबै यौवन जस्तै क्षणिक छन्; किन भने यिनीहरू क्षणिक यौवनकै सन्तान त हुन्।

यसो भन्दा यौवनका यी बाहिरी वासन्ती हरियाली केही होइनन् भनेको हैन, यी नै मात्र नारीको सर्वस्व होइनन् भनेको हो। किन भने यी बाहिरी रूपको अतिरिक्त नारीको आन्तरिक रूप पनि हुन्छ, त्यो हो उसको सीप। सीप नारीको आन्तरिक रूप हो तापनि यो उसको मन, वचन र कर्मद्वारा बाह्य जगत्मा प्रस्फुटित हुन्छ। आदर्श नारीले आफ्नो यसै सीप-लाई सत्य, शिव र सौन्दर्यले सिगार्ने गर्दछिन्।

यिनै आन्तरिक र बाह्य रूपराशिले सिंगारिएकी नारी नै बत्तीस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्षणले युक्त भएकी सुन्दरी सम्झिइन्छिन् र यिनै नारीलाई नसीपवाली या भाग्यवती भन्दछन् । हुन पनि हो, उक्त रूप र सीप भाग्यवतीमै सम्भव हुन्छन् ।

विचार–विमर्श, सरसल्लाह आदि दिने काममा नारी मन्त्रीको काम गर्दछिन् त खान–पान, स्याहार–सुसार एवं हेर–विचार आदि गर्ने काममा यिनी आमाको काम गर्छिन्; शयनको समयमा एवं विलासको वेलामा नारी स्वर्गकी सुन्दरी बन्दछिन् त सेवा–कार्यमा यिनी सदा सहयोगिनी हुन्छिन्; धर्मकर्ममा नारी पुरुषकी अर्धाङ्गिनी बन्दछिन् त सहनशीलता र धैर्यधारणमा यिनी धरती बन्दछिन् । त्यस कारण नारी मन्त्री हुन्, आमा हुन्, स्वर्गकी सुन्दरी हुन्, सहयोगिनी हुन्, अर्धाङ्गिनी हुन् र अनि धरतीकै शरीरधारी जीवित मूर्ति पनि हुन् ।

साँच्चि भनौं भने यस संसारबाट केही गरी नियतिले समस्त नारी जातिलाई निर्मूल पारिदियो भने संसार सूनसान मसान बन्दछ अथवा जन–जनको जीवन सुख्खा भै सुकेर सकिन्छ र पृथ्वी मरुभूमि बन्दछ ।

हुन त जस्तो हाम्रो शरीरमा यसका प्रत्येक अवयवको आ–आफ्नो क्षेत्रमा आ–आफ्नो महत्त्वपूर्ण स्थान र शान हुन्छ; जस्तो आँखा भएन भने कुनै पनि कुरा देख्न सकिन्न, ओठ भएन भने प, फ आदि ओष्ठस्थानीय वर्ण-उच्चारण गर्न सकिन्न एवं खुट्टा भएन भने हिंड्न सकिन्न, यसर्थ शरीरमा यसका प्रत्येक अवयव आँखा, ओठ, खुट्टा आदिको आ–आफ्नो क्षेत्रमा आ–आफ्नो महत्त्व छ; उसै गरी समाजमा पनि यसका प्रत्येक अवयव नर होस् वा नारी सबैको समानरूपले आ–आफ्नो क्षेत्रमा आ–आफ्नो महनीय महत्ता हुन्छ । यो कुरा ध्रुवसत्य हो तापनि नर र नारीको तुलनामा नरकोभन्दा नारीकै बढ्ता महत्ता र विशेषता रहेको देखिन्छ, किन भने नरको रूप कठोरात्मक छ र संसारमा कठोर कुरालाईभन्दा कोमलता र मृदुलतालाई नै विशेष महत्त्व दिएको देखिन्छ । वास्तवमा भन्ने हो भने कोमलतामा नपुगेको कुनै पनि कठोर कुरामा पूर्णता र सफलता आएको देखिन्न । फलामै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि पगालेर कोमलतामा पुऱ्याएपछि मात्र मालसाल बनाउन सुयोग्य साधन बन्दछ। फूल र फलहरू पनि कोमलता र मृदुलतामा पुगेर नै आफ्नो जीवनको पूर्णता प्राउने गर्दछन्। अतएव कठोररूपात्मक नर–जीवनमा नारी नआईकन अर्थात् कोमलता र मृदुलता नआईकन यो वस्तुतः परिपूर्ण र सफल बन्न सक्तैन।

फेरि कोमलता र मृदुलताको मधुर मूर्ति नारीले पनि कठोर रूप नपाईकन सफलता हासिल गर्न सक्तिनन्। भनाइको तात्पर्य के हो भने संसारमा केवल कोमलताकै मात्र वा खालि कठोर रूपकै मात्र कुनै महत्त्व हुँदैन। सफलता र पूर्णता पाउनको लागि जत्तिको कठोर रूप आवश्यक हुन्छ, उत्तिकै आवश्यक बन्छ कोमलता र मृदुलता। यस कारण कठोर रूपधारी नर र कोमलताकी मूर्ति नारीको सुमधुर सम्मिलनमा नै जीवनको पूर्णता र सफलता पाउन सकिन्छ। यसैले नर र नारीलाई एक अर्काको अभिन्न अङ्ग मानिन्छ।

संसारमा स्वाभाविकता भन्ने कुरा पनि साँच्चिकै गजबको छ। पानीलाई जतिसुकै तताउनोस् र तातो पार्ने कोशिश गर्नोस् तर तताउन छोडेपछि पानी पुनः चिसै बन्छ। यस कुरालाई महाकवि कालिदासले पनि मार्मिक र सरस संस्कृत शब्दमा यसरी उल्लेख गरेका छन्–'शैत्यं हि यत्सा प्रकृतिर्जलस्य' अर्थात् चिसोपना जो हो त्योपानीको आफ्नो स्वाभाविकता हो।

यसरी कुनै कुरालाई उपर्युक्त साधन–सामग्रीहरूद्वारा परिवर्तित बनायौं भन्ने लागे तापनि वस्तुतः त्यस कुराको स्वाभाविकतामा कुनै पनि परिवर्तन ल्याउन कोही सक्तैन। साधन-सामग्रीहरूले त कुनै कुराको स्वाभाविकतामा केवल आवरण राखिदिन्छ र रङ्ग भरिदिन्छ, त्यत्ति नै हो। पानीबाट वैज्ञानिकले आगो निकाले तापनि पानीलाई नै आगो बनाउन कोही सक्तैसक्तैन। किनभने पानी र आगोको स्वाभाविकता बिलकुलै बेग्लाबेग्लै हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्याभाविकता भन्ने कुरा उस्तै खालका र उस्तै तालका, एउटै जातका र एउटै पातका फूलहरूमा पनि फरक फरक देखिन्छ । साँच्चि नै हो प्रकृतिदेवीको कुशलतापूर्ण कलाको गुप्त रहस्य अनिर्वचनीयै हुन्छ ।

काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य सबैमा हुन्छ । तर यही स्वाभाविकताको विभिन्नताले गर्दा कुनै नारीमा कम्ती र कुनैमा धेरै मात्रामा देखिन्छ ।

स्वाभाविकताले गर्दा कुनै नारी अत्यन्त क्रूर, निर्लज्ज र निर्दयी तालका हुन्छन् त कुनैचाहिं अत्यन्त शान्त, लज्जाशील र दयालु खालका हुन्छन्; कुनै नारी अधीर, कातर र चञ्चले चालका हुन्छन्, त कुनैचाहिं धीर, वीर र गम्भीर खालका हुन्छन्; कुनै नारी सरस सुन्दर र सुमधुर छाँटका हुन्छन् त कुनैचाहिं शुष्क, परुष र कटु काँटका हुन्छन् । यी सबै प्रकृतिदेवीकै देन मान्नुपर्दछ ।

नारी मात्रले आफूमा रहेका यिनै धैर्य, गाम्भीर्यादि गुणहरूले गर्दा पुरुष तर्फबाट आईपरेका दुःसह सङ्कटको सामना गर्दछन् त आफ्ना अधैर्य, चाञ्चल्यादि दोषहरूको लहैलहैमा लागी नारीले पनि पुरुषलाई महान् महान् आपत्तिमा पारिदिएको देखिन्छ ।

यही स्वाभाविकताले गर्दा एउटै जातको जीवन पाएका नारी जातिमा पनि आकाश-पातालको अन्तर देखिन्छ । कुनै नारीको स्वभावै वेश्या बन्ने खालको हुन्छ र उसलाई जस्तोसुकै संरक्षणमा राखोस् र जस्तोसुकै नियन्त्रणमा पारोस् तर पनि उनी वेश्या नै बनी छोड्छिन् । कसैको केही सीप लाग्दैन ।

तर जुन नारीको स्वभाव(स्वाभाविकता)सात्विक छ, आदर्श, कुलीन र पुनीत छ उनी जस्तोसुकै संकष्टको समयमा होस्, जस्तोसुकै दयनीय दशामा पुगोस्, जस्तोसुकै प्राणनाशक परिस्थितिमा परोस् र आफ्नो प्राणै समेत त्याग्न परोस्, तर पनि वेश्या बनी आफूलाई बेची आफ्नो सतीत्वलाई सखाप पार्दिनन् । यिनै तथ्यहरूको सुमधुर संकेत दिइरहेका कृष्णकुमारी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्मीबाई आदिका अतीत उज्ज्वल जीवनीहरू अर्फै इतिहासका सुनौला पानामा अङ्कित रहिरहेका छन् ।

यसरी समय–समयमा यस्ता उज्ज्वल ज्योतिहरू नउदाए सारा संसार अन्धकारको सागरमा डुबी सखाप भैसक्थ्यो होला । यसैले पनि सम्पूर्ण सांसारिक प्राणीहरूप्रति ईश्वरको अनुपम अनुग्रह कसरी रहेको छ भन्ने कुरा शायद औंल्याउंदो होला ।

हुन त ईश्वरीय अनुग्रह सबैमा समानरूपले रहेकै हुन्छ तापनि कुनै नारी त्यस अनुग्रहको ग्रहण गरी उज्ज्वल ज्योति बन्दछिन् र चिरकालतक चम्किरहन्छिन् । तर कुनै नारीचाहिं त्यस ईश्वरीय अनुग्रहको ग्रहण गर्न नसकी उज्ज्वलताबाट झन्-झन् पर पर पुग्दछिन् र अन्त्यमा अँध्यारैमा जीवन बिताउँदछिन् । सम्भवतः आज पनि ती ईश्वरीय अनुग्रहका सूक्ष्म सन्तानहरू नारीपिच्छे पछि-पछि लागिरहेका होलान् ।

नारी ! तिमी शक्तिशालिनी विश्वजननी हौ । तिम्रै शक्तिबाट विश्वले बुद्धजस्ता भगवान्, राम र कृष्णजस्ता महापुरुष, गान्धीजस्ता महात्मा, ईशाजस्ता ईश्वरभक्त, रवीन्द्रजस्ता कवीन्द्र एवं सीता र सावित्रीजस्ता सती आदि उज्ज्वल आलोक र ज्योतिहरू पाएको थियो । ...

नारी ! आज पनि तिमीमा रहेको मातृ–शक्तिसँग यति अँध्यारो संसारले अनवरत उज्ज्वल आलोक पाउन प्रार्थना गरिरहेछ नारी ! आलस्य र निद्राको वशमा परी सुतिरहेका आफ्ना समस्त सुतुवाहरूलाई बिउँझाउने आदर्श र अमरवाणीहरू तिमीबाटै पैदा हुन्छन् भनी विश्व-विश्वासमा बसिरहेछ !! नारी! जगको जीवन समरमा सामेल भै सफलता पाउन जन–जनले वीर-जननी तिमीबाटै सपूत अग्रणी वीरको आधार पाउने आशा गर्दै वरदान मागिरहेछ !!!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन

रोपिएको बीउलाई आकाशले हलचल गर्न अवकाश दिन्छ त धरतीले उसलाई आधार दिन्छ; परेको पानीले उसको प्यास मिटाइदिन्छ त उदाएको सूर्यले आफ्नो तेजोदानद्वारा उसको सुर उकासिदिन्छ; अनि पवन आई प्राण दिनासाथ त्यो बिउँझन्छ र उसमा बिरुवाको जीवन शुरू हुन्छ । अनि त्यसपछि पहिलेकै क्रमले क्रमशः उसमा पालुवा पलाउँछ र पालुवाको जीवन शुरू हुन्छ, अनि फूलको, अनि फलको र फलबाट अनि फेरि बीउकै जीवन आउँछ । त्यसैले बीजावस्थालाई कसै–कसैले जीवनको आरम्भ मान्छन् त कसैले यसलाई जीवनको अवसान वा विश्राम भन्दछन् ।

वास्तवमा आरम्भ जस्तै विश्राम पनि जीवन नै हो । थकाइ मारिसकेर उठ्न लागेकाको लागि आरम्भ जीवन हुन्छ भने उठेर परिश्रम गर्दा गर्दा थाकिसकेकाको लागि विश्राम पनि जीवन नै हुन्छ ।

यही रीतले प्यासीको लागि पानी जीवन हो । भोकाएकाको लागि खाना जीवन हो र रोगाएकाको लागि यथोचित औषधि जीवन हो ।

अर्थशास्त्र जीवनको अर्थ यसरी गर्न खोज्दछ–इच्छा र आवश्यकताको उत्पत्ति, अनि अर्थोपार्जनद्वारा एवं आवश्यक उत्पादनद्वारा उसको पूर्ति,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नयाँ इच्छा र आवश्यकताको उत्पत्ति, अनि फेरि उसको पनि उसै गरी पूर्ति यही क्रम नै जन–जनको जीवन हो ।

राजशास्त्र जीवनमा ज्योति जड्ने प्रयास यसरी गर्दछ– जीव मात्रले आफ्नो जन्मदेखि केही अधिकारको साथै केही कर्तव्य पनि बोकेर आएको हुन्छ । अनि जति-जति उसले उन्नति र प्रगति गर्दै जान्छ उति-उति उसको अधिकार र कर्तव्यको क्षेत्र पनि बढ्दै जान्छ । यसरी आफूले पाइआएको अधिकारको सदुपयोग र आफ्नो कर्तव्यको पालन नै जीवन हो ।

इतिहास यसरी जीवनको बाटो बताउन खोज्छ–जीवन एक संग्राम हो । यस संग्राममा जसको जीत हुन्छ उसको जीवन सफल र जसको हार हुन्छ उसको जीवन असफल बन्दछ । त्यसैले जीवन संग्राममा सफलता पाउनको निम्ति अतीतको अध्ययनद्वारा उज्ज्वल र स्वर्णिम भविष्यको नक्शा खिची अत्यन्त होशियारीसाथ वर्तमान जीवन-संग्राममा उत्तरोत्तर अघि बढ्दै जानु नै जीवन हो ।

भूगोल यसकिसिमले भूमिको महत्ता गाउँदै जीवन जोगाउन खोज्छ र भन्छ– तत्तद् जीवन तत्तद् भौगोलिक वातावरणको देन हो । भौगोलिक वातावरणले नै प्रत्येक जीवलाई आ-आफ्नो जीवन जोगाउन सिकाएको हुन्छ । हिमाल खण्डतिरका ती पोलर बियरहरू (पृथ्वीको उत्तरी ध्रुव र दक्षिणी ध्रुवतिरका भालुहरू) लाई त्यहाँको भौगोलिक वातावरणले हिउँकै रङ्ग जस्तो सेतो सेतो खालको बनाइदिएको हुन्छ, जसद्वारा ती भालुहरू शिकारीबाट आफ्नो जीवन जोगाएर बस्छन् । फेरि जङ्गलका बाघहरू पनि त्यहाँको भौगोलिक वातावरणले गर्दा त्यहाँ झरेर सुकेका पातहरूको रङ्ग जस्तै रङ्ग भएका हुन्छन् र ती बाघहरू त्यहाँका पात-पतिंगरमा सुतेर बस्ता नदेखिने र नचिह्निने बन्दछन् । यसरी भौगोलिक वातावरणले जीवमात्रको बाहिरी बनावटमा मात्र होइन, अपितु उनीहरूको मनोभावना र मस्तिष्क-को तर्कना आदि आन्तरिक कुराहरूमा समेत गहिरो प्रभाव पारिराखेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ । यसर्थ जीवन बनाउने काममा भूमिको अधिकतम महत्त्व हुन्छ । आदि ...

यसै गरी कोही समस्या र त्यसको समाधान नै जीवन हो भन्दछन् त कोही-कोही योग र क्षेम वहन गर्नु अर्थात् नपाएको कुरा पाउनु र पाएका कुराको रक्षा गर्दै जानु नै जीवन हो भन्दछन् । कोही करुण क्रन्दन र मधुर मुस्कानको एक रासायनिक सम्मिश्रण जीवन हो भन्दछन् त कोहीचाहिं उपर्युक्त तवरले जुन विन्दुबाट उक्लँदै माथि गइन्छ पुनः ओर्लंदै त्यही विन्दुमा आई विश्राम गर्नु नै जीवनको क्रम हो भन्दछन् ।

जीवन यस पृथ्वीमा मात्र रहेको छैन, पृथ्वीमा त केवल पार्थिव जीवनमात्र जीवित रहन्छ; किन्तु अन्य अनेकौं लोकमा अनेकौं किसिमका जीवनहरू जीवित रहेका हुन्छन् । जस्तो–वायुलोकमा वायवीय जीवन, तेजोलोकमा तैजस जीवन, जलको लोकमा जलीय जीवन, एवं अमृतको लोकमा अमर जीवन आदि रहन्छन् ।

एकपल्ट मेरा एकजना साथीले मसंग आई 'जीवनको गति के हो ?' भनी प्रश्न गर्नुभयो । त्यसमा मैले उहाँसँग भने– 'तपाईं केही कदम हिंड्नुहोस् त ।' उहाँ हिंडिदिनुभयो । अनि उहाँको कदमतिर संकेत गर्दै मैले उहाँलाई जवाफ दिएँ– 'हेर्नोस् साथी, तपाईंको हिंडिरहेको पाइलामध्ये कहिले कुनै अगाडि पर्दछ त कुनै पछाडि पर्दछ । अब तपाईं आफ्नै पाइलासित सम्पर्क राख्नोस् त शायद यसले जीवनको गतितिर औंल्याइरहेको हुनुपर्दछ ।' यसरी जीवनलाई केही मात्रामा यसको गतिबाट पनि पैल्याउन सकिन्छ ।

जीवनको मापदण्ड समयको अवधि हो । किनभने जुनसुकै जीवन पनि समयकै सीमाभित्र जन्मन्छ र उसको अन्त्य पनि त्यसकै सीमाभित्र हुन्छ । यसरी जन्मेर नमरुन्जेलसम्मको समयको अवधिले जीवनको नाप लिने काम गर्दछ भने हुन्छ ।

जीवन जहाँतहीं हुन्छ यो व्यापक छ तापनि देखिदैन केवल मौका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अवसरमा पाएर मात्रै यो प्रकट हुन्छ । उ त्यो रूखबाट झरेको सानो पातमा पनि जीवन छ । त्यस पातमा रहेको जीवन तबसम्म प्रकट हुन्छ, जब यो पानीमा डुबी मर्न लागेको माहुरीले त्यस पातमा जीवन पाउँछ ।

मानिसहरू भन्दछन्-अमृतमा जीवन छ, तर म भन्छु अमृतमा मात्र जीवन छैन, जानेदेखि विषमा पनि जीवन हुन्छ । विषमा यदि जीवन नभैदिएको भए शुद्ध गरी औषधिमा मिसाइएको विषले रोगीलाई कसरी जीवन-दान दिन सक्दो हो ।

जीवन समस्त जगत्का जीवमात्रको अतिशय प्रियतम वस्तु हो । उसोभए यस्तो प्रियतम वस्तुलाई पनि मानिस विष खाएर भीरबाट लोटिएर, समुद्रमा फाल हालेर, गला रेटेर, झुण्डिएर किन त्याग्न चाहन्छ त भन्ने शङ्का उठ्न सक्तछ ! तर त्यसो हैन, किनभने मानिसमात्र हैन किन्तु संसारका सम्पूर्ण प्राणीमात्र सदा-सर्वदा सर्वथा दुःखबाट दूर र सुखको साथ रहन चाहन्छ । यसै सिलसिलामा कुनै कुनै मूर्खहरू आफ्नो दुःख र दर्दलाई दूर गर्न विष खाने, सेरिने, झुण्डिने, गला रेट्ने आदि गर्दछन् । उनीहरू ठान्दछन्–यसो गर्दा उनीहरूको दुःख दर्द दूर हुन्छ । तर त्यो बिलकुलै हैन । त्यसो गर्नु के त भने सानो घाउको दर्दलाई बिर्सन अर्को ठूलो घाउ पार्नु जस्तो मात्र हो । हुन त हो, सियोले घोच्दा दुखेको दुःखलाई बिर्सिन्छ–अर्कोतिर चक्कुले ठूलो घाउ पारिदिँदा । तर वास्तवमा भन्ने होभने त्यहाँ सियोको घोचाइको दुःख छँदै छ; वरु त्यहाँ अलि सोच-विचार गर्ने होभने झन् चक्कुको चोट समेत थपिएको कुरा थाहा हुन्छ ।

गहिरिएर विचार गर्ने होभने थाहा हुन्छ– भोक, प्यास, रोग, शोक, सुख र दुःख इत्यादि सबै कुराको अनुभव हाम्रो यस बाहिरी शरीर (स्थूल शरीर) ले गर्ने होइन । किनभने सपनामा हाम्रो यो बाहिरिया स्थूल शरीर ओछ्यानमै पडिरहन्छ, तर हामी कता-कता गैरहँदा हामीलाई भोक, प्यास, सुख, दुःख इत्यादि सबै कुराको अनुभव हुन्छ । त्यस शरीरलाई सूक्ष्म शरीर भन्दछन् र त्यही शरीरले यस बाहिरको खोलसरीको स्थूल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरमा रही सुख दुःखको भोग गर्ने गर्दछ । यसकारण बाहिरिया यो स्थूल शरीरलाई सूक्ष्म शरीरको आधार र भोगायतन भन्दछन् । आत्महत्या गर्दा स्थूल शरीरबाट यो सूक्ष्म शरीर अत्यन्त कष्टसाथ वियुक्त बन्दछ, तर त्यसलाई पहिलेका सारा दुःख–दर्दको अनुभव पूर्ववत् नै हुन्छ । त्यसवेला आफ्नो आधार भोगायतन स्थूलशरीर नभै दिएको हुँदा कुनै पनि अत्यावश्यक सामान जुटाउन नसकी त्यस वियुक्त सूक्ष्म शरीरलाई पहिलेको भन्दा कयौं गुना बढी छटपटी र वेदना हुन थाल्दछ भनी विद्वान्हरू भन्दछन् ।

यद्यपि आर्थिक दुरवस्था, गृह-कलह, परिश्रममा असफलता, प्राणप्रिय कुराको वियोग इत्यादि कारणहरूद्वारा निराशाले निसास्सिएको मानिसलाई संसारको कुनै पनि कुरा मन नपर्नुको साथै आफ्नो जीवनै समेत अप्रिय लाग्दछ र उ आत्महत्या गर्न हिंड्छ भन्न सकिन्छ । तापनि जीवनचाहिं जीवमात्रको कहिल्यै कुनै हालतमा पनि अप्रिय हुन सक्तैन । नपत्याए रानीपोखरीमा आत्महत्या गर्न हाम्फालिसकेका मानिसको नजीकै पर्ने गरी एक लामो डोरी मिल्काई हेर्नोस्, उ त्यस डोरीमा समाती किनारामा उत्रने कोशिश गर्न थाल्दछ । यसैबाट ज्ञात हुन्छ चाहे संसारमा अरू जुनसुकै कुरा पनि अप्रिय हुन सक्दछ, तर जीवन कसैको पनि अप्रिय वस्तुतः हुन सक्तैसक्तैन ।

जीवन जहिले पनि, जुनसुकै हालतमा पनि, जस्तोसुकै संकष्टको समयमा पनि र जसरी भए पनि जीवित रहन चाहन्छ । यो जीवनको नैसर्गिक स्वभाव हो । जीवनको यसै स्वभावको आधारमा दुनियाँका दुःखी एवं व्यथितभन्दा व्यथित जन पनि जसकसरी भए पनि जीवितै रहन चाहन्छन् ।

संसारमा कसैको पनि सबै शत्रु वा सबै मित्र हुँदैन । रावणादि सारा शत्रुहरूलाई सिध्याइसकेर बाँकी सकललोकलाई खुशी र आनन्दित बनाइछोड्छु भनी कम्मर कसेका श्री रामचन्द्र जस्ताको उपर त एक धोबी शत्रु भै निस्क्यो भने अरूको कुरै गर्नु परेन । यसर्थ कसैको कोही मित्र हुन्छ त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोही अवश्यै शत्रु हुन्छ जस्तो ठीक उस्तै जीवनको पनि मित्र र शत्रु दुवै छन् । जीवनको मित्र आशा हो र शत्रुचाहिं निराशा हो । किनभने आशाले जीवनलाई जीवित रहन जसरी योगदान दिइरहंछ, ठीक उसै गरी निराशाले जीवनलाई हरतरहले निभाउन खोजिरहंछ । यसरी आशा र निराशाको संघर्ष जन-जीवनको जीवनभर जारी नै रहने हुनाले जीवन-लाई संघर्षशील हो भनी भन्दछन् ।

जीवनको तुलना उ त्यो बलिरहेको दियोको दीपसँग गर्न सकिन्छ भने जीवनसँगी आशालाई दियोको तेलसित दाँज्न सकिन्छ । जस्तो दियोको तेल सकिएपछि दीप निम्दछ, ठीक उस्तै आशा सकिएपछि जीवन–दीप पनि निशंक निम्दछ ।

जस्तै आशा जीवनको सहयोगी साथी हो, उस्तै कर्तव्य जीवनको सन्मार्ग हो दया र करुणा जीवनको सौरभमय सरसता हो, क्षमा र सहनशीलता जीवनको सुखद सौन्दर्य हो, धैर्य जीवनको बलियो अवलम्बन हो, सत्साहस जीवनको अमूल्य उन्नति–पथ हो, सत्य, प्रिय एवं हित वचन जीवनको सुमधुर संगीत हो एवं जिज्ञासा जीवनको ज्योति हो । अनि यसैको उल्टो निराशा जीवनको प्राणनाशक शत्रु हो, अकर्तव्य जीवनको कुमार्ग हो, निर्दयता र निष्करुणता जीवनको कटुतर कठोरता हो, अक्षमा र असहनशीलता जीवनको कुख्यात कुरूप हो, अधैर्य जीवनको निरावलम्बन वा आधारहीनता हो, दुःसाहस जीवनको अधोगति गराउने गर्हित मार्ग हो, असत्य, अप्रिय, एवं अहित वचन सातो लिने कठोर बज्रको चटचाङ्ग हो तथा ज्ञानप्रतिको बेवास्ताचाहिं जीवनको अन्धकार हो । अस्तु ...

यद्यपि जीवन अनेक प्रकारका हुन्छन् । जस्तो–पशुको पाशवी जीवन, दानवको दानवी जीवन, मानको मानवी जीवन र देवको दैवी जीवन तथा बालक, जवान र बूढाको क्रमशः बाल–जीवन, युवा–जीवन एवं वृद्ध-जीवन इत्यादि । तथापि मुख्यतया जीवनलाई दुई विभिन्न विभागमा विभाजित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकिन्छ । एक स्वावलम्बी जीवन र अर्को परावलम्बी जीवन । यी स्वावलम्बी र परावलम्बी जीवनमा उति नै अन्तर रहेको देखिन्छ, जति अन्तर आफ्नै खुट्टामा उभिन सक्ने वृक्ष र वृक्षको आड नलिईकन स्वयं उभिनलाई स्वभावतः नै नसक्ने लतामा पाइन्छ ।

संसारका नानाप्रकारका जीवहरूमध्ये कुनै जीव बाँचेर पनि मर्दछन् र कुनैचाहिं मरेर पनि कसरी अमर रहन्छन् भन्ने कुरा निम्न पंक्तिहरूमा प्रस्तुत गरिन्छ ।

यहाँ जीव भन्नाले ज्यान भएको मानिस, पशु, पंक्षी, कीरा आदि मात्र हैन, किन्तु जीवनवाला जति जम्मै जीव हुन् । ढुंगाको जीवन छ, माटोको जीवन छ, पहाडको जीवन छ, पत्थरको जीवन छ एवं संसारका सारा पदार्थहरूको आ–आफ्नो जीवन छ। तत्तत् पदार्थले आ–आफ्नो जीवन जीवित राख्न आ–आफ्नो काम सह्यालेको हुनुपर्दछ, आ–आफ्नो अस्तित्व कायम राखेको हुनुपर्दछ । ढुंगाले जबसम्म ढुंगाको काम गरेर आफ्नो अस्तित्व कायम राख्दछ, तवसम्म ढुङ्गाको जीवन जीवित रहन्छ । यो निर्विवाद कुरा हो । यदि ढुङ्गा फुत्रिएर धुलो बन्यो भने ढुङ्गाको अस्तित्व मेटिन्छ, उसको जीवन जान्छ । अनि उसलाई हामी ढुङ्गा भन्दैनौं, किन्तु धुलो भन्दछौं । यसै गरी संसारका सारा पदार्थहरूको जीवन उनीहरूको आ–आफ्नो कर्तव्य र अस्तित्वमा निर्भर रहेको हुन्छ ।

मानिसहरू धेरै वर्षसम्म बाँचियो भने लामो जीवन भएको भन्दछन्, तर हैन । लामो र अमर जीवन पाउन धेरै बाँच्नुपर्दैन, किन्तु धेरै बाँच्न अमर कर्तव्यद्वारा आफ्नो अस्तित्व कमाउन सक्नुपर्दछ; बादल बीचको बिजुली झैं झल्झलाकार मैं झिलिक्क झल्केर सकल लोकलाई पुलकित पारी संसारको अन्धकारलाई एकै क्षण भए पनि मेटिदिन सक्ने दिव्य ज्योति जस्तो मात्र बन्न सक्नुपर्दछ ।

अतः वास्तवमा हाम्रो अमर जीवन दिन, महीना, वर्ष र शताब्दी आदि समयको शृङ्खलामा बद्ध छैन, अपितु यो हाम्रो आफ्नो कार्यकलापमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्भर रहन्छ । आपनो कुशल कार्य–कलापद्वारा कसैले संसारमा सुख र शान्तिको स्थापना गर्न सक्छ, लोकको कल्याण गर्न सक्तछ एवं दुनियाँलाई केही देन दिन सक्तछ भने उसको जीवन अमर रहन्छ उ मरेर पनि अमर रहन्छ । तर जो यसो गर्न सक्दैन, केवल भूमिको भार भइरहन्छ, उ बाँचेर पनि मर्दछ। यसरी मरेर पनि अमर रहने र बाँचेर पनि मर्ने दुवै कुरा आफूमै निर्भर छन् किन भने सूर्यले किरण जस्तै प्रकृतिले शक्ति सबैलाई समान तरीकाले दिइराखेको हुन्छ र त्यसको सदुपयोग गर्नमा चाहिं आपनै हात रहन्छ ।

आफ्नो कार्य–कौशलद्वारा संसारमा अमर अस्तित्व एवं अमर जीवन कमाइसकेका कुनै पनि महापुरुषलाई संसारको कुनकुनै शक्तिले पनि सिध्याउन वा मार्न सक्तैन । शुक्रराज, धर्मभक्तलाई कुण्ड्याएर, महात्मा गान्धीलाई गोली हानेर, ईशालाई फांसी दिएर मूर्खहरू उनीहरूको मर्ने शरीरलाई मारेर मार्‍यौं भन्छन्, तर महापुरुषहरूको अमर जीवन कसरी सुरक्षित र अक्षुण्ण रहेको हुन्छ भन्ने कुराको उनीहरू केही पत्तो पाउन सक्तैनन् ।

अन्तमा हामी यति संकल्प गरौं– सिर्जित परिवर्तनद्वारा विषालु जीवनलाई पीयूषवर्षी बनाउन सकौं, निद्रित र सुषुप्त जीवनलाई जागरण-गानाले जागा गराउन सकौं र निराशाले निसास्सिएको जीवनलाई आशाको अरुणोदयद्वारा उमंगित बनाउन सकौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म

मैले कपुरी– 'क' देखि पढ्दै जांदा 'म' पुगेपछि राम्रो– 'म' भनी पढेथें। पढाउने गुरुले मलाई त्यसै भनी पढाउनुभएथ्यो। त्यसवेला मलाई लागेको थियो– 'म' लाई राम्रो भनी चिह्लाएको किन होला ! कपुरी– 'क' देखि तर्साउने– 'त्र' सम्मका त्यतिका अक्षरहरूमध्ये राम्रो 'म' मात्रै होला र ? ...

तर सांच्चि नै हो रहेछ। 'म' भन्ने कुरा सबैलाई उत्तिकै र उस्तै तवरले राम्रो लाग्ने रहेछ। यो कुरा मैले बल्ल हिजोआज बुझ्न थालें।

'उः डल्ली रहिछ' 'छिःछ्याकटी रहिछ' इत्यादि भनी डल्ली र छ्याकटीलाई नराम्रो तुल्याउने कोही छन् भने तिनलाई पनि ती डल्ली र छ्याकटी चाहिले 'उः कस्ती सुइँखुट्टी रहिछ बाँसजस्ती' 'छ्याः कस्ती काली रहिछ अँगारजस्ती' इत्यादि भनी नराम्ररी गिज्याएको पाइन्छ। स्वास्नी-मान्छेमा मात्र यो कुरा होइन, किन्तु लोग्नेमान्छेमा पनि यस्तै भएको देखिन्छ। भुंडेलाई देखेर आफूलाई उभन्दा छिटोछरितो र फुर्तिलो राम्रो सम्झने सिन्केले जसरी त्यो भुंडेलाई 'नराम्रो पापको बोसो बोकेको' भनी गिज्याउँछ, ठीक त्यसरी नै त्यो भुंडेले त्यसलाई 'फुः गर्दा ढल्ने सिन्के कस्तो सन्कन्छ ए ! कस्ती अनुहार हेर म, सधैं खाने वेलामा निकालेको जस्तो छ।'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि भनी नराम्रो भन्दछ । यसरी उसले उसलाई, उसले उसलाई नराम्रो भने तापनि सबैले आफू-आफूलाई अर्थात् 'म' लाई राम्रै सम्झेका हुन्छन् ।

यसरी यहाँ सर्वसाधारणले आ-आफूलाई अर्थात् 'म' लाई राम्रोमात्र सम्झेका छन्, तर तिनीहरूमध्ये नै कोही कुनै तवरले माथि पुगे भने आफूलाई याने 'म' लाई त्यत्तिकै माथि-माथिको महत्व दिंदै जान्छन् ।

'म' तपस्वीहरूको तप हुँ, बुद्धिमान्हरूको बुद्धि हुँ, तेजस्वीहरूको तेज हुँ, बलवान्हरूको बल हुँ सबै प्राणीहरूको जीवन हुँ तथा समस्त चराचर जगत्को बीज हुँ र म बाहेक यहाँ अरू केही छैन...' इत्यादि के-के हो के-के भगवान् कृष्णले 'म'लाई माथि उठाई गरेका कुराहरू गीतामा सुन्नुभएकै होला, मौजुदै छन् ।

त्यतिमात्रै कहाँ हो र, 'म' लाई माथि पुऱ्याउँदा-पुऱ्याउँदा मानिसले 'अहं ब्रह्माऽस्मि' समेत भन्न पुगेका छन् ।

यसरी 'मै' ठूलो भनी घमण्ड गरी हिंडेकोले नै होला परमेश्वरले मानिसलाई चाँडो चाँडो मर्ने मरणशील बनाइदिएको !

एकपल्ट मलाई साह्रै रुन मन लाग्यो । रुन पनि दिल फुकाएर भनेको वेलामा भने-जस्तो गरी कहाँ पाइँदो रहेछ र ! मनकांक्षे पुग्ने गरी रुनलाई एकान्त ठाउँ खोज्नुपऱ्यो-जङ्गल, नदीको किनार, पहाडको फेदी इत्यादि । तर, फेरि त्यहाँ जाउञ्जेल के के देखिन्छ, को को भेटिन्छ र कस्तो कस्तो सुनिन्छ, जसले गर्दा आफ्नो अघिको रुने मूड मनः स्थिति हराइसक्न पनि सक्छ । संसार यस्तै छ, यहाँ एक कुरा मात्र होइन, हरेक कुरा गर्नलाई पनि हैरानै छ । कता के मिलाऊ रे, कता के गर रे, कसलाई के भन रे, कहाँ जाऊ रे, कति हैरान ! यस्तो हैरानी मानिस ठूलो भएर केही जानी बुझी सकेपछि मात्र पाउने होइन, किन्तु जन्मेदेखि नै प्रत्येक प्राणी हैरानीमा हुन्छ । बालक छउञ्जेल एकपल्ट दूध खानलाई, एकटुक्रा सानो पापा खानलाई आमाको आगमनमा बस्ता बस्ता हैरान ! कैल्हे-कैल्हे त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नरोईकन आमाले सुन्दै नसुनिदिने । फेरि रोई कराई बल्ल-बल्ल आमा आइपुग्नुभयो भने पनि उहाँलाई कहीं कतै जान जरूरी परेर दूध खाँदा-पनि 'बाबा एक्कै छिन बस है, मामा प र गएर बाबालाई फेरि लिन आउँला' भनी फासल–फुसल पारी आमा गइदिनुभयो भने फेरि रुँदैमा हैरान ! आमा हुने बालकको त यो हवाल हुन्छ भने आमा नहुनेहरूको हैरानी के बयान गर्नें ?

फेरि, अलिकति ठूलो भएपछि पढ्नु–गुन्नुपर्छ, ठूलाबडा भलाद्मी सज्जनहरूको संगत गर्नुपर्छ भन्दछन् । त्यो वेलामा त्यत्तिकै हैरान– हैरान ! आफूलाई थाहा हुँदैन को सज्जन, को ठूलाबडा, को भलाद्मी, कसरी पढ्ने कसरी गुन्ने इत्यादि । अनि आफ्नो मनले खाएको मान्छेसँग हिंड्दा घरबाट 'त्यो त एक नम्बरको बदमाश बाह्रमासे, रक्सीबाज बुख्सि, त्यस्तासँग हिंड्ने तँ ?' भनी गगनभेदी गर्जनात्मक वातको साथैं कठोर लात पनि खानुपर्ने हुन्छ । कस्तो हैरान !

त्यसपछि जवान भयो, केटो भए केटी र केटी भए केटो खोज्नु पर्‍यो, झनै हैरान ! केटी खोज्नुपर्दा केटीलाई के-कस्तो हैरानी हुन्छ भन्ने कुरा त मलाई थाहा छैन । मलाई त आफू केटो भएको हुंदा केटी खोज्नुपर्दा कस्तो हैरानी हुन्छ भन्ने कुरा मात्र अलि–अलि थाहा छ । त्यो म भन्छु ।

दन्त्यकथामा लाटोबुङ्गोलाई उसकी आमाले सिकाइदिएको केटी फकाउने उपाय प्रयोग गरी नहेरे तापनि थाहासम्म थियो र साथैं त्यस्तो काममा असफल भइयो भने ठूलो खतराजनक आपत्ति आउने कुरा पनि ख्याल थियो ।

जीवनमा जुनसुकै काम गर्न पनि वेला आएपछि सुर आउने रहेछ । केटा-केटी अवस्थामा जुन काम अरूले गरी हिंडेको देख्दा वा सुन्दा आफू-लाई घिन लाग्दथ्यो, नराम्रो र बिर्नासित्तिको जस्तो लाग्दथ्यो त्यही काम आज त्यो अवस्थामा आइपुगेपछि उस्तै राम्रो मनलाग्दो र मजा लाग्दो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदोरहेछ। म आफ्नो केटा-केटी छँदाको र अहिले जवान हुँदाको स्वभावमा यही अन्तर पाउँछु ।

अँ, मलाई उक्त उपाय र त्यो असफल हुन गएमा आइपर्ने आपत्तिको ख्याल थियो । अनि अहिलेको यो आधुनिक जमनामा पुरानो उपायको प्रयोगले के असर पार्न सक्ला र भन्ने लागेर त्यसलाई आधुनिकीकरण गरी हेर्ने निधो लिई हिंडे ।

हुन त संसार यति विशाल छ, काल अनन्त छ एवं यहाँ जे पनि छ। तर पनि आफूलाई भनेको कुरा, भनेको बेलामा, भनेजस्तो गरी, भनेजस्तो ठाउँमा कहाँ पाइन्छ र ! हुन त जतिसुकै ऊँचो खालको मूल्यवान् एवं महत्वपूर्ण कुरा पनि कठिनतापूर्वक पाउँदा जत्तिको अपूर्वको तथा अमूल्यको बन्न जान्छ उति सरलताको साथ त्यो पाइयो भने त्यस्तो हुँदैन । यस दृष्टिले जे पनि दुःखै गरी सकेर मात्र पाइयोस् भनूँजस्तो लाग्दछ; तर त्यसो भएमा भैरहेका हैरानीमा अझ बढी हैरानी थपिन जाला भन्ने डर लाग्छ । जीवन कस्तो जटिल छ भने कुरा गरेर साध्यै छैन । यता अलि पुगेन भनेर यता तान्न खोज्योभने उता नपुगेर फत्र्याक फत्र्याक परिहाल्छ, फेरि उता उस्तो भो भनी मिलाउन लाग्योभने यता खुस्किहाल्छ । मानौं वायु-पित्त-कफ जस्तो । बिलकुल समअवस्थामा स्थित छ भने अलि शान्ति आउँछ, त्यसमा केहीमात्र खित्रिक्क भयोभने बित्यास परिहाल्छ । पित्तको मात्रा केही अंशमा मात्र बढ्यो भने वा वायुको स्थिति अलिकति मात्र गडबडियो भने आँखा पोल्ने तथा पेट दुख्ने हात-गोडा सुनिने आदि भैहाल्छ । यसैले त हामी हरदम हैरानीमा हुन्छौं भन्ने कुरा मैले अघि नै तपाईं सँग भनिसकें ।

अँ, केटी खोज्न निस्केको म एक सडकको किनारामा उभिएर सोच-विचार गर्दै थिएँ—अब के तरीका र कुन उपाय अपनाए सजिलोसँग सो फेला पार्न सकुंला । बंसको बेलामा कैयौं बालाहरू पनि यस्तै छटपटीमा परिरहेका होलान् । तिनीहरूमध्ये एउटी भेट्टाउन पाए त पुगिहाल्यो । उसलाई पनि ठीक, आफूलाई पनि ठीक । यस्तै विचारमा मग्न हुँदै थिएँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प...र फतै 'हरे राम' कीर्तन गरिरहेको सुनियो। त्यस्तो ठाउँमा राम्रा राम्रा नानावली नानीहरू निक्कै हुन्छन् भन्ने सुनेको थिएँ। त्यसैले हेरूं न त एकपल्ट भनी सरासर त्यतैतिर लम्कें। कीर्तन निक्कै मच्चिराखेको थियो। भऱ्याङ उक्लेर कोठाभित्र पसेर च्याउँछु त के लोग्नेमान्छे के स्वास्नीमान्छे सबै सरोवर भावाकुल छन्, कोही छटपटी गर्छन् त कोही हतपती, कोही क्वाँ क्वाँ गर्छन् त कोही घ्वाँ घ्वाँ, कोही सुँक्क सुँक्क गर्छन् त कोही घुँक्क घुँक्क, ओहो के बयान गर्ने सबै सबै भावविह्वल छन्!

आरती हुँदैछ। धूप-दीप बलिरहेका छन्। तर धूप-दीपको सुगन्धलाई मान्छेको उकुस-मुकुस भई निस्केको पसीनाको हप्हपी गन्धले जितेको छ। पुडी उडिरहेका छन्, लड्डु गुडिरहेका छन् तर मलाई अचम्मै लाग्यो किनभने ती पुडी उडी गएर पनि उनै राम्रा-राम्रा नानीहरूको काखमा पुग्ने, लड्डु गुडी गएर पनि उनीहरूकै काखमा पुग्ने!...

मलाई ती सबै देख्तै र सुन्दैमा वाक्क लागेर आयो। यस्ता अरूका पछि लागिसकेका नागिनीहरूलाई चलाउन थाल्योभने त डसेर बिताइहाल्छन् नि, भो वा जाऊँ आफ्नो वाटो लागेर, भन्ठानी लुसुक्कनि फर्केर आएँ।

त्यो कीर्तनमा भैराखेको मानिसहरूको समय, शक्ति र सम्पत्तिको वाहियाती खर्च देख्ता हाम्रो देशमा अरू पनि अनगिन्ती यस्तै वाहियाती खर्च कहाँ-कहाँ कति-कति भैराखेको होला भन्ने मनमा आएर एकछिन जिल्ल परें।

जस्तो सिगरेट, सिनेमा, सुरा, सुन्दरी इत्यादिको नशाले लट्ठिएपछि मानिसले त्यो खराव हो भन्ने थाहा पाई-पाईकन पनि छोड्न सक्तैनन् अथवा उनीहरू त्यसो गर्नु नै आफ्नो भलाई सम्झन्छन्, त्यस्तै हरिकीर्तन पनि एक प्रकारको नशा जस्तै रहेछ। नत्र त आफ्नो समय, शक्ति र सम्पत्तिको वाहियाती क्षति छ भन्ने थाहा पाई-पाईकन पनि मानिसले किन त्यसलाई त्याग्न सक्तैनन् त?

हामी आफ्ना मान्यजन गुरुदेवहरूप्रति श्रद्धा र भक्ति राम्रो देखाउँछौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो हाम्रो प्रशंसनीय आदर्श हो । तर, त्यसको साथ-साथै हामी अरू यता उता केही नदेख्ने अन्धा बनी हिंड्दछौं, यो भने हाम्रो सर्वगुणलाई निखार्ने या तिरोभूत गर्ने दुर्गुण हो । यही एक अन्धताको दुर्गुणले हामी उपल्लो उपल्लो आलोकमा उक्लन पछि परेका हौं । विशेषतः पश्चिमी देशका जनता-हरूमा यस्तो छैन । उनीहरू चाहे आमा, बाबु, गुरु र सर्वगुरु पनि किन नहोस् तर उनीहरूको कुनै दुर्गुण छ र भूलचुक देखिन्छ भने तुरुन्ता-तुरुन्तै त्यसको उछित्तो पारिदिन्छन् र अनि उपल्लो आलोकमा पुगिहाल्छन् । हामी भने आफ्ना अघिका पूर्वजहरूले जे-जसो भन्छन्, शत-प्रतिशत उही ठीक मानी त्यसलाई केलाउनपट्टि लाग्दैनौं र केलाएर हेर्न पनि हामी ठूलो पाप सम्झन्छौं । पश्चिमी र अन्य विकसित देशहरू उठेर अघि बढ्नुमा र हामी सधैंको सधैं पछि पर्नुमा मूल कारण यही नै हो ।

यो कुरा हो कि होइन तपाईं स्वयं पनि सोच्न सक्नुहुन्छ । पूर्वजहरूले कुन वेलाको कुन सुरमा 'कलौ केशवकीर्तनात्' भनेर हिंडिदिए, अब हामी त्यसैमा अन्ध श्रद्धा र भक्ति लगाएर रातोदिन व्यस्त रहन्छौं । चाहे जुनसुकै युगले आफूलाई जतिसुकै पछि छाडेर जाओस् त्यसको कुनै परवाह हामी राख्न चाहन्नौं र राख्दैनौं ।

हामी हाम्रो भाग्यले यस्तो सुशीतल हिमालको काखमा जन्मेका छौं, प्रकृतिले हरा-भरा भएको सुनौला देश हाम्रो छ, वातावरण शान्त छ, नदी नाला र झरनाहरूले चारैतिर शाश्वत् संगीत सुनाइरहेछन् । यी सबै भैकन पनि हाम्रो दिमाग ठीक रहँदैन, हामी एकछिन फुर्सत लिएर चाहिंदो कुरामा सोच-विचार र विवेचन गर्ने गर्दैनौं, किन होला ? विचार गरौं-उक्त किसिम-का दैनन्दिन देशभरमा भैरहेका दुःखद दुरुपयोगमा मासिइरहेका समय, शक्ति र सम्पत्तिको समुचित सदुपयोग गर्न मानिसहरूले सिकेभने हाम्रो देशले अरू उपल्ला देशहरूलाई उछिन्न कुनै लम्बे समय लाग्दैनथ्यो होला । तर के गर्ने, सारा सारा नशामा लट्ठ छन्, दिनपरदिन नशामा लट्ठिने बानी बढ्दै गैराखेको छ, यिनीहरूलाई धेरै पछाडि छाडेर समय निवर्क अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढिसकेको छ, यिनको शक्ति प्रतिदिन सुक्दो छ र सम्पत्ति सकिँदो छ !

लौन नि ! म आफूले आफैंलाई धिक्कारेछु । म त अर्काको आँगमा जुम्रा हिंडेको देख्ने आफ्नो आँगमा भने भैंसी हिंडिराखेको पनि नदेख्ने पाजी रहेछु, धिक्कार छ मलाई ! म कस्तो बेवकूफ रहेछु । यतिका दिनसम्म आफू केटीको तरानामा-नशामा लट्ठिएर कहाँ-कहाँ गएको, के-के देखेको, कस्तो-कस्तो सोचेको, यी सब कुरा म आफैंलाई थाहा रहेनछ । नशामा लट्ठिएपछि मान्छे साँच्चिकै पशु हुंदोरहेछ– भयङ्कर पशु । स्वाभाविक पशु त बरु जहिले पनि आफ्नो स्वाभाविकतामा बस्छ तर मान्छे नशामा लट्ठिएर पशु बनेपछि अस्वाभाविक पशु बन्ने रहेछ, स्वाभाविक पशुभन्दा धेरै-धेरै गुना भयङ्कर र खतरनाक ! ...

अँ, यो होशमा आउनुभन्दा पहिले मैले अर्को एउटा पनि उट्पटयाङ्ग मच्चाएको कुरा अहिले अलि-अलि सम्झना आउँछ । त्यो सम्झँदा अहिले आफैंलाई हाँसो लाग्दछ । के भने, केटी चाहिएको हुँदा सो सजिलोसँग पाउने उपाय के हो भनी सल्लाह मागी 'समीक्षा' लाई पत्र लेखेछु, जबाफमा उनले 'रातो कम्मरपेटीमा केटी चाहियो, भन्ने विज्ञापन लेखी बाटो कुर्नू, कुनै पनि केटी आउनासाथै उसको अगाडि ठडिएर देखापर्नू' भनी सल्लाह लेखी पठाए । तर त्यस वेलाको मेरो सुषुप्त मतिले पनि एउटा गजबको चलाखी गरेको रहेछ– आफ्नो नाउँ बदलेर दिएको रहेछु । नत्र त साह्रै वेइज्जत हुने कहीं-कतै हिंड्नु हुने नै थिएन होला ।

अनि, यही रीतिले बुढेसकाल लागेपछिको हैरानी हुने कुराको त झन् साँधी नै रहँदैन होला, त्यो अहिले अनुमान गरी हेरे हुन्छ । जवानी, जोश, उत्साह, उमंग इत्यादि सारा सारा नै भने जस्तो मौजूद हुँदा त हाल यो हविगतको हैरानी आफूले भोगेर आइरहेछु, झन् बुढेसकाल लागेपछि इन्द्रिय सब शिथिल भैसक्छन् सम्पूर्ण शक्तिका स्रोतहरू सुक्दै जान थाल्दछन् । गरूँ भनेको कुरा गर्न सकिन्न, जाऊँ भनेको ठाउँमा जान सकिन्न, यसरी सबैमा बुढ्याइँ लाग्दछ, तर पनि मन र उसमा उब्जने इच्छा र आकांक्षा तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासना र संस्कारचाहिं अहिलेकै झैं तन्नेरी नै रहिरहन्छन् रे ! अब आफैं कल्पना गरूँ– त्यस बेला झन् कस्तो हैरानी हुने होला ! ...

अब त केही न केही आभासरूपमा भएपनि चिनिएँ जस्तो लाग्छ– उपर्युक्त तरीकाले कहिले शोकले, कहिले रोगले त कहिले भोग इत्यादिले हरदम हैरानीमा रहने तथा आफूलाई सदा सुन्दर र श्रेष्ठ सम्झेर 'मै हुँ' भन्ने– म ।

लौ, यो बीचमा आइपरेका प्रसङ्गहरूले गर्दा त आफूले पहिले उठाएको कुरा झण्डै बिर्सन लागेछु । अँ, एकपल्ट मलाई साह्रै नै रुन मनलाग्यो । कारण, इच्छाएको सानो-तिनो काम कुरा पनि नपुग्ने, साधनहीन साह्रै दुःखी भएँ भनेर ! रोग, शोक, दुःख, दारिद्र्य यी सबै पूर्वजन्मका पापको फल हो भनी भन्दछन् । भएन, अबदेखि पशुपति जाने गर्नुपर्‍यो भन्ने लाग्यो र जुरुक्क उठेर पशुपतितिर लम्कें । तर पशुपति पुग्न नपाउँदैमा माग्नेका ताँती 'हजूर दुई पैसा पाऊँ !' भन्दै मेरो पछि-पछि लागेर आएको देखता म छक्क परें । मेरो दुःख सबै तिनीहरूले नै तानेर लिए जस्तो लाग्यो र पशुपतिलाई ढोकैबाट प्रणाम गरी फर्कें । फर्कंदा बाटोमा मनमनै गुन्न थालें ।

मानिसहरू आफूलाई दुःखी सम्झेर हररोज दुःखकै आराधना गरेर एवं दुःखकै धारणा, ध्यान, चिन्तन र मनन गरेर उत्तरोत्तर दुःखी हुँदा रहेछन् । आफू सुखी छु भन्ने कुरा उसले कहिल्यै सोचेन । मानिसलाई उसैसँग मौजूद रहेको सुखको अनुभव गराउन पनि उसलाई अर्को दुःखको थप अनुभव गराउनुपर्ने भैसक्यो ! नुहाउन लागेको मानिस पहिले जुन सुखमा थियो, त्यो सुखको अनुभव उसले जाडोमा दुःख खाएर नुहाइसकी लुगा सुगा लाएपछि मात्र गर्दछ र भन्छ– 'अहा ! क्या आनन्द !' फेरि आफूले अनुभव गरेको आनन्द अरूमा पनि बाड्न चाहने आशमा लिएर उ अर्कालाई पनि भन्छ– 'ननुहाएसम्म त हो नि, एक्कै छिन् जाडो खपेर नुहाइसकेपछि लुगा-सुगा लाएर बस न क्या आनन्द आउँछ !' इत्यादि ।

यसै सन्दर्भमा मलाई कविवर श्रीमाधव घिमिरेज्यूसँगको एकदिन एक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख्निको भेटघाटमा भएको कुराकानीको सम्झना आयो। कविज्यू वेदान्त पढेर वेदान्तलाई नै गाली गरेर हिड्नुहुन्छ रे भन्ने हल्ला मैले सुनेको थिएँ र अप्रत्यक्ष रूपमा उसै सिलसिलाको कुरा उठाउँदा कविज्यूले भन्नुभयो– यो वेदान्ती-हरूले जो 'ब्रह्म सत्यं जगन्मिथ्या' भने त्यसमा 'ब्रह्म सत्यम्' भन्ने भाग बहुतै राम्रो छ। यो समस्त जगत् त्यसैले (ब्रह्मले नै) अनुप्राणित भइरहेको हुँदा यति जीवनमय र रमणीय बनिरहेको छ, तर उनीहरूको जो 'जगन्मिथ्या' भन्ने अंश छ त्यो बिलकुल गलत हो। ब्रह्म सत्य छ त त्यसले अनुप्राणित जगत् पनि उस्तै छ। त्यसैले जगत् मिथ्या होइन, अपितु यसको कण–कणमा ब्रह्म छ–सत्य छ र यो पनि सत्य छ।'

कविजी अगाडि भन्दै जानुभयो– 'त्यस्तै जीवनमा पनि दुःख छैन, जीवन त सुखमय हो। दुःख त हामी आफैंले गर्ने काम-कुराको चाँजो-पाँजो या सिलसिला नमिल्नाले आइपर्छ। त्यसरी दुःख आइपर्दैमा जीवन दुःखमय भन्ने? दुःख आयो त आफ्नै ढङ्गले ल्याएर आयो' इत्यादि।

योचाहिं त पक्कै साँचो हो– दुःखलाई आफैंले डाकी ल्याएर आफैं-लाई डसाउन लाउने हामी आफैं हौं। दोस्रो विश्वयुद्धपछि यत्रतत्र दिदी-बहिनीहरू आपस-आपसमा धरधरी आँसु चुहाएर पश्चात्ताप पोख्तै बिलौना गर्थे रे– हे दिदी हो, हे बहिनी हो, हेर, हामी आ-आफैंले आ-आफ्ना प्राणप्रिय पतिदेवहरूलाई रण-संग्राममा मारेर आफ्नो सिउँधोको सिन्दूर आफैंले पुछ्यौं, आफ्नो निधारको रातो टीका आफैंले मेटयौं, आफ्ना हातका चुरीहरू आफैंले फुटाल्यौं, हामी विधवा भयौं। बाहिरतिरको यो विश्व-संहार विध्वंस, सूनसान उराठलाग्दो मसानी वातावरण र अन्तर्दिलको यो हाहाकार, असह्य दर्द हामी आफैंले बोलाई ल्यायौं। हामीले युद्धमा हाम्रा पतिदेवहरूको साथसाथै सम्पूर्ण सांसारिक सुख र शान्तिको समेत आत्यन्तिक आहुति गऱ्यौं। अब हामी आफ्नो सम्पूर्ण जिन्दगानीभर आँसु बहाई बस्छौं, पश्चात्ताप पोख्छौं, यो बाहेक अर्को कुनै पनि उपाय आज हामीसित छैन। तैपनि अब एउटा के कुराको आश लिएर अन्तरको दर्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही बिर्सन सकिन्छ भने अब उप्रान्त संसारका कुनै पनि दिदी-बहिनीले महापराधिनी हामीले जस्तो आफैंले आफ्नो सुख–शान्तिको हत्या गर्ने छैनन्, उनीहरूले हाम्रो जीवनबाट त्यस्तो हुन नदिने शिक्षा लिनेछन् । इत्यादि

अतः मलाई लाग्छ– यसरी आजीवन सदा-सर्वदा स्वयं सुखको साथ रहेर पनि कहिल्यै सुख थाहा नपाउने, तर फेरि कलझगडा वाद-विवाद इत्यादि के गरेर सुख पाइन्छ भनी हरहमेशा सुखको खोजीमा जीवन बिताउने, परन्तु काम बिराएर झन्–झन् बढी दुःख र दर्दलाई डाक्ने अनि उसैको दुःसह डसाइले छट्पटी पर्दा पछुतो गरी बस्ने क्षुद्र जीव हुँ–म ।

स्थिति, स्थान, बेला मौका, दृष्टि इत्यादि अनेकौं कुराको विभिन्नताले गर्दा मानिसहरू 'म' लाई नाना रूपमा देख्छन् । त्यस्तो कुराको एक-दुई उदाहरण यहाँ प्रस्तुत गर्नु प्रासङ्गिक सम्झन्छु ।

साथी श्रीभैरव अर्यालजी 'दोछाया' मा 'म' लाई हेर्न पुग्छन् र त्यहाँ उनी 'म' को दुई भिन्न-भिन्न रूप देख्छन् । अनि उनी आश्चर्य–चकित बन्दै ती दुईमध्ये कुनचाहिं 'म' 'म' हो भनी धरमरमा पर्छन् र अरूसँग बताइमाग्दै उनी भन्दछन्–

'अँध्यारो छ साह्रै नजा है त्यता तँ !
भनी आफूलाई हपाछु स्वयं म,
नटेरी बिरालोसरी लुस्स आफैं
त्यसै नै गएको सधैं देख्दछु म,

हपार्ने म हूँ या नटेर्ने म हूँ खै
मलाई कसैले चिह्नाई दिएनन्
म एकै छु वा एकभित्रै दुई छु
कसैले मलाई बताई दिएनन् !"

यसरी 'अँध्यारोतिर न जा है' भनी हपार्ने खालको भैरवजीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'म' लाई कविशोरमणि श्रीलेखनाथज्यू हाम्रो अन्तर्दिलको पनि भित्रो-भित्री भागमा, जुन ठाउँको निधो गर्न गाह्रो परी शिरोमणिज्यू 'कता-कता' भन्नुहुन्छ, त्यस्तो ठाउँमा साक्षी तथा जीवनभरको बही-खाता जाँची यथोचित फैसला गर्ने इन्साफीको रूपमा देख्नुहुन्छ र उहाँ त्यसैको संकेत निम्नाङ्कित पंक्तिहरूले प्रस्तुत गर्नुहुन्छ–

हाम्रो भित्र कता-कता हृदयमा साक्षी कुनै हुन्छ रे
नीचो काम नगर् भनेर पहिला आवाज त्यो दिन्छ रे
पर्दा जीवनको खस्योः जब अनी लामो बही फुन्छ रे
आफ्नै आँसु झिकी कुकर्म अघिको आफैं तँ धो भन्छ रे

वास्तवमा भन्ने हो भने 'म' विद्वान्–मूर्ख, धनी–गरीब, अग्लो–पुड्को, राम्रो–नराम्रो, सुखी–दुःखी इत्यादि केही पनि होइन । यो कुरा प्रमाणित गरी हेर्न चाहनुहुन्छ भने हेर्नोस्, प्रमाणित हुन्छ । जस्तो सम्झनोस् 'म'लाई विद्वान् बन्न मन लाग्यो रे, त अब उसलाई मूर्खहरूकहाँ लगेर राखिदिनोस् विद्वान् बन्छ ; त्यस्तै मूर्ख बन्न मन लाग्यो भने विद्वान्हरूकहाँ लग्नोस्; धनी बन्न मन लाग्यो भने गरीबकहाँ लग्नोस्, गरीब बन्न मन लाग्यो भने धनीकहाँ लग्नोस्, अग्लो बन्न मन लाग्यो भने पुड्कोकहाँ लग्नोस्, पुड्को बन्न मन लाग्यो भने अग्लोकहाँ लग्नोस्, राम्रो बन्न मन लाग्यो भने नराम्रोकहाँ लग्नोस्, नराम्रो बन्न मन लाग्यो भने राम्रोकहाँ लग्नोस्, सुखी बन्न मन लाग्यो भने दुःखीकहाँ लग्नोस्, दुःखी बन्न मन लाग्यो भने सुखीकहाँ लग्नोस् । यसैले मलाई लाग्छ'म' विद्वान्–मूर्ख, धनी–गरीब, अग्लो–पुड्को, राम्रो–नराम्रो, सुखी–दुःखी जस्तै छोरा–नाति–पनाति वा बाबु–बाजे–बराजु इत्यादि–इत्यादि केही–केही पनि होइन; किन भने छोरा–नाति–पनाति भनूँ भने 'म'लाई बाबु–बाजे–बराजु भन्ने कैयौं आउँदै होलान् फेरि बाबु–बाजे–बराजु भनौं भने मलाई छोरा–नाति–पनाति भन्ने कैयौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छँदैछन् । त्यसैले 'म' केही होइन खालि शून्य ! स्वर्गीय महाकवि श्रीलक्ष्मीप्रसाद देवकोटाज्यूले पनि आफ्नो अन्तिम अवस्थामा बसी त्यसैले होला– 'म शून्यमा शून्यसरी बिलाएँ !' भन्नुभएको !

अथवा, भन्नोस्– 'म' जे पनि हुँ : विद्वान्–मूर्ख, धनी-गरीब, अग्लो-पुड्को, राम्रो–नराम्रोदेखि लिएर छोरा-नाति–पनाति र बाबु–बाजे-बराजु इत्यादि जम्मै ।

अँ, यहाँ मलाई अर्को अनौठो लागिरहेको कुरा के छ भने 'म' हावा, पानी, आकाश, भूमि, घाम–छाया यी सबैको ऋणी रे । त्यसैले त मैले एक सास हावासँग मागी तानी लिएँ भने उसले मसँग ऋण बढ्ता भो भन्ठानेर तुरुन्तै फिर्ता लिइहाल्छ । पानीले त्यसै गर्छ, अलिकति मात्र पिएँ भने पनि मेरो सर्वाङ्ग शरीर छामी छिद्र कहाँ कहाँ छ खोजी निस्किहाल्छ । आकाश उसै गर्छ 'म' भाग्ला भनी जहाँ जहिले पनि छोप्या–छोप्यै गर्छ । भूमिले उफ्रनै दिदैन फेरि तान्छ । अनि घाम र छाया 'म' लाई छाड्दै नछाडी सदा–सर्वदा पछि–पछि लाग्छन् ।

हुन्छ, ए हावा, पानी, आकाश, भूमि र घाम–छायाहरू हो ! तिमी-हरूको ऋण मैले खाएर आएको रहेछु । भैगो, जे भए पनि आइहालें । अब दुई–चार दिन 'म'लाई यहाँ केही बोल्न र आफ्नो काम गर्न देऊ । काम सिध्याइसकेर फर्कंदा 'म'सँग तिमीहरूको जेजति आ–आफ्नो ऋण छ चुक्ता पारी लिन, कसैले सास तान्नू, कसैले जलाएर ज्वालाको ज्योति–घाम लिनू, कसैले बफाएर बाफ–पानी लिनू इत्यादि गरी जे–जति आफ्नो भाग–ऋण छ लिनू है ! . . .

यो त मैले आफ्नो आखिरी अवस्थामा याने यहाँको कामसाम सिध्याएर फर्कने वेलामा आफ्ना साहूजीहरूलाई लिएको ऋण चुक्ता पार्छु भनी कबोल गरेको कुरा भयो । अहिले त्यो अलि टाढाको कुरा छाडूँ र हालको हाल–खबरलाई नै लिऊँ !

मलाई लाग्छ–'त्यो' सबभन्दा टाढा छ, 'ऊ' त्योभन्दा अलि नजीक छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'यो' अझ नजीक छ त 'म' चाहिं सबभन्दा नजीक छु। त्यसैले अरू भन्दा 'म'लाई चिन्न चाँडो सकिन्छ। तर यहाँ 'म'लाई चिन्ने चटारो कसैको पनि छैन। हेर्ने आँखा त छ तर त्यसले 'यो' 'ऊ' र 'त्यो' जस्ता टाढा–टाढाको कुरा मात्र हेर्दछ। त्यस्तो टाढाको कुरा मात्र हेर्ने बानी बसिसकेकोले अब उसलाई 'म' जस्तो नजीकको कुरा हेर्ने मनै लाग्दैन। यसरी आँखा मात्र हैन, किन्तु नाक, कान, हात खुट्टा इत्यादि सारा–सारा काम गर्ने मेरा सानबान-हरू 'म' बाट टाढा टाढा छन्। यसरी आफूलाई वास्तै नराखेकोले अब 'म' यिनीहरूबाट चाँडोभन्दा चाँडो फुत्त फुत्केर भाग्ने तरखरमा छु। तर खै! यिनीहरूको यो प्रबल बन्धनले 'म' लाई कसरी बाँधिराखेको छ भने 'म' उम्कने त के कुरा, उइँक्क चल्न पनि पाउँदिन! हुन त यिनीहरू जम्मै जम्मै नै 'म' बाटै शक्ति पाई यसरी चलतापुर्जा बनिराखेका हुन्, यिनीहरू साराका शक्तिको आदिम स्रोत 'म' न हुँ, तर पनि यिनीहरू मेरो कुनै परवाह राख्तैनन्! अझ उल्टो मलाई नै कहिले कता, कहिले कता दौडाउन खोज्छन्। कोही 'मैले देखें' भन्छ फुलेल बन्छ, कोही 'मैले सुनें' भन्छ गमक्क पर्छ, कोही 'मैले गरें' भन्छ धाक लाउँछ, कोही 'मैले खूब हिंडें' भन्छ रवाफ देखाउँछ, यस्तैमा सबै मस्त छन्। अब त हुँदा हुँदा कतिसम्म भैसक्यो भने मेरो परवाह राख्ने त कुरै छोडूँ यिनीहरू आफैं–आफैंमा पनि कसैले कसैलाई नगन्ने, नपुछ्ने भैसके! यो सब व्यहोरा देख्ता 'म' छक्कमा छु। अब यिनीहरूलाई अरू त के भनूँ तर पनि यति म अझै सम्झाउँछु–ओ! मदोन्मत्त अन्धाहरू हो! भन त, तिमीहरूले त्यो शक्ति कसबाट पाएका हौ?

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुःख र सुख

यस जगत्मा जीव मात्रको जीवन साँच्चै भनौं भने रहस्यै–रहस्यको एउटा बडेमाको पोको हो । यस जीवनलाई जसले परिष्कार गरेर विशुद्ध र विकसित बनाउँदै लग्छ, उसले नै यसभित्रका ती रहस्यहरूको उद्घाटन गरेर देखाई सारा संसारलाई आश्चर्यचकित तुल्याइदिन्छ एवं मन्त्रमुग्ध बनाइदिन्छ । यसरी सबैलाई आश्चर्यचकित पार्ने गरी आफ्नो जीवनलाई परिष्कार गरेर उत्तरोत्तर विशुद्ध र विकसित बनाउँदै त्यसभित्र रहेका रहस्यहरू खोलेर देखाउन सक्ने सामर्थ्यवाला व्यक्ति नै महापुरुष र युगपुरुष बन्दछ; अनि उसैलाई नै पथ–प्रदर्शक उज्ज्वल आलोकको रूपमा अघि लगाई सारा संसार उसैको अनुसरण गर्दछ । त्यस स्तरमा पुगेको, महापुरुष वा युगपुरुषले जे चाह्यो उही गर्न र गराउन पनि सक्तछ । समस्त विश्व उसैको विश्वासमा बस्छ, उसैको आधारमा अड्छ; अर्थात् उसले लडाए लड्छ, अडाए अड्छ, बढाए बढ्छ, हटाए हट्छ, रुवाए रुन्छ, हँसाए हाँस्छ एवं बचाए बाँच्छ र मराए मर्छ पनि । वास्तवमा महापुरुष र युगपुरुषको विशेषता नै यही त हो नि; साधारण व्यक्ति आफूलाई नै न आफ्नो बुद्धि–विवेकले न वा अरू कसैको शिक्षा–सम्पर्कले अघि बढाउन जान्दछन्; तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता महापुरुष र युगपुरुषले चाहिं आफूले आफूलाई मात्र होइन, किन्तु अरू अनेकौंलाई पनि भने जस्तो र चाहे जस्तो बाटोमा भने जस्तै र चाहे जस्तै गरी अघि बढाउन जान्दछन् । त्यस्ता महापुरुष र युगपुरुष संसारमा अरबौंमा एकाध हुन्छन् भने उनको अनुगमन गर्ने अरूचाहिं अरबौं अरब हुन्छन् । संसारको विचित्रता नै यसैमा छ । यहाँ सबै सबै नै महापुरुष र युगपुरुष अथवा सबै सबै नै सामान्य र साधारण बनिदिए भने त सम्पूर्ण संसार एक चित्रको हुन्थ्यो !

तर, त्यो वेला फेरि हामी विचित्रताको खोजीमा लाग्थ्यौं होला ! किन भने आफूसित र आफूकहाँ नभएको र नपाएको कुरा पाउन खोज्नु नै मानव मात्रको नैसर्गिक स्वभाव हो । साँच्चि भनौं भने मानिसको यही नपाएको कुरा पाउने इच्छा र आकांक्षा तथा चेष्टा र प्रयास नै सर्वविध दुःखको आदिम मूल मुहान हो ।

हुन त आफूसँग नभएको कुरा जोरजाम गर्दै जानु तथा आफूकहाँ नपाएको कुरा पाउने प्रयास गर्दै जानु यही त विकासवादको सिद्धान्त हो नि, यसै गरेर आएकोले नै उहिलेको त्यो अति असभ्य र जङ्गली जातिबाट मानिस अहिलेको उच्च, सभ्य र विकसित जातिमा आइपुगेको छ, इत्यादि भन्लान् । तर, त्यस्तो आफूमा भैरहेको र आफूले पहिल्यै पाइरहेको कुराको संरक्षण नगरी, त्यसप्रति कुनै वास्ता नै नराखी नयाँ–नयाँ कुरा पाएँ भनी नाक फुलाएर बस्नु कुनै बुद्धिमानी होइन । यसरी आफैंमा मौजूद कुराको संरक्षणको कुनै ख्यालै नराखी नयाँ–नयाँ कुरा पाउनपट्टि लागिरहँदा हाम्रा के–कति कुरा सूक्ष्म र चाल नपाइँदो तवरले उत्तरोत्तर ह्रास हुँदै गइसके भन्ने थाहा पाउन हामी एकपल्ट आफ्नो मूल–परम्पराको इतिहासतिर यसो सिंहावलोकन गरौं–

सृष्टिको पहिलो बिहानमा प्रजापतिले प्रजाहरूको उत्पत्ति मनैबाट गरे, उसवेला मानसी सृष्टि हुन्थ्यो– जे चाह्यो मनले चितायो कि आइहाल्यो ! त्यसपछि कालान्तरमा पुत्रकामी सामयिक र नैसर्गिक संसर्गबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रादिको जन्म हुने भयो। तर, अहिलेचाहिं देश, काल, परिस्थिति कुनैको ख्याल रहँदैन, केवल कामवासनाबलात् जे जति जहाँ जहिले जसरी चाहियो संसर्ग हुन्छ; त्यतैबाट जन्म हुन्छ। यसरी मानसी सृष्टि–मूलक हाम्रो जन्म उत्तरोत्तर ह्रास हुँदै आज केवल कामवासनामूलक बन्न आइपुगिसकेको छ। हुँदा–हुँदा अब कहीं कतै कालान्तरमा यस्तो नभै जाओस् कि आमा–बाबु दुवै संसर्ग गर्दा–गर्दै त्यसै मरेर जाने र त्यसपछि गर्भभित्रको बीजावस्थाको शिशुलाई झिकेर लगी वैज्ञानिक सुरक्षाबाट जीवित राखी हुर्काई–बढाई ठूलो तुल्याउने ! किन भने एकतिर क्रमशः उत्तरोत्तर भैआइरहेको ह्रासक्रम र अर्कोतिर चरमचूलीतिर चूलिँदै गइरहेको विज्ञानको उन्नतिले असंभव जस्ता कुरालाई धमाधम संभव बनाउँदै ल्याइराखेको विचारेर हेर्दा त्यस्तो हुन असंभवै रहन्छ भन्न सकिन्न।

यस्तै तवरले हाम्रो विद्याको ह्रास हुँदैछ; प्राचीनकालका हाम्रा पूर्वजहरूले हजारौं शाखासहित चारै वेदको अत्यन्त गहिरो अध्ययन–अध्यापन गर्ने गर्थे, केही कालपछि त्यो परम्पराको ह्रास हुँदै गयो, अनि एक–एक जनाले केवल एक–एक वेदको मात्र अध्ययन–अध्यापन गर्न थाले। त्यसपछि वेदका केवल मूल–मूल अंशहरूको मात्र अध्ययन–अध्यापन हुन थाल्यो। अब अहिले भने हामीलाई वेदको त कुरै छाडौं, पढ्नुपर्ने पाठ्यपुस्तकमध्ये अति आवश्यक अंशहरू मात्रको पनि गहन अध्ययन–अध्यापन गर्न अति कठिन मात्र होइन, असंभवै जस्तो भैसक्न थाल्यो। अब हामी स्वयं सोच्न सक्छौं– हाम्रो विद्याको ह्रास कसरी र कुन तवरले हुँदै गइरहेको छ।

यस्तै गरी फेरि हाम्रो जीवन-वृत्तिको पनि उत्तरोत्तर ह्रास हुँदै गैराखेको छ। पहिले शिला खोजेर मात्रै जीवन-निर्वाह गर्थे। त्यसपछि नमागीकन कसैले ल्याइदिएकोमात्र खाएर जीविका चलाउने गरे। त्यसबेला तँ-तँ र म-म, तेरो र मेरो एवं लोभ-लालच इत्यादिको कुनै नाम-निशानै थिएन। अनि त्यस बेला सर्वत्र सुख र शान्तिको साम्राज्य जम्ने नै भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि जब मानिसले खेति-पाति तथा पशुपालन गर्ने काम शुरू गऱ्यो र जब उसमा भएको बल, बुद्धि, विद्या, शक्ति, सामर्थ्य, दाउपेच इत्यादिको सहायताद्वारा आवश्यकताभन्दा बढी संचयन गर्ने प्रवृत्तिले पाइला हाल्यो तब तँ-तँ, र म-म, तेरो र मेरो भन्ने भावनाको साथ-साथै काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य इत्यादिको मुहान पनि फुट्न थाल्यो तथा धनी-गरीब, तल्लो-जात माथिल्लो-जात इत्यादिको तह तह पनि कायम हुँदै गयो। हुन पनि हो, आर्थिक विषमता र निर्धनता देशमा तब नै हुनआउँछन् जब त्यहाँका मानिसहरूमा आवश्यकताभन्दा बढी धन सम्पत्तिको संचयन गर्ने प्रवृत्तिले पाइला हाल्दछ। प्रकृतिले त दिन प्रतिदिन उत्ति नै अन्नपात उत्पन्न गर्छिन् जति हाम्रो भरण-पोषणको लागि आवश्यक हुन्छ, तर यस्तै मानिसहरूले गर्दा अरूलाई कमीको मारमा पर्नुपर्ने हुन्छ। देशमा आइपर्ने भूखमरी, गरीबी आदि जति पनि दुःख र दुर्दशाहरू छन् ती सबैका मूल कारण यस्तै मानिस हुन्। वास्तवमा जात भनेको पनि यस्तै समाजलाई शोषेर धनवान्, सम्पत्तिमान् एवं शक्तिशाली बनेका केही मानिसले दीन-हीन, गरीब, असहाय, निर्बलहरूप्रति हेला गर्दा–गर्दै आफैंआफ बन्न गएको एक किसिमको श्रेणी सिवाय अरू केही होइन भन्ने कुरा सोह्रै आना साँचो हो।

यस किसिमले धनी-गरीब, तल्लो जात माथिल्लोजात इत्यादिको सृष्टि भएदेखि उत्तरोत्तर बढीभन्दा बढी आफैंआफ उत्पन्न भएका दुःखका विषाक्त कीटाणुहरूले मानिसको पछि-पछि लागेर धमाधम डसन थाले। यसरी डसेर भएको घाउमा लगाउन अब मानिसलाई मल्हम चाहियो। त्यो मल्हम पनि पहिले पहिले आपस-आपसमा त्यसै पाइन्थ्यो; पछि-पछि त्यो पनि केही दिएर मात्रै लिन सकिने भयो। यो लेनदेनको व्यवहारमा सुविधा होस् भन्ने हेतुले मानिसले पैसाको चलन चलायो। यसरी चहऱ्याइरहेका दुःखेका घाउहरूमा लगाउन मल्हम लिनको निम्ति अब एकमात्र मूल साधन पैसा नै हुन आयो। अनि मानिसले पैसालाई उत्तरोत्तर बढीभन्दा बढी महत्व दिँदै जाँदा पैसाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महत्त्व बढ्दै गयो र मानिसले पैसा पनि हतपती फसैबाट नपाउने भयो; त्यसको लागि कुनै पैसावालको सेवा उसले गर्नुपर्ने भयो। यसरी अब सेवा-वृत्तिको शुरुआत भयो। तत्पश्चाद् जसै सेवकको संख्या उत्तरोत्तर बढ्दै गयो त सेवाको संख्या स्वतः नै कम हुने भयो। अनि सेवावृत्ति पनि नपाएपछि मानिस निर्वृत्तिक अर्थात् बेकारी रहन थाल्यो; तर उसको आडम्भरिका ती दुःखका घाउहरू मल्हम विना त्यसै आलै रहने भए। अब घाउ छ मल्हम छैन; मल्हम पैसालेमात्र किन्न पाइने, तर पैसा पाइने सेवावृत्ति भने नपाइने यस हालतमा मानिस पैसाको निम्ति जे वृत्ति पनि गर्न अघि सर्ने भयो। पैसाको सामुन्ने कर्तव्य–अकर्तव्य, न्याय–अन्याय कुनैको पनि विवेक नरहने भयो। फेरि पैसाको रोगनले मानिसभित्रका दुराचार, दुष्प्रवृत्ति, अन्याय, अत्याचार, क्रूरता, निर्दयता इत्यादि सबै छोपिएर रहने भए र मानिस चिह्नै पनि गाहारो पर्ने भयो। यसैले गर्दा मानिसको जीवनको मूल उद्देश्य पैसा कमाउनु नै भयो। हुँदा–हुँदै अब त पैसा छ सबै छ, पैसा छैन केही छैन, यस्तो बीभत्स वातावरण आइसक्यो। त्यसैले अब पैसा जुन बाटोबाट र जे वृत्तिबाट फेला पर्छ, त्यही बाटो र त्यही वृत्ति सबले ताक्ने भए। यस स्थितिमा बाटो र कुबाटो सद्वृत्ति र असद्वृत्ति कुनैको पनि ख्याल नरहने भयो। हिजोआज हाम्रो समाजमा यताउतै–जतातते देखापर्ने चोरीवृत्ति, डकैतीवृत्ति, ठगवृत्ति, लुच्चावृत्ति, गुण्डावृत्ति, बदमाशीवृत्ति इत्यादि कुवृत्ति-हरू उपर्युक्त वातावरणका उपज हुन्। अब भन्नोस् स्वच्छ, शान्त, आदर्श र र अमृतमय वृत्तिबाट हामी कुन क्रमले तल झर्दा–झर्दै आज यस किसिमको धूमिल वृत्तिसांकर्यमा ओर्लिसक्यौं! ...

यस्तै गरी हाम्रो आयु, आरोग्य, शक्ति र स्मृति इत्यादिको पनि उत्तरोत्तर ह्रास हुँदै गैराखेको छ उहिले हजारौं वर्ष बाँच्ने उही मानिसका शाखा-सन्तान भएका हामी आज १००वर्षसम्म पनि बाँच्न नसक्ने भैसक्यौं। आरोग्यको कुरा गर्ने हो भने जति बढी मात्रामा विभिन्न औषधिको आविष्कार हुँदैछ, त्योभन्दा बढीमात्रामा रोग र बिरामीहरूको संख्या बढ्दो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । त्यस्तै शतावधान, सहस्रावधान आदि गर्न सक्ने शक्ति हाम्रो हराइसक्यो । स्मृतिकै कुरा पनि के गरौं ! मानिसले आज लिएको कुरा भोलि लिएको छैन आज गरेको काम भोलि गरेको छैन भन्न थालिसक्यो !

यसरी आफूमा भएका कुराको कुनै संरक्षण नगरी उत्तरोत्तर क्रमशः ह्रास हुन दिई नयाँ–नयाँ कुरा हात पर्‍यो भनेर मख्ख परेर बस्नु हाम्रो सबैभन्दा ठूलो भूलको कुरा मात्र हैन, किन्तु सबैभन्दा ठूलो दुःखको कुरा पनि यही हुन्छ । किनभने यसैबाट हामी पछि ठूलो दुःखसागरमा डुब्नेछौं ।

हुन त मानिसमात्र हैन, अपितु संसारका संपूर्ण प्राणी चाहन्छन् यिनै दुई कुरा– दुःखको परिहार तथा सुखको प्राप्ति । तर पनि बाटो विराउनाले र काम बिगार्नाले उनीहरू दुःखमा पर्छन् । फेरि यहाँ अचम्मको कुरा के छ भने जब कुनै प्राणी दुःखमा पर्दछ त्यसवेला उसलाई त्यस दुःखबाट उतार्न वा उत्रन साह्रै–साह्रै गाह्रो पर्दो रहेछ । कारण, दुःखको कस्तो स्वभाव रहेछ भने यसले आफ्नो पञ्जामा परेको शिकारलाई उम्कन नदिन आफ्नो दललाई यति चाँडो डाकेर घेरा हाल्न लाउने रहेछ कि बयानै छैन ।

हुन त एक दृष्टिले हेर्दा हामी अत्यन्तै सुखी छौं । कयौं सामाजिक कुरीति र कुप्रथाहरू, अनगिन्ती धार्मिक अन्धविश्वास र अन्धश्रद्धाहरू एवं अनेकौं अन्धपरम्परा र रूढीहरूबाट आफ्नो बुद्धि र विवेकले उन्मुक्त बन्दै नयाँ–नयाँ खोज र अन्वेषणको सिलसिलामा आज हामी पखेरु भएर चन्द्र र मङ्गलजस्ता अनन्तका स्थलहरूमा समेत यात्रा गर्ने बनिसक्यौं । सन्देह छैन, अझ हामी यस्तै रीतले अघि बढ्दै जान सक्यौं भने अन्तरिक्षमा नयाँ संसारको सिर्जना गरी धरती, आकाश र यिनमाका सम्पूर्ण वैभवको रेखदेख एवं भोग–चलन आदि सबैथोक गर्ने बन्न सक्नेछौं । तर त्यो वेला पनि हामीमा दुःख रही नै रहने छ तथा सुखको तृष्णा पनि उही रूपमा नभए पनि रूपान्तरमा बरु चर्को अवस्थामा हामी अनुभव गर्दै नै रहनेछौं; यो ध्रुवसत्य छ । किन भने रावणले पनि उहिले स्वर्गका सारा अप्सराहरू, इन्द्रको नन्दनवन, कुवेरको ढुकुटी तथा आकाशका सम्पूर्ण ग्रह–नक्षत्रमात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नभई पाताललाई समेत अर्थात् भनौं समस्त विश्ववैभवलाई नै आफ्नो अधीनमा राखेर एकछत्र राज्य गर्दा पनि उनलाई सुख भएन र उनले आफ्नो सुख फेरि तत्कालीन एक साधारण राजकुमारकी धर्मपत्नी सीतामा देखे। त्यतैबाट त्यस किसिमका सम्पूर्ण ऐश्वर्यशाली एवं शक्तिशाली रावणको नराम्ररी पतन भयो।

त्यस्तो कनी-कुथी म मान्छेको मन बहलाउन कल्पना गरी बनाइ-राखेकी पुराणको कुरा कसरी पत्याउने भन्नुहुन्छ भने हाम्रो सामुन्ने नै घटेको हिजो-आजकै घटनालाई लिऔं। अमेरिकाकी सर्व-सुन्दरी विश्वप्रसिद्ध कुशल गायिका एवं अभिनेत्री मर्लिन मुन्रो आफ्नो त्यत्रो ऐश्वर्य-सम्पन्न अवस्थामा, त्यत्रो वैभवले भरिपूर्ण भएको वेलामा किन आत्महत्या गरेर मरिन्! उनले भनेको कुरा र चाहेको कुरा नपुग्ने के थियो? सारा ठूल्ठूला राष्ट्रका राजवादशाहदेखि लिएर साना-साना देशका रंक-रजौटासम्म कसैले पनि उनको कुरा नमान्ने र नसुन्ने भन्ने थिएन; आफ्नो सौन्दर्य, संगीत तथा कला-कुशलताद्वारा उनीले संसारमाथि नै आफ्नो प्रभाव जमाइ-सकेकी थिइन्। तर, उनी आत्महत्या गरेर मरिन्; उनलाई साँच्चिकै सुख शान्ति र आनन्द भएको भए कदापि उनी त्यसरी मर्ने थिइनन्।

खोजी गरेर हेर्‍यो भने यस्ता अनन्त उदाहरणहरू फेला पार्न सकिन्छन्, जुनबाट के स्पष्ट हुन्छ भने भौतिक समृद्धि तथा अत्यधिक धन-सम्पत्ति भएपछि मानिसको विकास रोकिंदो रहेछ, उसको बहुधा नैतिक पतनको आशंका रहँदो रहेछ। आफ्नो चरम समृद्धिको दिनमा नै रोम-शहरको पतन भएथ्यो। यही हाल मिश्र तथा अन्य देशहरूको पनि भयो। भगवान् कृष्णका ऐश्वर्यमदले उन्मत्त वंशज आपस-आपसमै लडेर मरे।

आज पनि यस वैज्ञानिक युगको भौतिक समृद्धिको वेला छ, त्यसैले यसले अतीत इतिहासबाट मिलेको शिक्षाप्रद पाठको पुनः पुनः आवृत्ति गरेर हृदयंगम गर्न वेला छ। नयाँ-नयाँ भौतिक उपलब्धिलाई मात्र जीवनको उद्देश्य नमानी आफूभित्रका आत्मिक वैभवको पनि कदर गरेर त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुचित संरक्षण गर्नुपरेको छ, दुःखको वास्तविक मूल मुहान पत्ता लगाई त्यसको मुख टालेर सुखका स्रोतहरू यत्रतत्र प्रवाहित बन्‌उनुपरेको छ । यसो गर्न आजको युग तब नै समर्थ बन्दछ जब यसले बाहिरिया भूल-भुलैयामा मात्र नलागि अन्तर्मुखी वृत्ति लिएर आफ्नो अन्तरात्माको आवाजपट्टि पनि ध्यान दिन थाल्दछ । यसरि आजको युगले बेला-मौकामा सोचविचार पुऱ्याउन सकेन र काम-कुरा बिगारिहाल्यो भने सुख खोज्ने भैखाएको यसलाई दुःखको दुसह डसाइको मारमा पर्नुपर्नेछ भन्ने कुरा अतीतको इतिहासैबाट पनि प्रमाणित भैसकेको छ । अस्तु–

दुःख र सुख प्राणीमात्रको अनुभूतिको त्यो द्वन्द हो, जसबाट उनको जीवन शुरू हुन्छ । सृष्टिको सर्वोच्च प्राणी मनुष्य पनि केवल यही एक जोडी अनुभूति लिएर यस संसारमा आउँछन् । बच्चाको सानो हृदयमा पहिले दुःख र सुखको सामान्य अनुभूति भर्नको लागि स्थान हुन्छ । पेट खाली हुनु र भरि-भराउ हुनु नै यस्तो अनुभूतिको लागि पर्याप्त हुन्छ । जन-जनको जीवनको शुरुआतमा मूलतः यिनै दुइ चिह्न रुनु र हाँस्नु देखिन्छन् ।

दुःख र सुखको मूल अनुभूतिले नै विषय-भेदको अनुसार क्रोध, करुणा भय, प्रेम, उत्साह इत्यादि मनोविकारको जटिलरूप कसरी धारणा गर्दछ भन्ने कुरा निम्न पंक्तिहरूमा प्रस्तुत गरिन्छ ।

यदि शरीरमा कतै सियोले घोचेको वेदना भयोभने केवल सामान्य दुःख हुन्छ । तर त्यहाँ त्यो सियोले घोच्ने व्यक्ति कुनै छ भन्ने ज्ञान भयो भने त्यस दुःखको भावनाले नै कयौं मानसिक र शारीरिक वृत्तिहरूको साथ संश्लिष्ट भै क्रोधको रूप धारणा गर्दछ । जुन बच्चालाई पहिले आफ्नै दुःखको मात्र ज्ञान थियो, पछि ठूलो भएपछि उसलाई अरू केटा-केटी रोएको देख्ता पनि भित्र दिलमा एक प्रकारको दुःख हुन थाल्दछ, जसलाई दया वा करुणा भन्दछन् । यसप्रकार क्रोध र दया वा करुणा आदि दुःखकै विषयसम्बन्धी निमित्त-भेदले भएका रूपान्तर वा परिणाममात्र हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै तवरले जुन कुरा आफ्नो अधीनमा हुँदैन त्यस कुराको कारण पैदा हुने भावी अनिष्टको निश्चयद्वारा जो दुःख हुन्छ त्यो भय हो । भयको प्रादुर्भाव निश्चयात्मिका बुद्धिबाट मात्रै हुन्छ । नवजात शिशुलाई जसमा यस्तो निश्चयात्मिका बुद्धि हुँदैन, कुनै भय हुँदैन । कतिसम्म भने उसलाई मार्नको निमित्त तरवार उठाए तापनि ऊ अलिकति पनि विचलित बन्दैन । किनभने यो तरवार उठाउनुको परिणाम दुःख हुन्छ भन्ने निश्चय ऊ गर्न सक्तैन ।

दुःखको वर्गमा जो स्थान भयको छ, त्यही स्थान सुखको वर्गमा उत्साहको हुन्छ । भयमा हामी आइपर्ने कठिन स्थितिको नियमले विशेष रूपमा दुःखी र कहिलेकहीं त्यस स्थितिबाट आफूलाई उन्मुक्त पारी बनाउनको लागि विशेष प्रयत्नवान् बन्छौं । उत्साहमा हामी पछि आइपर्ने कठिन स्थितिभित्र प्रस्तुत कर्मसुखैको उमङ्गद्वारा प्रयत्नवान् बन्छौं । फेरि, उत्साहमा कष्ट वा हानि सहने दृढताको साथै कर्ममा प्रवृत्त हुने सुख वा आनन्दको योग रहन्छ । त्यसैले नै उत्साह सुखको वर्गमा राखिन्छ ।

यस तवरले दुःखको परिवारमा क्रोध, करुणा, भय, दर्द, सङ्कट, विकट, आपद्, विपद्, आपत्ति, विपत्ति, पीडा, बाधा, व्यथा इत्यादि र सुखको परिवारमा प्रेम, उत्साह, उमङ्ग, शान्ति सन्तोष र आनन्द आदि पर्दछन् ।

यसरी समस्त जन-जीवनका प्रवर्तक भाव वा मनोविकार नै हुन् भने ती सम्पूर्ण भाव वा मनोविकारका मूल उद्गम स्रोत हुन्- दुःख र सुख । यसरी हुन त जति पनि भाव वा मनोविकार पैदा हुन्छन्, ती सबै दुःख वा सुखकै आधारमा हुन्छन्; तर पनि ती भाव वा मनोविकारहरूको अनुभूति दुःख वा सुखको मूल अनुभूतिसँग समानता राख्दैन । कारण, जस्तो रासायनिक संमिश्रण आफ्ना संयोजक द्रव्यहरूबाट भिन्दै खालको बन्दछ, त्यस्तै नै दुःख वा सुख र तन्निमित्तक विषय-वस्तुका विभिन्नता यी दुवैलाई संयोजक मानेर उत्पन्न हुने भाव वा मनोविकारहरू पनि दुःख वा सुखभन्दा बिलकुल भिन्दै खालका हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन त दुःख र सुखको कसैलाई परिचय दिनु कुनै जरुरत पर्दैन; किनभने संसारका सम्पूर्ण प्राणी यिनै दुई कुराको अनुभूति लिएरै जन्मन्छन् र त्यसैमा आफ्नो सम्पूर्ण जीवन बिताउँदछन् । तर पनि सबैले गरिआएको अनुभूतिको स्मरण दिलाउँदै मलाई यही लेखले लेख्न लगाउँछ– दुःख र सुख दुवै परस्परविरोधी एक किसिमका अनुभूति विशेष हुन् । जसरी प्रिय-वियोग र अप्रियसंयोगबाट आफ्नो आत्मामा प्रतिकूलताको उद्भव भै हामीलाई दुःखको अनुभूति हुन्छ, उसै गरी अप्रिय–वियोग र प्रिय–संयोगबाट आफ्नो आत्मामा अनुकूलताको सिर्जना भै हामीलाई सुखको अनुभव हुन्छ । अर्को कुरा, हामी आफूभन्दा बढी सम्पत्तिमान्‌हरूको उत्कर्ष देखेर आफूले त्यसो गर्न नसकेकोमा दुःखित बन्छौं जस्तो, त्यस्तै अरूहरूको हीनतालाई हेरेर त्योभन्दा आफ्नो हालत राम्रो रहेको पाउँदा सुख र सन्तोषको अनुभव हामी गर्दछौं । यसबाट दुःख र सुख यी दुवै आपेक्षिक कुरा हुन् भन्ने सिद्ध हुन्छ ।

अब हामी दुःख र सुखमा के कति अन्तर छ भन्ने कुरा थाहा पाउन पट्टि लागौं । वास्तविक कुरा गर्ने हो भने दुःख सुखभन्दा धेरै नै माथिल्लो तहको हो; किनभने सुख, शान्ति र आनन्दमा मानिस निश्चल, निस्तब्ध एवं क्रियाहीन भै मख्ख परी बस्छ । यसबारे म आफ्नै आँखाले देखेको एक घटनाको विषयमा चर्चा चलाउनु यहाँ प्रासंगिक सम्झन्छु–

एकदिन नवविवाहिता भर्खरकी आफ्नी तरुनी श्रीमतीलाई शृङ्गार-पटारले सजि–सजाउ बन्न दिई मोटर साइकलको पछाडि राखेर शानसाथ नयाँसडकमा दौडिरहेथ्यो–एक नवयुवक । श्रीमतीजी पनि त्यसबेला असीम आनन्दमा चुर्लुम्म डुबेकी थिइन्, यो स्वभाविकै पनि थियो । अनि त्यसरी आनन्दमा मख्ख परी बसेकी श्रीमतीजी कसरी निश्चल, निस्तब्ध र क्रियाहीन बनिन् भने तिनलाई आफ्नो काँधमाथिबाट पिठ्युँपट्टि सतारिएको नाइलने सारीको सप्को मोटर–साइकलका पछाडिको दौडिरहेको पाँग्राको तारभित्र पसी क्रमशः बेरिंदा–बेरिंदै आफूलाई समेत हलचल गर्न नदिने र हुँदा–हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आखिरमा मोटर–साइकल नै नचल्ने भई रोकिइसकेपछि मात्र त्यस कुराको होश आयो; अनि तिनी व्हसंग भइन्। नयाँसडक जस्तो ठाउँ उतिनखेरि नै मान्छेको जमात वरिपरि जम्मा भैहाल्यो। त्यतिखेर श्रीमान्‌चाहिंलाई कत्रो कत्रो फसाद! न सारी तानेर तान्न सकिन्छ, न श्रीमतीलाई हतपती सारीको वेराइबाट अलग्याई मोटर-साइकलबाट उतार्न सकिन्छ, न त मोटर-साइकल-लाई नै बीच सडकबाट गुडाएर छेउतिर लग्न सकिन्छ!! ...

यसरी सुखमा मानिस मख्ख परी निष्क्रिय बन्दछ, तर दुःखमा मानिस त्यस्तो हुँदैन; उ जस-कसरी भए पनि सतत प्रयत्नशील हुन्छ, क्रियाशील रहन्छ तथा त्यस दुःखबाट छुट्कारा पाउने चेष्टा हरहमेशा गरिरहन्छ, जसले गर्दा उसको शारीरिक, मानसिक, बौद्धिक एवं आत्मिक अन्तः सुप्त शक्ति जाग्रत् भई मजबूतभन्दा मजबूत बन्दै जान्छ। अर्को शब्दमा भनौं, दुःख दर्द वा आपद्–विपद्‌ले मानिसको जीवनमा ठूलो उपकार गरिदिन्छ। धेरैजसो मानिस भीषण दुःखहरूको आघातद्वारा नै आफ्नो जीवनलाई उच्च बनाउनमा समर्थ भएका छन्।

साँच्चि नै हो, दुःखबाट दूर रहने संघर्षले मानिसलाई अति उच्च र उन्नत जीवन दिन्छ। यदि यस संसारका प्रत्येक मानिस राजसी सुखशयल एवं नवाबी ठाँट–बाँटमा पैदा भैदिएको भए तथा उसमा काम गर्ने जिम्मे-वारी नभैदिएको भए मानव-जाति आज पनि निःशंक बचपनकै हालतमा हुन्थ्यो। यदि जो–कोही पनि जन्मैदेखि नै धनी र सम्पन्न हुने भएको भए हाम्रो यहाँ अन्धकार युगको अवस्था रही नै रहन्थ्यो, यहाँको यो समस्त सिर्जना अझै सुषुप्त रहन्थ्यो, सुन–चाँदी अझै पनि खानिभित्रै सडेर गुम्सी नै रहन्थ्यो र आजका यी सभ्य, विकसित एवं उन्नत महादेशहरू अझै पनि जङ्गल र पहाडकै रूपमा अवस्थित रहन्थे। सभ्यताको विकास अरू कुनै कुराबाट यसरी भएन जसरी मानिसको यस दुःखबाट दूर रहने संघर्षद्वारा भएको छ। आफ्नो दीन–हीन हालत सुधार्ने निरन्तरको आवश्यकताले नै मानिसलाई अघि बढ्नको लागि प्रेरित बनाएको छ तथा समस्त मानवजाति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को दृढता एवं चरित्रबलको विकास गराएको छ । इतिहासमा त्यस्ता मानिसहरूको असफलताका कहानीहरू भरिभराउ छन्, जुन-जुनले धन-दौलत एवं सुख-सम्पत्तिबाट आफ्नो जीवनको आरम्भ गरेका थिए । वास्तवमा भन्ने हो भने यो समस्त संसार नै दुःखीहरूबाट सञ्चालित भैराखेको त हो नि ! ...

विश्वविख्यात महान् लेखक स्वेट मार्डेनले दुःखको अत्युत्तम महत्त्व गाउँदै लेखेका छन्– हाम्रो महान्तम शक्ति, हाम्रो सबभन्दा ठूलो सामर्थ्य, हाम्रो प्रकृतिको गहिराइभित्र यसरी लुप्त–गुप्त रहिरहेका हुन्छन्, जुनलाई प्रबुद्ध बनाई बाहिर ल्याउनको लागि प्रायः कुनै ठूलो आपत्ति वा कुनै प्रबल संकष्टको आवश्यकता पर्दछ ।

हाम्रा श्रद्धेय शहीद श्रीशुक्रराज शास्त्रीज्यूले पनि दुःखको मानवोपकारक आन्तरिक एवं सूक्ष्म कार्य–विवरण यसरी प्रस्तुत गरेका छन्-

मानिसहरू जब दुःखले दुःखित हुन्छन्, तब बाह्य रूपले हेर्दा वेदनाले पीडित भएका देखिन्छन, तर सूक्ष्म विचारले हेर्दा दुःखले मानिसहरूको सुधार भई संस्कार भइरहेको हुन्छ ।

फेरि, दुःखमा सुखको भन्दा अझ बढी चमत्कार पनि लुकीछिपी राखेको हुन्छ । हामी परिचित- अपरिचित, सम्बन्धी–असम्बन्धी चाहे जोसुकै होस् त्यसको दुःख देख्ता दुःखित बन्छौं, तर जोसुकै व्यक्तिको सुख देखेर हामी सुखी बन्न सक्तैनौं; केवल उसैको सुख देखेर मात्र हामी सुखी बन्न सक्छौं जो हाम्रो आफन्त छ, मिलनसार मित्र छ अथवा अत्यन्त सज्जन, शीलवान्, सच्चरित्रवान् हुनाको कारण समाज वा देशको हितकारी छ ; यसबाट के स्पष्टिन्छ भने अर्काको दुःखबाट दुःखी हुनाको नियम अत्यन्त व्यापक छ, तर अर्काको सुख देखेर सुखी हुनाको नियम तदपेक्षया परिमित छ । अर्काको सुख देखेर हामीलाई जो आनन्द हुन्छ, त्यसमा न कुनै वेग हुन्छ न त कुनै प्रेरणा वा उत्तेजना नै, तर अर्काको दुःख देखेर हामीमा सहानुभूति-सूचक एक किसिमको उत्प्रेरक भाव पैदा हुन्छ जसले गर्दा त्यो दुःख-निवारणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खामतलाशीमा हामी लाग्दछौं ।

संसारमा प्रत्येक प्राणीको जीवनको उद्देश्य दुःखको निवृत्ति र सुखको प्राप्ति हो भन्ने कुरा पहिले नै बताइसकियो। यसैले सबैको उद्देश्य एकै ठाउँमा जोडयौं भने संसारको उद्देश्य दुःखको निराकरण र सुखको स्थापना नै हुन्छ। यसकारण जुन कर्मबाट संसारको यस उद्देश्यको पूर्ति हुन्छ, त्यसैलाई शुभ कर्म वा सत्कर्म भने हुन्छ ।

सुखको खोज मानव-प्रकृतिको मूल अङ्ग हो। तर, के भन्नु ठीक पर्दैन भने हाम्रा सबै काम-काज सुखकै इच्छाद्वारा प्रेरित हुन्छन् । मानिसमा यदि एकातिर भोग-प्रवृत्ति हुन्छ भने अर्कोतिर उसमा त्याग-प्रवृत्ति पनि हुन्छ, जसद्वारा ऊ आफ्नो सुखलाई छाडेर भए पनि परोपकार र परसुखको लागि अग्रसर हुन्छ। आमा आफू भोकै बसेर पनि बच्चालाई खुवाउँछिन् र उनी यसैमा आफ्नो सुख सम्झन्छिन् ।

सुखको अर्थ हो जीवनको सही ढङ्गले सामना गर्नु । जो मानिस यसको गलत ढङ्गले सामना गर्दछ, ऊ कहिल्यै सुखी बन्न सक्तैन, चाहे ऊ जतिसुकै धनवान् र सम्पत्तिमान् किन नहोस् ।

सम्पूर्ण उच्चतम सुख, शान्ति र आनन्दको लागि आवश्यक छन्- अन्तःकरण निर्मल हुनु, जीवन पवित्र हुनु एवं स्वार्थ, डाह, ईर्ष्या, घृणा, लोभ आदिको अभाव हुनु ।

जुन मानिसको अन्तःकरण निर्मल छैन, जीवन पवित्र छैन एवं स्वार्थ, डाह, ईर्ष्या, घृणा, लोभ आदिले उसलाई वशीभूत बनाइराखेको छ त्यस्तो मानिस कहीं पनि कहिल्यै पनि सुखी बन्न सक्तैन । किन भने त्यस्ता कुराहरू रहेका खण्डमा शान्ति, तृप्ति, सन्तोष, आनन्द इत्यादि जति पनि सुखका परिवारहरू छन्, तीमध्ये कुनै पनि जीवित रहन सक्तैनन् ।

संसारमा सीधा, सादा, सरल, शुद्ध, सच्चा एवं उपयोगी जीवन जसले बिताउन सक्तछ, वस्तुतः सच्चा र वास्तविक सुखको उपभोक्ता उही नै बन्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सीधा र सच्चा काम, अपनो पूरा कोशिशले गरेको प्रयत्न, काँढाको स्थानमा फूल फुलाउने हार्दिक अभिलाषा, अरूलाई आफ्नो जीवनद्वारा पहिलेको भन्दा अझ बढी सुखी बनाउने सच्चा इच्छा र आकांक्षा यी नै वास्तविक सुखका उपाय हुन् ।

ज-जसले उपर्युक्त मार्ग र उपायहरूद्वारा आफ्नो जीवन सुखमय बनाइसकेका छन्, त्यस्ता आफ्नो लक्ष्यमा पुगिसकेका सफल र विजयी व्यक्तिहरूलाई त मेरो केही भन्नु छैन; ती बाहेकका जति पनि दुःखीजनहरू छन्, तिनीहरूको दुःखमा म यति अवश्यै भन्दछु –

दुःखको भित्र गर्भमा सुख उसै गरी लुकी-छिपी रहेको हुन्छ जसरी तमिस्राको गाढ अन्धकारमा उषाको उज्वल किरण । खालि विहानीपखको सुनौला मौका नगुमाउने गरी 'तमसो मा ज्योतिर्गमय' को भावनाले अन्तर्दिलैदेखि उत्प्रेरित भएर जुर्मुराई उठ्न सक्नुपर्दछ, तब उषाको सुमधुर मुस्कानमा सुखले स्वयं आलिंगन गर्न आउँछ ।

इति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो परिचय : आफ्नै कलम

कुमारबहादुर जोशी

वि. सं. १९९८ पौष २३ गते तदनुसार सन् १९४१ डिसेम्बर ८ तारीखका दिन काठमाडौंको चावहिल बजारमा स्वर्गीय कविराज शेरबहादुर-को नाती तथा कविराज प्रेमबहादुर जोशी र जुलुममायाको माहिलो छोरोको रूपमा जन्म । पिताजीको असामयिक निधन भएपछि ६-७ वर्षको सानै उमेरदेखि नै दुःखसंग सङ्घर्ष गर्दै आइरहेको । अनि आफ्नी विधवा आमाको ममतापूर्ण स्याहार-सुसार र आफ्ना जेठाबाबु स्वर्गीय कविराज नीरबहादुर जोशीको स्नेहपूर्ण लालन-पालनबाट हुर्केको ।

प्रारम्भिक शिक्षा आफ्नो चावहिलको घरमै हासिल गरेपछि ४-५ वर्षसम्म स्वर्गीय कविराज शमशेरबहादुर मिश्रसंग आयुर्वेदको अध्ययन । त्यसपछि टङ्गाल गैह्रीधारामा बनारसबाट आइपुग्नुभएका आफ्ना कुलगुरु विद्वच्छिरोमणि साहित्याचार्य स्वर्गीय पं. कुलचन्द्र गौतमकहाँ पढ्न भनी जाँदा उहाँ आफू वृद्ध हुनुभएकोले उहाँमार्फत उहाँकै शिष्य विशालनगर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चण्डोलनिवासी स्वर्गीय कविराज उमानाथ आचार्यसँग ३-४ वर्ष संस्कृतको अध्ययन, तत्पश्चात् सन् १९६२सम्ममा रानीपोखरी संस्कृत प्रधान पाठशाला-मा पढी दर्शन पूर्वमध्यमा र संस्कृत महाविद्यालय पुतलीसडकमा अध्ययन गरेर दर्शन सम्पूर्ण उत्तरमध्यमा दुवै परीक्षा प्रथम श्रेणीमा पास। यसै वीच नेपाली निजामति मध्यमपरीक्षा, आयुर्वेद वैद्य परीक्षा र एस्. एल्. सी. परीक्षाहरूमा पनि उत्तीर्ण अनि त्रिभुवन विश्वविद्यालयबाट सन् १९६४ मा शास्त्री र सन् १९६७ मा नेपाली एम. ए. परीक्षा दुवै द्वितीय श्रेणीमा पास। अंग्रेजीतर्फ आई. ए. सम्मको अध्ययनपछि 'शास्त्री' को अतिरिक्त अंग्रेजीपत्रको परीक्षामा सम्मिलित।

किशोरावस्थादेखि नै साहित्य र सङ्गीततर्फ विशेष झुकाउ। नेपालका विभिन्न साहित्य-सम्मेलनहरूमा सुनाइएका कविता तथा निबन्धहरूमा सुवर्ण, रजत आदि पदकहरू, प्रमाणपत्रहरू तथा पुरस्कारहरू प्राप्त। खास गरी गीत-कविता, लेख-निबन्ध, जीवनी र समालोचनाहरूको लेखपढमा अभिरुचि।

वि. सं. २०१७ देखि अध्यापन क्षेत्रमा प्रवेश। प्रारम्भमा ४-५वर्ष 'मित्र सहशिक्षालय' र केही महीना 'मित्र-रात्री-शिक्षालय' चावहिलमा तथा एकाध वर्ष 'परोपकार आदर्श हाई स्कूल' भीमसेन स्थान, काठमाडौंमा अध्यापन। एकाध वर्ष मेची अञ्चलको इलाममा 'नर्मल स्कूल केन्द्र' को सीनियर इन्स्ट्रक्टर तथा 'गोरखापत्र' को जिल्ला संवाददाता। अनि २०२२ सालको आखिरीतिर रायल नेपाल एकेडेमी, हाल नेपाल राजकीय प्रज्ञा प्रति-ष्ठानमा गजेटेड तृतीय श्रेणीको लोक साहित्य अन्वेषक र अनि एकेडेमीबाटै कर्णाली अञ्चलमा एक्लै खटिएर गई ४-५ महीनासम्म लोकगीत, लोककथा तथा लोकसंस्कृतिको संग्रह र अनुसन्धान। यसरी सयौं चक्का टेप, टेपरि-कर्डर, ब्याट्रीमसला लगायत हजारौं रुपियांको सामान र साथै नगद रकम समेत बोकी एक्लै त्यसवेलाको कर्णाली अञ्चल जस्तो दुर्गम र विकट ठाउँमा पैदल हिंडी ज्यानको समेत वाजी लगाएर दुई चार गहकिला पुस्तक तयार हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[४] वाल्मीकि विद्यापीठपुस्तकालयः

ञ्चालका लोकगीत, लोककथा तथा लोकसंस्कृतिका संग्रह र अनुसन्धान गरी काठमाडौं फर्केको शिरपाउस्वरूप केही महीनामै योजनाको अवधि टुङ्गिए-को भनी एकेडेमीबाट अवकाश मिलेदेखि केही समयसम्म ढाक्रे । त्यसपछि तत्कालीन 'त्रिभुवन स्मृतिग्रन्थ समिति' का अध्यक्ष कविवर सिद्धिचरण श्रेष्ठको स्नेहपूर्ण सहानुभूतिद्वारा 'त्रिभुवन स्मारक समिति' मा सहायक सम्पादक भई केही महीना 'त्रिभुवन स्मृतिग्रन्थ' (हाल प्रकाशित) को सम्पादन । तदुपरान्त एक-दुई वर्ष 'जुद्धोदय पब्लिक हाईस्कूल' क्षेत्रपाटीमा अध्यापन । अनि दुई वर्षजति जनता महाविद्यालय, विजौरी दाङमा नेपाली-को प्राध्यापक हाल नेपाल युवक महाविद्यालय, पकनाजोल, काठमाडौंको कला विभागको विभागीय प्रमुख भै काम गर्दै र साथै त्रिभुवन विश्वविद्या-लयबाट विद्वद्वृत्तिसहितको रिसर्च फेलोशिप प्राप्त गरी त्रि, वि. नेपाली विभागका विभागाध्यक्ष डा. श्रीताराप्रसाद जोशीज्यूका निर्देशनमा स्वर्गीय महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित साहित्यिक कृतिहरूमा अनुसन्धान गर्दै ।

वाल्मीकि विद्यापीठ

१२१८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१0 चैत्र 2039

आवरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्युपयोगी केही निबन्ध कृति

आफ्नो बाँसुरी आफ्नै गीत	४।६०	माधव घिमिरे
एक विसाउनी	६।५०	रामकृष्ण शर्मा
जुँगा	३।७५	हृदयचन्द्र सिंह प्रधान
नमस्ते	३।	तारा शर्मा
नेपाली जनजीवन	१३।८०	नगेन्द्र शर्मा
साझा निबन्ध	१३।७५	सं. भैरव अर्याल
माटोका केही बुँदाहरू	६।६०	प्यासी

सा प्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu